सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ वैशाख २०८०, शुक्रबार (12 May 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

खाण र रायमाझीसहितका अभियुक्तविरुद्ध तीन मुद्दाको तयारी, साढे १२ वर्षसम्म हुन सक्छ कैद

संगठित अपराध र ठगी मुद्दामा अनुसन्धान भइरहेकामा अब सरकारी दस्तखत किर्तेसम्बन्धी मुद्दा पनि थपिँदै



● **तुलसी भट्ट**, वरिष्ठ अधिवक्ता

यो त मानवताविरुद्धको अपराध हो। यसमा मानव बेचबिखनसम्बन्धी कसुर पनि आकर्षित हुन सक्छ।

नवराज मैनाली/नयाँ पत्रिका

राज्यसंयन्त्रकै सहयोगमा नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर विदेश पठाउने नाममा भएको ठगीमा पक्राउ परेकालाई कम्तीमा तीनवटा मुद्दा चलाइने भएको छ। ती मुद्दामा अभियुक्तहरूलाई साढे १२ वर्षसम्म कैद सजाय हुन सक्छ।

प्रहरीले हाल संगठित अपराध र ठगी मुद्दामा अनुसन्धान गरिरहेको छ। त्यसमा सरकारी दस्तखत किर्तेसम्बन्धी मुद्दा पनि थपिनेछ सम्भावना रहेको स्रोत बताउँछ। शरणार्थीसम्बन्धी गोप्य प्रतिवेदन नै किर्ते भएको र गृह मन्त्रालयको नामबाट नक्कली शरणार्थी परिचयपत्र जारी भएकाले त्यसमा किर्ते मुद्दा थपिन लागेको हो।

ठगी मुद्दामा सात वर्षसम्म कैद सजाय हुने प्रावधान छ। मुलुकी अपराध संहिताको दफा २५ को परिच्छेद २१ मा ठगीसम्बन्धी कसुरमा हुने सजाय उल्लेख छ। त्यसको दफा ३ (ग) अनुसारको माग दाबी लिने प्रहरीको तयारी छ। जसमा सात वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिवानाको प्रावधान छ। लिखितसम्बन्धी कसुरमा सात वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ।

एकै व्यक्तिलाई एकभन्दा धेरै कसुर लगाउँदा जुन कसुरमा धेरै सजाय हुन्छ, त्यही लागू हुन्छ। यस किसमको ठगी र लिखत किर्तेमा सात-सात वर्ष सजाय हुने प्रावधान छ। त्यसमा संगठित अपराधबापत थप ५० प्रतिशत सजाय हुनेछ। संगठित अपराध निवारण ऐन, २०७० मा प्रचलित कानुनअनुसार हुने सजायमा थप ५० प्रतिशत सजाय हुने प्रावधान छ। साथै, सरकारी ओहोदामा बसेर ठगी गर्नेविरुद्ध थप दुई वर्ष सजाय हुने कानुनी व्यवस्था छ। सबै अभियुक्तलाई न्यूनतम साढे १० वर्ष कैद सजाय माग गर्ने

» पृष्ठ ११ मा क्रमशः

● एउटै अभियुक्तलाई धेरै कसुरमा मुद्दा चलाउँदा जुन कसुरमा धेरै सजाय हुन्छ, त्यही लागू हुने कानुनी छ। ठगी र लिखित किर्तेमा सात-सात वर्ष सजायको व्यवस्था छ। संगठित अपराधमा संलग्नलाई थप ५० प्रतिशत सजाय हुन्छ। अर्थात् साढे तीन वर्ष थपिनेछ। यसबाहेक सरकारी ओहोदामा बसेर ठगी गर्नेलाई थप दुई वर्ष सजाय हुने व्यवस्था छ।

● ठगी मुद्दामा बिगो असुल गरी पीडितलाई भराइनेछ। अभियुक्तहरूलाई फरक-फरक बिगो कायम गरी मुद्दा चलाउने प्रहरीले तयारी गरिरहेको छ।






भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण कसुरमा पनि छानबिन हुने

अन्य उच्चपदस्थमाथि प्रमाण जुटाउँदै प्रहरी

गृह मन्त्रालयमै थपियो ८७५ जनाको नाम

■ प्रहरी हिरासतमा पुग्दासमेत कांग्रेसले गरेन खाणलाई कारबाही

खाणको पनि मोबाइल फर्म्याट

रिकभरका लागि प्रहरीले प्रयोगशाला पठायो



ठगी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाणले पनि मोबाइल पनि फर्म्याट गरेको पाइएको छ। 'डेटा रिकभर'का लागि प्रहरीले उनको मोबाइल प्रयोगशालामा पठाएको छ। यसअघि नै पक्राउ परेका तत्कालीन गृहसचिव टेकनारायण पाण्डेको पनि 'डेटा रिकभर' गरेर धेरै प्रमाण जुटाएको थियो। आर्थिक लेनदेनका सन्दर्भमा खाणले हवाट्स एपमा पठाएका म्यासेज पाण्डेको मोबाइलमा भेटिनु, तर सोही म्यासेज खाणको मोबाइलमा नभेटिएपछि प्रहरी 'डेटा रिकभर' गर्ने निष्कर्षमा पुगेको हो। डेटा रिकभर भएपछि थप उच्चपदस्थको पनि संलग्नताबारे अनुसन्धानले नयाँ मोड लिने आशामा प्रहरी छ। प्रहरीले खाणको मोबाइलको कल डिटेल रिपोर्ट भने पक्राउअघि नै उतारिसकेको छ।

बैठकमा देउवाले भने, **'छलफल गर्दै जाऊँ, जे उपयुक्त हुन्छ, त्यही गरौंला'**




पदाधिकारी बैठकमा महामन्त्री गगन थापाले भुटानी शरणार्थी प्रकरणमा पार्टीको साझा धारणा बनाउन माग गरेका थिए। 'केपी ओलीले यो प्रकरणमा सदनमा बोल्छु भन्नुभएको छ। एमालेले आफ्नो धारणा राख्दै गर्दा हामीले पनि हाम्रो धारणा बनाउनुपर्छ। हाम्रो धारणा के हो ? के बोल्ने ? के भन्ने ?' उनको प्रश्न थियो। जवाफमा सभापति शेरबहादुर देउवाले 'यस विषयमा छलफल गर्दै जाऊँ, जे उपयुक्त हुन्छ त्यही गरौंला' भनेका थिए।

कमलराज भट्ट/नयाँ पत्रिका

कांग्रेस नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई शरणार्थीका नाममा भएको ठगी प्रकरणमा प्रहरीले पक्राउ गरिसक्दासमेत पार्टीले आन्तरिक कारबाही गरेको छैन। जब कि पार्टीभित्रै उनलाई जिम्मेवारीबाट निलम्बन गरेर अनुसन्धानमा सघाउनुपर्ने जोडदार आवाज उठिरहेको छ।

बिहीबार सभापति शेरबहादुर देउवाको निवासमा बसेको पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकमा उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालगायतले खाणलाई जिम्मेवारीबाट मुक्त गराएर अनुसन्धानलाई सघाउनुपर्ने बताएका थिए। 'अधिकांश पदाधिकारी खाणलाई निलम्बन गर्नुपर्ने पक्षमा उभिनुभएको छ। पार्टीले निलम्बन गर्नेभन्दा पनि उहाँ (खाण) आफैं जिम्मेवारीबाट अलग भइदिए अझ राम्रो हुन्थ्यो भन्ने थियो,' बैठकमा सहभागी एक पदाधिकारीले भने।

» पृष्ठ ११ मा क्रमशः

■ सन् २०१५ यता दुईपटक प्रधानमन्त्री भइसकेका एमाले अध्यक्ष ओलीले पार्टी बैठकमा भने-

सन् २०१२ देखि नै ठगी गिरोह संलग्न थियो, ४ जेठमा प्रमाणसहित संसद्मा बोल्छु



शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भन्दै गिरोहले सन् २०१२ देखि नै ठगी गरिरहेको र त्यसबारे आफूले अध्ययनसँगै प्रमाण जुटाइरहेको बताएका छन्। आगामी ४ जेठको संसद् बैठकमार्फत त्यसबारे देशलाई जानकारी गराउने उनको भनाइ छ। उनी आफैं सन् २०१५ यता दुईपटक प्रधानमन्त्री भएर देश चलाइसकेका छन्।

'सन् २०१२ पछि विभिन्न गिरोह सक्रिय भएको पाइन्छ। त्यसको तथ्य-प्रमाण खोजिरहेको छु। सम्भवतः तथ्य-प्रमाणसहित ४ (जेठ) गते संसद्मा बोल्छु र जानकारी गराउँछु,' बिहीबारबाट सुरु भएको केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै ओलीले भने, 'त्यतिबेला शरणार्थीका नाममा

» पृष्ठ ११ मा क्रमशः

निराशा र आक्रोशले अराजक रूप लिने एमालेको आशंका



रास्वपाको आकर्षणप्रति ओलीको समीक्षा : जनअसन्तुष्टिलाई राम्रैसँग प्रयोग गर्न सक्छ, तर समाधानको विकल्प दिन सक्दैन (पृष्ठ ३)

प्रचण्ड शक्तिको सिंहावलोकन



नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने दलालविरुद्ध निर्धक्क छानबिन गराउने जुन हिम्मत प्रधानमन्त्री प्रचण्डले देखाए, त्यो प्रशंसनीय छ

देशकाल ● किशोर नेपाल (लेख पृष्ठ ६)

फ्री भिसा फ्री टिकट : कार्यान्वयन, न नियमन

वैदेशिक रोजगारीका लागि १७८ वटा मुलुक खुला, तर १० वटासँग मात्रै श्रम सम्झौता (लेख पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

खटाएको कार्यालयमा सात दिनभित्र नजाने कर्मचारीलाई अब कारबाही

सुवास भट्ट/नयाँ पत्रिका

खटाएको कार्यालयमा जान अटेरी गरिरहेका कर्मचारीलाई सरकारले सात दिनभित्र रमाना लिएर हाजिर हुन निर्देशन दिएको छ। सरुवा गरिएका, काज खटाइएका तथा फिर्ता गरिएका, स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतका रूपमा कामकाज गर्न खटाइएका संघीय कर्मचारीलाई सात दिनभित्र रमाना लिएर सम्बन्धित कार्यालयमा हाजिर हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन दिएको हो।

कर्मचारी खटाइएको कार्यालयमा नजाँदा सेवा प्रवाहमै असर परेको भन्दै मन्त्री अमनलाल मोदीले बुधबार मन्त्रालय, आयोग, सचिवालय, कार्यालय, प्रदेश र स्थानीय तह सबैलाई खटाइएका ठाउँमा कर्मचारी पठाउने सम्बन्धमा समय नै तोकेर परिपत्र गर्ने निर्णय गरेका छन्। खटाएको ठाउँमा नजाने कर्मचारीको यकिन संख्या कति छ भन्ने तथ्यांक भने मन्त्रालयसँग छैन। रमाना लिएर हाजिर नहुने कर्मचारीलाई कारबाही गर्नेसम्मको चेतावनी मन्त्री मोदीले दिएका छन्। यस सम्बन्धमा मन्त्री मोदीले पाँचबुँदे निर्णय गरेका छन्।

हालसम्म सरुवा, पदस्थापन, कामकाज र काजमा खटाइएका तथा फिर्ता गरिएका कर्मचारीलाई रमाना लिई सात दिनभित्र त्यसको जानकारी मन्त्रालयलाई गराउने पहिलो निर्णयमा उल्लेख छ। निजामती सेवा नियमावली, २०५० को नियम ४० मा एक स्थानबाट

» पृष्ठ ११ मा क्रमशः



रमाना भई नजाने कर्मचारीलाई उपलब्ध गराएको सेवा, सुविधा र पारिश्रमिक सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखबाट असुलउपर गर्न लेखापरीक्षण गर्ने निकायलाई अनुरोधसहित पत्राचार गर्ने पनि परिपत्रमा उल्लेख छ।

सहायक डिएफओको ७२ लाख ५२ हजार गैरकानुनी सम्पत्ति

साढे ७२ लाख रुपैयाँ स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मध्यपश्चिम क्षेत्रीय वन निर्देशनालय सुर्खेतका सहायक वन अधिकृत विष्णुकान्त मिश्रविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। आयोगले उनी सेवा प्रवेश गरेको १० फागुन ०३६ देखि १६ मंसिर ०७० सम्म अवधिको आम्दानी र खर्चको विश्लेषण गरेको थियो।

उक्त अवधिमा उनको आम्दानी ९६ लाख ६८ हजार देखिएकामा खर्च र लगानी भने एक करोड ६९ लाख २० हजार पाँच सय ३८ रुपैयाँ देखिएको थियो। आम्दानीसँग लगानी तथा खर्च रकम घटाउँदा आउने ७२ लाख ५२ हजार चार सय ८० रुपैयाँ सम्पत्तिको स्रोत नखुलेको भन्दै त्यसैलाई बिगो कायम गरेर अख्तियारले उनीविरुद्ध मुद्दा दायर गरेको हो। गैरकानुनी रूपमा आर्जित सम्पत्तिबाट पत्नी हिरादेवीका नाममा जग्गा किनेर घरसमेत बनाएको देखिएको आरोपपत्रमा उल्लेख छ। बिगो जफत प्रयोजनका लागि हिरादेवीलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ।

रेशम चौधरीको मुद्दा फिर्ता लिन सरकारले ल्यायो विधेयक



नयाँ पत्रिका

टीकापुर घटनामा अदालतबाट दोषी ठहर भई कैद भुक्तान गरिरहेका नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरीको मुद्दा फिर्ता लिन सरकारले कानुन संशोधनको प्रक्रिया अगाडि बढाएको छ। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले बिहीबार संसद् सचिवालयमा केही नेपाल ऐन संशोधन विधेयक दर्ता गर्दै रेशम चौधरीलगायतको मुद्दा फिर्ता लिन सकिने गरी कानुन संशोधनको प्रक्रिया अघि बढाएको हो।

मुद्दा फिर्ता लिएर चौधरीलाई सफाइ दिने सर्तमा नागरिक उन्मुक्ति पार्टी अहिले सरकारमा छ। चौधरीकी श्रीमती रञ्जिता श्रेष्ठ संघ सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रीको जिम्मेवारीमा छिन् भने सुदूरपश्चिम प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार बनाउन उन्मुक्तिले निर्णायक भूमिका खेलेको थियो।

> विप्लव र सिके राउत समूहसँगको सम्झौता पनि कार्यान्वयन हुने

नागरिक उन्मुक्तिसँग भएको सहमतिअनुसार सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ संशोधन गर्न विधेयक ल्याएको छ। दफा ११६ (क) थपेर 'शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने' प्रस्ताव गरिएको छ।

दफा ११६ मा फिर्ता गर्न नमिल्ने मुद्दाको सूची छ। सरकारले ल्याएको विधेयकमा राजनीतिक नेता-कार्यकर्ताविरुद्ध चलाइएका जुनसुकै विचाराधीन मुद्दा फिर्ता लिन मिल्ने गरी व्यवस्था गरिएको छ। 'दफा ११६ मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै राजनीतिक दल वा समूहले मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकोमा त्यस्तो दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन संविधान र प्रचलित कानुनको अधीनमा रही शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धता जनाई नेपाल सरकार र त्यस्तो दल वा समूहबीच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकार वादी भई दायर भएका मुद्दा फिर्ता लिने गरी सहमति भएकोमा त्यस्तो सम्झौताबमोजिम त्यस्ता दल वा समूहका नेता तथा कार्यकर्ताविरुद्ध चलाइएका जुनसुकै मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भए पनि फिर्ता लिन बाधा पर्ने छैन,' विधेयकमा भनिएको छ।

मुलुकी फौजदारी अपराध संहितामा नकारात्मक र सकारात्मक सूचीका मुद्दा छुट्याइएर सकारात्मक सूचीमा रहेका मुद्दा अहिले पनि अदालतको सहमतिमा फिर्ता लिन सकिने प्रावधान छ। नकारात्मक सूचीका मुद्दा फिर्ता लिन नमिल्नेमा 'राजनीतिक प्रकृतिका मुद्दा फिर्ता लिन मिल्ने' भन्ने प्रावधान राखेर चौधरीको मुद्दा फिर्ता लिन लागिएको हो। 'अमानवीय

» पृष्ठ ११ मा क्रमशः

खाणको हिरासत डिएसपीको कार्यकक्ष


सर्वसाधारण अभियुक्त एउटै कोठामा ४० जना, खाणलाई भने प्रहरी हाकिमको कोठा

टेकराज थामी/नयाँ पत्रिका

जिल्ला प्रहरी परिसर काठमाडौंको आफ्नै हिरासत कक्ष छ। जहाँ परिसरले अभियुक्तहरूलाई थुन्ने गर्छ। तर, नक्कली भुटानी शरणार्थी ठगी प्रकरणमा पक्राउ परेका कांग्रेस नेता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई भने परिसरले बेग्लै बसाइको व्यवस्था गरिदिएको छ।

खाणलाई परिसरको हिरासतमा नराखी डिएसपी भरतबहादुर शाहको कार्यकक्षमा बस्ने व्यवस्था मिलाइएको हो। शाह तेस्रो वरीयताका अधिकृत हुन्। प्रहरीमा वरीयताअनुसार कार्यरत अधिकृतको कोठा तोकिन्छ। कोठामा सुविधा पनि सोहीअनुसार हुन्छ। जसअनुसार परिसरस्थित १ नम्बर कोठा कार्यालय प्रमुख एसएसपी दानबहादुर कार्कीको कार्यकक्ष हो। २ नम्बर कोठामा एसपी सीताराम रिजाल बस्छन्।

खाणलाई राख्ने भएपछि प्रहरीले शाहको कार्यकक्षमा राखिएका टेबुल-कुर्सी खाली गरेर सुत्ने खाटको व्यवस्था गरिदिएको छ।



कोठामा डिएसपीका लागि राखिएको सोफा भने हटाइएको छैन। फराकिलो कोठामा खाण एक्लैका लागि बस्ने प्रबन्ध मिलाइएको छ।

खाणलाई ओछ्ने-ओछ्याउने भने घरबाटै आएको छ। खाना पनि घरबाटै ल्याइन्छ। पानी भने प्रहरीले कोठामै उपलब्ध गराएको छ। नित्यकर्म तथा 'फ्रेस' हुनका लागि उनलाई जुनियर प्रहरी अधिकृतको ट्वाइलेट तथा बाथरुम प्रयोग गर्न दिएको छ। अति आवश्यकबाहेकका व्यक्तिसँग भेटघाट रोके को छ। प्रहरी परिसर काठमाडौंका एसएसपी दानबहादुर कार्कीले भने, 'उहाँ परिसरकै हिरासतमा हुनुहुन्छ। स्वास्थ्य र सुरक्षाका कारण उहाँका लागि केही विशेष प्रबन्ध गरिएको हो। यसमा अन्यथा केही होइन।'

परिसरले अन्य सर्वसाधारण अभियुक्तका लागि एउटा मात्रै थुनुवा कक्षको प्रबन्ध गरेको छ। जहाँ दैनिक कम्तीमा ४० थुनुवा रहने गर्छन्। उनीहरू बस्ने कक्ष साँघुरो त छ नै, हावा आउजाउ गर्ने 'भेन्टिलेसन'को समेत प्रबन्ध छैन। त्यसो हुँदा कोठा सधैं उकुसमुकुस हुने गर्छ।

सहरी यातायात ऐन ६ महिनासम्म कागजमै सीमित

शिवहरि घिमिरे/नयाँ पत्रिका

सहरी सार्वजनिक यातायातलाई सुधार गर्ने गरी संसद्ले गत असोजमा सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण ऐन पास गरेको थियो। उक्त ऐन असोजमै प्रमाणीकरणसमेत भएको थियो। तर, सरकारले ऐन कार्यान्वयनमा चासो नदिँदा ६ महिनादेखि अलपत्र छ।

ऐन लागू नहुँदा सहरी सार्वजनिक यातायात अस्तव्यस्त र भद्रगोल बनिरहेको छ। जसको प्रत्यक्ष मार सर्वसाधारणले भोगिरहेका छन्। ऐन कार्यान्वयन नहुँदा सर्वसाधारणले निजी क्षेत्रको मनपरी, चर्को भाडा, सहचालकबाट दुर्व्यवहार, कोचाकोचमा यात्रा गरिरहेका छन्। 'सार्वजनिक यातायात प्रयोगकर्ताको दुःख कम गर्न ऐन त बन्यो, तर कार्यान्वयनमा सरकारको ध्यान पुगेन,' यातायतविज्ञ आशिष गजुरेलले भने, 'ऐन कार्यान्वयन नहुँदा सार्वजनिक यातायात झन् अस्तव्यस्त बनिरहेको छ।'

उनका अनुसार यात्रुहरू व्यक्तिगत सवारीसाधनमा निर्भर हुँदै गइरहेका छन्। जसका कारण मुलुकको व्यापार घाटा बढ्दो छ। जति धेरै निजी सवारीसाधन, त्यति धेरै पेट्रोल तथा डिजेलको आयात गर्नुपर्ने भएकाले नेपालको ठूलो रकम त्यसमा बाहिरिँदै आइरहेको छ। सवारीसाधनको संख्या बढी हुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको छ। 'सडक निर्माणमा जति पनि खर्च गरेका छौं, त्यसको प्रत्याभूति जनताले गरेका छैनन्,' यातायातविज्ञ गजुरेलले भने, 'सवारीसाधन व्यवस्थित नहुँदा समस्या भइरहेको छ, त्यसकारण ऐन पास भएर त्यसमा लेखिएको कुरा लागू हुनुपर्छ, अनि मात्रै यातायात व्यवस्थित हुन्छ।'



के छ ऐनमा ?

ऐनमा देशभरि भएका सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने र यातायातको मात्रै नियमन गर्ने सार्वजनिक यातायात प्राधिकरण गठन गर्नुपर्ने व्यवस्था छ। सहरी क्षेत्रको यातायात सेवालाई सहज, पहुँचयोग्य, यात्रुमैत्री, विश्वसनीय, एकीकृत यातायात प्रणालीको व्यवस्थापन प्राधिकरणको आवश्यकता रहेको ऐनमा उल्लेख छ। यो ऐन ०७९ असोज ९ गते प्रमाणीकरण भएको थियो। त्यसको ३१औं दिनपछि ऐन प्रारम्भ भए पनि यसको कार्यान्वयन भने हुन सकेको छैन। प्राधिकरण गठन गर्ने र उक्त संस्थाले बस बिसौनी, पार्किङ, नयाँ सवारीसाधन थप गरिनुपर्नेबारे पनि ऐनमा उल्लेख गरिएको छ।



● शिवप्रसाद नेपाल
प्रमुख, विकास सहायता महाशाखा

नियमावली र मापदण्ड निर्माण सकिएपछि मात्रै ऐन कार्यान्वयन हुन्छ। सहरी क्षेत्रमा सार्वजनिक यातायात सञ्चालन गर्ने यो नयाँ अवधारणा हो। यो लागू भएपछि सहरी यातायात व्यवस्थित हुन्छ, देशभरिको यातायातमा सर्वसाधारणको आकर्षण बढ्छ।



● आशिष गजुरेल
यातायातविज्ञ

सार्वजनिक यातायात प्रयोगकर्ताको दुःख कम गर्न ऐन त बन्यो, तर कार्यान्वयनमा सरकारको ध्यान पुगेन। ऐन कार्यान्वयन नहुँदा सार्वजनिक यातायात झन् अस्तव्यस्त बनिरहेको छ।

■ प्राधिकरणको काम र कर्तव्य

प्रदेश सरकारले सहरी क्षेत्रभित्रका सार्वजनिक यातायात सेवालाई व्यवस्थापन गर्नका लागि एक वा एकभन्दा बढी नगरपालिकाभित्र सञ्चालन हुने गरी बढीमा सात सदस्यीय यातायात प्राधिकरण स्थापना गर्न सक्ने ऐनमा उल्लेख छ।

प्राधिकरणले सार्वजनिक यातायातसम्बन्धी नीति, एकीकृत यातायात प्रणाली विकास गर्ने, एकीकृत यातायात प्रणाली सञ्चालनसम्बन्धी अध्ययन-अनुसन्धान गर्ने, डिजिटल भाडा तिर्न सक्ने प्रणालीको विकास गर्ने, सार्वजनिक यातायातको नियमित रिपोर्टिङ र अभिलेख राख्ने, विद्युतीय टिकट जारी गर्ने, बस बिसौनी, यात्रु प्रतीक्षालय, यातायातको रुट, शौचालय र पार्किङस्थल निर्धारण गर्ने, वातावरणमैत्री सवारीसाधन सञ्चालन गराउने, सार्वजनिक यातायात सञ्चालन हुने रुटमा बनेका अनधिकृत संरचना हटाउनेलगायत छन्।

■ ट्राफिक प्रहरीले पाँच हजारसम्मको चिट काट्न पाउने

ऐनमा यतायताका साधन नियमन, नियन्त्रण र कारबाही गर्न प्राधिकरण गठनको व्यवस्था छ। यसले ट्राफिक प्रहरीलाई ट्राफिक नियम उल्घंन गर्नेलाई पाँच हजार रुपैयाँसम्म जरिवाना शुल्क लिन सिफारिस गर्न सक्छ। बढी भाडा असुलेर यात्रु ठगेमा, तोकेको भाडा नतिरेमा, यात्रुहरूलाई अमर्यादित व्यवहार गरेमा, प्राधिकरणका कर्मचारीले यात्रुहरूलाई दुर्व्यवहार गरेमा, सवारीसाधनको प्रदूषण जाँच नगराएमा, आफ्नो रुटमा नहिँडेलगायत कसुरमा एक हजारदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सकिने व्यवस्था ऐनले नै गरेको छ।

■ प्राधिकरण गठन हुँदाका फाइदा

जसरी हवाई उडान सेवालाई नेपाल नागरिक उड्डयन प्राधिकरणले नियन्त्रण, नियमन र कारबाही गर्छ, त्यसैगरी सार्वजनिक यातायात प्राधिकरणले पनि यातायात क्षेत्रमा काम गर्छ।

सरकारले देशभरको यातायात प्रणालीलाई नै सुधार गर्ने उद्देश्यसहित यो ऐन पास गरेको थियो। तर, ऐन बनेको लामो समय हुँदासम्म पनि कार्यान्वयन हुन सकिरहेको छैन। यातायातलाई मात्रै हेर्ने 'डेडिकेटेड' संस्था भएकाले यो संस्था तत्काल गठन हुनुपर्ने यातायातकर्मी, व्यवसायी र विज्ञहरूको माग छ। यो संस्था निर्माणएपछि यसले चौबिसै घन्टा सवारीसाधनको निगरानी राख्छ। गल्ती गर्नेलाई कारबाही गर्छ। सबै सार्वजनिक सवारीसाधनको भाडादर, समय सुविधालगायत कुरामा एकीकृत नियम लागू हुन्छ।

■ नियमावली र मापदण्ड निर्माणपछि मात्रै प्राधिकरण बन्छ : मन्त्रालय

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका विकास सहायता महाशाखा प्रमुख शिवप्रसाद नेपालले यसको नियमावली र मापदण्ड निर्माणको चरणमा रहेकाले यो काम सकिएपछि मात्रै ऐन कार्यान्वयन हुने र प्राधिकरण गठन हुने बताए। 'सहरी क्षेत्रमा यातायात सञ्चालन गर्ने यो नयाँ अवधारणा हो। यो लागू भएपछि सहरी यातायात व्यवस्थित हुन्छ, देशभरिको यातायातमा सर्वसाधारणको आकर्षण बढ्छ,' उनले भने, 'यो विदेशतिर चलेको अवधारणा पनि हो, फाइदा धेरै देखिए प्राधिकरण गठन गरेर अघि बढ्दा राम्रो हुन्छ।' उनले नियमावली र मापदण्ड बनेपछि प्रमुख कार्यकारी अधिकृत नियुक्त गरेपछि मात्रै ऐनले उल्लेख गरेअनुसार यातायात व्यवस्थित हुने बताए।

निजी आवास पुनर्निर्माण र प्रबलीकरणको म्याद असार मसान्तसम्म थप

काठमाडौं/ भूकम्पले भत्काएका निजी आवास पुनर्निर्माण र प्रबलीकरणका लागि समय थपिएको छ। भवन निर्माण विभागअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाइका अनुसार आगामी असार मसान्तसम्मका लागि समय थप गरिएको हो।

इकाइका अनुसार काठमाडौंमा रहेका भूमिहीन तथा भूकम्पबाट विस्थापित लाभग्राहीको हकमा जग्गा व्यवस्थापन भइसकेको लाभग्राहीको आवास निर्माण र पुनरावेदन समितिबाट ९ पुससम्म कायम भएका लाभग्राहीको निजी आवास पुनर्निर्माण र प्रबलीकरण गर्ने समय असार मसान्तसम्म थपिएको हो। इकाइको २४ वैशाखको पत्रअनुसार आवास पुनर्निर्माण तथा प्रबलीकरण सम्पन्न गरी असार मसान्तसम्म विभागअन्तर्गतको सघन सहरी तथा भवन निर्माण आयोजना बबरमहलमा भुक्तानीका लागि निवेदन गर्न आग्रहसमेत गरेको छ।

९ पुस ०७८ मा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विघटनपछि निजी आवास, सरकारी भवन तथा अस्पताल सहरी विकास तथा भवन विभागअन्तर्गतको केन्द्रीय योजना कार्यान्वयन एकाइले गर्दै आएको छ। इकाइको तथ्यांकअनुसार भूकम्पबाट विस्थापित घर-परिवारमध्ये आठ लाख ३२ हजार पाँच सय ८२ लाभग्राहीसँग आवास निर्माणका लागि अनुदान सम्झौता भएको थियो। त्यसमध्ये सात लाख ३३ हजार दुई सय १४ लाभग्राहीले मात्रै सम्झौताअनुसार निजी आवास निर्माण सकेका छन्। ९९ हजार दुई सय ५६ लाभग्राहीले भूकम्पमा ध्वस्त भवन निर्माण गर्न सकेनन्।

रातो मत्स्येन्द्रनाथको भोटोजात्रा ११ जेठमा

ललितपुर/ वर्षा र सहकालका देवता रातो मत्स्येन्द्रनाथको रथ लगनखेल हुँदै जावलाखेल पुऱ्याउने र भोटोजात्राको साइत तय भएको छ। स्थानीयवासी, गुठी संस्थान ललितपुर शाखा र मत्स्येन्द्रनाथ रथका पुजारीले बिहीबार साइत जुराएका हुन्।

हाल रथ लगनखेलस्थित थतिटोलमा छ। त्यहाँ विभिन्न ठाउँबाट आएर दर्शनार्थीले रथमा पूजाआजा गर्छन्। ८ जेठमा रथलाई कुमारीपाटी हुँदै जावलाखेलसम्म पुऱ्याइनेछ। त्यहाँ पुऱ्याएको तीन दिनपछि भोटो देखाउने चलन छ। सोहीअनुसार ११ जेठमा भोटो देखाइने गुठी संस्थान ललितपुर शाखाले जनाएको छ। उक्त दिन सरकारले सार्वजनिक बिदा दिने चलन पनि छ। राष्ट्रप्रमुख तथा राष्ट्राध्यक्षलाई गुठी संस्थान शाखा प्रमुखले मत्स्येन्द्रनाथको भोटो देखाउनेछन्। त्यसलगत्तै यो वर्षको मत्स्येन्द्रनाथ रथजात्रा समापन हुनेछ। मत्स्येन्द्रनाथलाई ६ महिना पाटन र ६ महिना बुङमतीमा राख्ने चलन छ।

'इन्द्रसभा' पुनर्निर्माण पूरा

काठमाडौं/ काठमाडौं महानगरपालिकाले इन्द्रसभाको पुनर्निर्माण सम्पन्न गरेको छ। एक करोड ४६ लाख ५९ हजार चार सय ५३ रुपैयाँमा उक्त ऐतिहासिक स्थलको पुनर्निर्माण भएको हो।

महानगरपालिकाको वडा नं. १९ मा पर्ने सभास्थल इन्द्रजात्रा पर्वसँग सम्बन्धित ठाउँ हो। सम्पदा विभाग तथा पर्यटन विभागका सहायक निर्देशक इन्जिनियर नरेन्द्रमान बज्राचार्यका अनुसार दुई रोपनी तीन पैसा क्षेत्रमा रहेको इन्द्रसभापरिसरको पुनर्निर्माण भएको हो। यहाँ ७५ स्क्वायर मिटरमा ठूलो पाटी निर्माण भएको छ। पुनर्निर्माणका लागि ११ कात्तिक ०७८ मा एकवर्षे कार्यादेश दिइएको थियो। तोकिएको समयमा काम नसकिएपछि ६ महिना म्याद थपेर १० वैशाख ०८० सम्म थप गरिएको थियो। वडा १९ का अध्यक्ष राजेश श्रेष्ठले भने, 'पुनर्निर्माण हुनुअघि जीर्ण संरचना, खाल्डाखुल्डी परेको जमिन थियो, अब सांस्कृतिक तथा सामाजिक काम गर्न सहज भएको छ। ऐतिहासिक महत्त्वको ठाउँ पुनर्निर्माण भएसँगै यसको संरक्षण पनि भएको छ।'

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नक्साल, काठमाण्डौको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रकाशित मिति २०८०/०१/२९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नक्साल, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सुचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित भएको गरीएको छ। यो सुचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात मिति २०८० जेठ ०५ गते शुक्रबार**को दिन गोप्य शिलबन्दि बोलपत्रद्वारा शाखा कार्यालय नक्साल, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्व साधारणको जानकारीको लागि यो गोप्य शिलबन्दि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दि बोलपत्र दिन सक्नुहुने छ।

तपसिल

ऋणीको विवरण:

१. कम्पनी ऐन, २०६३ को दफा ५ को उप दफा (१) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/०४/१८ मा दर्ता नं. १२५०८३/०७१/०७२ कायम भई दर्ता रहेको काठमाडौं जिल्ला, का.म.न पा. वडा नं. १३, वाफल स्थित रजिष्टर्ड कार्यालय रहेका **बज्रबाराही कन्स्ट्रक्सन प्राइभेट लिमिटेड**का सञ्चालक चित्र सिं गोपालीको नाति, मंगलाल गोपालीको छोरा, मकवानपुर जिल्ला, वज्रबाराही गा.पा/न.पा वडा नं. ६ बस्ने **धर्म गोपाली** (ना.प्र.नं. ४४/४०४, जारी मिति २०५२/१०/२६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. चित्र सिं गोपालीको नाति, मंगलाल गोपालीको छोरा, मकवानपुर जिल्ला, वज्रबाराही गा.पा/न.पा वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं १३ बस्ने **धर्म गोपाली** (ना.प्र.नं. ४४/४०४, जारी मिति २०५२/१०/२६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

३. बम बहादुर थापा क्षेत्रीको छोरी, मंगलाल गोपालीको बुहारी, धर्म गोपालीको पत्नी, मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १३ बस्ने **ज्ञानुमाया थापा क्षेत्री** (ना.प्र.नं.२७/११८५ जारी मिति २०५७/१०/६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ब्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. बम बहादुर थापा क्षेत्रीको छोरी, मंगलाल गोपालीको बुहारी, धर्म गोपालीको पत्नी, मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं.:०३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १३ बस्ने **ज्ञानुमाया थापा क्षेत्री** (ना.प्र.नं.२७/११८५ जारी मिति २०५७/१०/६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. चित्र सिं गोपालीको नाति, मंगलाल गोपालीको छोरा, मकवानपुर जिल्ला, वज्रबाराही गा.पा/न.पा वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १३ बस्ने **धर्म गोपाली** (ना.प्र.नं. : ४४/४०४, जारी मिति २०५२/१०/२६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तीको विवरण :

१. धनी कुमारी बैंक लि र ऋणी **धर्म गोपाली** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता रहेको ई.नं.71B 63577676, च्यासिस .न MAT448053 H2R 03831, सवारी नं ना. ७ ख ५३७४ को गाडी (ट्रक) थान १।

२. धनी कुमारी बैंक लि र ऋणी **धर्म गोपाली** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता रहेको ई.नं. 81A63660636, च्यासिस .नं. MAT448053 J2R 02953, सवारी नं ना. ७ ख ९१२५ को गाडी (ट्रक) थान १।

३. धनी कुमारी बैंक र ऋणी **धर्म गोपाली** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता रहेको ई.नं. 51J63469252, च्यासिस .नं. MAT448053 F2J 16402, सवारी नं ना. ६ ख २२५३ को गाडी (ट्रक) थान १।

४. **ज्ञानुमाया थापा क्षेत्री**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १९८८ को क्षे.फ. ६७७.१७ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

५. **धर्म गोपाली**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, टिष्टुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २३००, २२८४, २२९९ र २३०४ को क्षे.फ. क्रमश २९०.१४,(,१६६.९३, २८६.१७, र ११५६.५९ (व.मी) तथा ऐ.ऐ वडा नं. ४ स्थित कित्ता नं. १४०४ को क्षे.फ. ६३९.९० (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

६. धनी कुमारी बैंक लि. र ऋणी **बज्रबाराही कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** कायम भई बागमती अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता रहेको ई.नं. E003773, चे.नं. MDHFBAD15K 1000735, सवारी नं बा. २१ च. ५७४१ को, Nissan Kicks XL निजी सवारी साधन थान १।

७. **ज्ञानुमाया थापा क्षेत्री**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १९७८ को क्षे.फ. ३३८.६३ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

८. **धर्म गोपाली**को नाममा मालपोत कार्यालय, पालुङमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, टिष्टुङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २२८० को क्षे.फ. १५५.०१ (व.मी) जग्गा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० जेठ ०४ गते** भित्र बैंकको शाखा कार्यालय नक्साल, काठमाण्डौ स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नक्साल, काठमाण्डौ स्थित कर्जा विभागबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ ०५ गते मध्यान्ह १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय नक्साल, काठमाण्डौ स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नक्साल, काठमाण्डौ स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० जेठ ०५ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नक्साल काठमाण्डौ फोन नं. ०१४-४२७०९१/४३६७०३

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०१/२९

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कोटीहवा, रुपन्देहीबाट सिटिजन्स महिला उद्यमशीलता कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साबाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साबाँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साबाँ, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साबाँ, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको चल/अचल सम्पत्ति **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानतको कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स महिला उद्यमशीलता कर्जा

ऋणीको नाम र ठेगाना

नाम	: जय श्री थापा
बाबु	: दिल बहादुर पुन
ससुरा	: शेर बहादुर थापा
पति	: बाबुराम थापा
ठेगाना	: दोभान-३, पाल्पा
हाल	: तिलोत्तमा न.पा.-१४, रुपन्देही
ना.प्र.नं.	: ७७४०७
जारी मिति	: २०५६/०६/०५
जि.प्र.का.	: पाल्पा

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	: बाबुराम थापा
बाबु	: शेर बहादुर थापा
बाजे	: देवी राम थापा
ठेगाना	: दोभान-३, पाल्पा
हाल	: तिलोत्तमा न.पा.-१४, रुपन्देही
ना.प्र.नं.	: ४७७
जारी मिति	: २०४५/०२/२३
जि.प्र.का.	: पाल्पा

२. नाम	: खिस थापा मगर
बाबु	: बाबुराम थापा
बाजे	: शेर बहादुर थापा
ठेगाना	: दोभान-३, पाल्पा
हालको ठेगाना	: तिलोत्तमा न.पा.-१४, रुपन्देही
ना.प्र.नं.	: ३९-०१-७०-०५७३७
जारी मिति	: २०७०/०८/१६
जि.प्र.का.	: पाल्पा

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नामः- जय श्री थापा

सि.नं	१.
जिल्ला	रुपन्देही
न.पा./गा.वि.स.	टिकुलीगढ
वडा नं	९।ग
कि.नं.	१९५०
क्षेत्रफल (वि.क.धु)	०-०-६.२५
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

निराशा र आक्रोशले अराजक रूप लिने एमालेको आशंका

रास्वपाको आकर्षणप्रति ओलीको समीक्षा : जनअसन्तुष्टिलाई राम्रैसँग प्रयोग गर्न सक्छ, तर समाधानको विकल्प दिन सक्दैन

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले नेपाली समाजमा बढ्दै गएको निराशा र आक्रोशले कुनै पनि वेला अराजकताको रूप लिन सक्ने आशंका गर्दै यस्तो अवस्था मुलुकको राजनीतिक स्थायित्वकै लागि जोखिमपूर्ण हुन सक्ने विश्लेषण गरेका छन् । पार्टी केन्द्रीय कार्यालयमा बिहीबारबाट सुरु भएको केन्द्रीय कमिटी बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै ओलीले त्यस्तो विश्लेषण गरेका हुन् ।

समाजमा बढिरहेको निराशा र आक्रोशका कारणबारे लामो व्याख्या गर्दै उनले समाजलाई अराजकतातिर लैजाने सबै प्रयासलाई असफल पार्ने संकल्पसहित अगाडि बढ्नुपर्ने प्रस्ताव गरेका छन् ।

बिचौलियाहरूको बिगबिगीका कारण कृषिमाथिको ठूलो हिस्सा बाहिरिरहेको, श्रमशक्ति बिदेसिने क्रम बढिरहेको, सेवा प्रवाहमा जनताले सास्ती व्यहोर्नुपरिरहेको, निःशुल्क माध्यमिक शिक्षा, स्वास्थ्यको हकजस्ता मौलिक हक कार्यान्वयन हुन नसकेको, विश्वव्यापीकरण, सूचना प्रविधिको सहज पहुँचले उपभोक्तावादका कारण युवाहरूमा निराशाको मनोविज्ञान फैलिएको उनको विश्लेषण छ । विद्यार्थीहरू बिदेसिने क्रम बढिरहेको, प्रदेशहरूको अस्थिर सरकार र जथाभावी मन्त्रालयको संख्या वृद्धि र मन्त्रीको संख्या, माथिल्लो वर्गले मात्रै समानुपातिक निर्वाचन प्रणालीको लाभ लिने राजनीतिमा भित्रिएको विकृतिले पनि समग्र राजनीतिप्रति नकारात्मक मनोविज्ञान फैलाइरहेको उनको दाबी छ ।

'प्रदेशहरूमा जथाभावी वृद्धि गरिएका मन्त्रालय र मन्त्रीहरूको संख्या, समानुपातिक निर्वाचन प्रणालीको लाभ उनै माथिल्लो वर्गले लिइरहेको अवस्था र राजनीतिमा भित्रिएका विकृतिका कारण समग्र राजनीतिप्रति नै नकारात्मक मनोविज्ञान फैलाउन मद्दत गरेको छ,' ओलीको प्रतिवेदनमा भनिएको छ, 'यसरी नयाँ उत्पादक शक्ति र त्यसलाई विकसित हुन सघाउने उपयुक्त उत्पादन प्रणालीको अभावका बीचको यस अन्तरविरोधले जनताको अपेक्षा र राज्यको कमजोर डेलिभरी क्षमताबीचको अन्तरविरोधले समाजमा असन्तुष्टिलाई जन्म दिएको छ ।'

यस्तै, असन्तुष्टिको जगमा दक्षिणपन्थी शक्ति सल्बलाएको भन्दै पूर्वराजा ज्ञानेन्द्रको पछिल्ला गतिविधिप्रति चनाखो बन्नुपर्ने वेला आएकोसमेत उनले बताएका छन् । 'दक्षिणपन्थी शक्ति यसलाई वर्तमान संविधान र लोकतान्त्रिक गणतन्त्रको असफलताको रूपमा चित्रित गर्दै मुलुकलाई प्रतिगामी बाटोमा लैजान सक्रिय छ । पूर्वराजाको नाममा भइरहेका निज स्वयं र उनका आसेपासेका विभिन्न गतिविधि अस्थिरता फैलाउन र आन्दोलनका उपलब्धि उल्ट्याउन लक्षित देखिन्छन् । अर्कोतिर पपुलिस्ट शक्तिहरू सबै पुराना दलहरूलाई एउटै डालोमा हालेर विरोध गर्ने काम गरिरहेका छन् । सही आधार र विकल्पविनाको यस्तो विरोधले समाजलाई थप अशान्त बनाउनेबाहेक कुनै काम गर्दैन ।'

बैंक तथा वित्तीय संस्थाहरूमाथिको हमला, गोंगबु लुटपाट, राज्यको अवज्ञाजस्ता घटना अराजकताकै संकेत भएको



उनको प्रतिवेदनमा किटानी छ । सरकारको भूमिकाले पनि अराजकताले प्रश्रय पाएको आरोप लगाउँदै उनले योजनाबद्ध रूपमा भइरहेका अराजक क्रियाकलापको विरोध गर्दै एमाले त्यसविरुद्ध उभिनुपर्नेमा जोड दिएका छन् ।

'एमाले योजनाबद्ध रूपमा भइरहेका अराजक क्रियाकलापको विरोध गर्छ, लोकतान्त्रिक गणतन्त्र र वर्तमान संविधानको रक्षाका लागि दृढ प्रतिबद्धता दोहोऱ्याउन चाहन्छ । विगतमा कुनै पनि उपलब्धि भएनन्, वर्तमान व्यवस्था नै खराब हो भन्ने हिसाबले निर्माण गर्न खोजिएको भाष्यलाई खारेज गर्छ र समाजलाई अराजकतातिर लैजाने हरेक प्रयासलाई असफल पार्ने संकल्प गर्दछ,' प्रतिवेदनमा भनिएको छ ।

ओलीले निर्वाचनमार्फत रास्वपाको उल्लेखनीय सफलता र राप्रपाको मत विस्तारलाई समीक्षाको विषय बनाएर पार्टीले आफ्ना कमजोरी सुधारेर अगाडि बढ्नुपर्ने प्रस्तावसमेत गरेका छन् । 'निर्वाचनमा पपुलिस्ट शक्तिको उदय र परम्परावादी दक्षिणपन्थी दलको शक्ति विस्तार नयाँ विवेचनीय परिघटनाका रूपमा रहेका छन् । खासगरी युवा मतदाता, सहरी जनमत र प्रवासी नेपालीबीच पपुलिजमले उल्लेख्य प्रभाव पार्नु र ती शक्तिप्रति आकर्षण बढ्नुलाई गहन विश्लेषण गर्नु आवश्यक छ,' प्रतिवेदनमा भनिएको छ, 'त्यसैले हामीले पपुलिजमका वर्गीय र अर्थ राजनीतिक आधार एवं भूमिकालाई मसिनो गरी केलाउँदै तदनुरूपको दृष्टिकोण निर्माण गरेर अगाडि बढ्नुपर्छ । त्यसले जुन खाले स्पेसमा स्थान बनाउन खोज्दै छ, त्यहाँ ध्यान केन्द्रित गर्नुपर्छ ।'

गठनबन्धन दलका कारण राजनीतिमा बढेको विकृति, आर्थिक संकट, उत्पादन र रोजगारी साँघुरिँदै सुशासन र सेवा प्रवाहको विचलनले निराशा बढाएको र पछिल्लो परिवर्तनपछिको आशा र उत्साहमा ठूलो धक्कालाई रास्वपाले एजेन्डा बनाएर लोकप्रियता हासिल गरे पनि त्यस्तो पपुलिस्ट शक्ति विकल्प बन्न नसक्ने प्रतिवेदनमा विश्लेषण छ । 'पपुलिजमको सीमा के हो भने उसले मौजुदा समस्या, कमजोरीलाई उजागर गर्न सक्छ, प्रश्न खडा गर्न सक्छ र जनअसन्तुष्टिलाई राम्रैसँग प्रयोग गर्न सक्छ, तर समाधानका विकल्प दिन सक्दैन । हाम्रो जस्तो समाजमा असन्तुष्टिलाई उपयोग गर्न सजिलो छ । तर, सही दर्शन र विचारधारा नभएको अर्थ राजनीतिक कार्यदिशा स्पष्ट नभएको र आफ्ना स्वार्थका लागि कहिले वाम त कहिले दक्षिणपन्थी धारबीच डोलायमान रहने यस्तो शक्ति मुलुकको सही राजनीतिक विकल्प हुन सक्दैन,' प्रतिवेदनमा भनिएको छ ।



■ राजतन्त्र फर्काउने दुष्प्रयास सम्भव नहुने विश्लेषण

पछिल्ला दिनमा धर्मान्तरणले सिर्जना गरेको सामाजिक असन्तुष्टि, प्रदेशहरूका बेथिति र राजनीतिक अस्थिरताको मुद्दालाई दक्षिणपन्थी शक्तिले हिन्दू अधिराज्य, संघीयताको खारेजी राजतन्त्रको पुनर्स्थापनाको मागमा अगाडि बढे पनि जनताबाट विस्थापित राजतन्त्र फर्काउने दुष्प्रयास सम्भव नहुने एमालेको विश्लेषण छ । यद्यपि, सामाजिक असन्तुष्टिको लाभ उठाइरहेको यथार्थलाई ध्यानमा राखेर असन्तुष्टि सम्बोधनमा सक्रिय रूपमा केन्द्रित हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ । एमालेले माओवादी शक्तिकेन्द्रको प्रभावमा परेको र अवसरवादबाट ग्रस्त बनेका कारण ४ मंसिरपछिको नयाँ कोर्स भत्किएको निकाल्दै अहिलेको अस्थिर राजनीतिको मुख्य कारक बनेको विश्लेषण पनि गरेको छ । वर्तमान सरकारका कारण मुलुक आर्थिक मन्दीतिर गएको विषय र मिसन ग्रासरुट अभियानको उपलब्धिलाई पनि ओलीले प्रतिवेदनमा प्राथमिकताका साथ समेटेका छन् ।

■ एमाले सत्ताको विकल्प हो भन्ने प्रश्न उठ्यो

ओलीले गत ४ मंसिरको आमनिर्वाचनमा एमाले समानुपातिक मततर्फ काग्रेसले भन्दा एक लाख २५ हजार बढी भोट प्राप्त गरेर पहिलो दल भए पनि पछिल्लो १० वैशाखको उपनिर्वाचनमा पार्टीको मत उल्लेख्य रूपमा घटेको सन्दर्भलाई गम्भीर विषय भएको भन्दै समीक्षाका लागि प्रस्ताव गरेका छन् । 'एमालेले उपनिर्वाचनमा संख्यात्मक क्षति व्यहोर्नु नपरेको भए पनि चितवन २ र तनहुँ १ मा पार्टीको मतमा उल्लेखनीय कमी आउनु चिन्ताजनक विषय हो । गत वर्ष मंसिरमा सम्पन्न आमनिर्वाचनको तुलनामा पार्टीको मत घट्नु र वर्तमान सत्ताको विकल्प नेकपा एमाले हो भन्ने निर्बाध तथ्यमा समेत प्रश्न उठ्ने खालको परिणाम आउनु गम्भीर विषय हो । सम्बन्धित जिल्ला र प्रदेश कमिटीले यसको गम्भीर समीक्षा गर्नुपर्छ र रहन गएका कमजोरीलाई अविलम्ब सच्याउनुपर्छ ।'

■ एमाले र अन्य पार्टीमा कतिपय भिन्नता छुट्टिएन

ओलीले प्रतिवेदनमा पार्टीभित्र देखिएका पछिल्ला विकृति र कमजोरीलाई स्विकार्दै शुद्धीकरणमार्फत पार्टीलाई बलियो बनाउनुपर्नेमा जोड दिएका छन् । 'हाम्रो पार्टी ब्यानर र नामले मात्रै अरू पार्टीभन्दा भिन्न होइन । तर, पछिल्लो समय विचारधारात्मक काम पातलिँदै जाने एवं हाम्रा शैली र आचरणमा विसंगतिहरू थपिँदै जाँदा कतिपय सन्दर्भमा अन्य पार्टीसँग हाम्रो पृथकता छुट्टिन गाह्रो पर्न थालेको छ,' ओलीले भनेका छन्, 'यसैलाई आधार बनाएर कतिपय शक्तिले एमालेलाई समेत अन्य यथास्थितिवादी या जनविरोधी पार्टीकै कित्तामा राखेर विरोध गर्ने धृष्टता गरिरहेका छन् । यस्ता आलोचना र विरोधलाई हामीले हाम्रा जनमुखी शैली र असल आचरणका बलमा जवाफ दिनुपर्छ र पार्टीको आदर्श पुनर्स्थापित गर्नुपर्छ ।'

■ मिसन ५१ प्रतिशत कार्ययोजना प्रस्ताव

ओलीले अर्को चुनावलाई लक्षित गर्दै मिसन ५१ प्रतिशतसहितको कार्ययोजना बनाएर बहुमतका लागि अघि बढ्नुपर्ने प्रस्ताव गरेका छन् । 'अस्थिर राजनीतिभित्र अल्पमतको सरकार बनाउँदा होस् या भिन्न विचार बोक्ने विभिन्न दलसँगको सहकार्य गरेर सञ्चालन गर्दा होस्, पार्टीले समाजवादको आधार निर्माणको ऐतिहासिक अभिभारा पूरा गर्न विभिन्न अवरोध सिर्जना हुँदो रहेछ भन्ने यथार्थ हामीले देखेभोगेका छौं । त्यसैले पार्टीको समग्र ध्यान अब मिसन ५१ प्रतिशत अर्थात् तीनै तहमा लोकप्रिय मतसहित पार्टीको बहुमत हासिल गर्ने अभियानमा केन्द्रित हुनुपर्छ,' प्रतिवेदनमा भनिएको छ ।

मिसन ग्रासरुटको निष्कर्ष
पार्टीमा युवा भर्ती अभियान

एमालेले वैशाख तेस्रो सातासम्म सञ्चालित 'मिसन ग्रासरुट' अभियानले पार्टीमा १८ देखि ३५ वर्षसम्मका युवालाई संगठित गर्न अलग्गै अभियान सञ्चालन गर्नुपर्ने शिक्षा दिएको जनाएको छ । देशभर ठूला र भद्दा प्रकृतिका कमिटीका कारण बैठक बस्न नसक्दा कमिटी चलायमान हुन नसकेकाले टोल तहसम्मका कमिटीलाई पुनर्गठित र पुनर्व्यवस्थित गरेर युवाहरूलाई जिम्मेवारी दिन अलग्गै अभियान सञ्चालन गर्नुपर्ने 'मिसन ग्रासरुट' अभियानले शिक्षा दिएको एमालेको भनाइ छ ।



● पृथ्वीसुब्बा गुरुङ, उपमहासचिव, एमाले

कमिटीहरू भद्दा भएर नियमित बैठक बस्न नसकेको, कोरम नपुगेको अवस्था देखिएको छ, त्यस्ता कमिटीको पुनर्गठन गर्ने, युवाहरूको सहभागिता बढाउने गरी टोल तहसम्म योजना बनाउने र त्यसका लागि अधिवेशनहरू नयाँ शिराबाट गर्ने, १८ देखि ३५ वर्षसम्मका युवालाई समेट्नका लागि अभियान चलाउनुपर्छ भन्ने शिक्षा मिसन ग्रासरुटले दिएको छ

'कमिटीहरू भद्दा भएर नियमित बैठक बस्न नसकेको, कोरम नपुगेको अवस्था देखिएको छ, त्यस्ता कमिटीको पुनर्गठन गर्ने, युवाहरूको सहभागिता बढाउने गरी टोल तहसम्म योजना बनाउने र त्यसका लागि अधिवेशनहरू नयाँ शिराबाट गर्ने, १८ देखि ३५ वर्षसम्मका युवालाई समेट्नका लागि अभियान चलाउनुपर्छ भन्ने शिक्षा मिसन ग्रासरुटले दिएको छ,' बैठकपछि उपमहासचिव तथा प्रचार विभागका प्रमुख पृथ्वीसुब्बा गुरुङले भने ।

एमालेलाई वैचारिक हिसाबले एकताबद्ध, सांगठनिक हिसाबले सुदृढ र आचरण तथा शैलीका हिसाबले समाजवादी पार्टीका रूपमा रुपान्तरित गर्नुपर्ने बैठकको प्रारम्भिक निष्कर्ष रहेको पनि गुरुङले बताए । शुक्रबार पनि बस्ने एमाले केन्द्रीय कमिटी बैठकमा आठवटा समूहमा प्रतिवेदनमाथि समूहगत छलफल हुनेछ । बैठकमा अध्यक्ष केपी ओलीले समसामायिक राजनीतिक परिस्थितिबारे ब्रिफिङ गर्दै राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए । छलफलका लागि बैठकमा दशवटा एजेन्डा प्रस्तावित छन् ।

एमालेले मिसन ग्रासरुट अभियानले सुतिरहेको पार्टीलाई जागृत गरेको र जनतामा आशा र भरोसा सिर्जना गरेको समीक्षा गर्दै पत्ता लागेका कमजोरीका आधारमा नयाँ कार्ययोजनासहित पुनः जनअभियान केन्द्रित गर्नुपर्ने प्रारम्भिक निष्कर्ष निकालेको छ । शुक्रबारको बैठकमा नौवटा प्रदेशका अभियानको समीक्षा प्रतिवेदनमाथि आठवटा समूहमा छलफल हुने र त्यसपछि स्थायी समितिले सबै प्रदेशको कार्ययोजना बनाउने उपमहासचिव गुरुङले जानकारी दिए ।

खाजा खान गएका विनोदको होटेल साहुबाटै हत्या

चक्कुले जथाभावी प्रहार गरी लडाएपछि मोटरसाइकलले घाँटी र टाउको किचियो

धादिङमा **अर्जुन श्रेष्ठ**

धादिङको गल्छी गाउँपालिका-८ का विनोद थापा मगरको हत्यामा होटेल साहु नै संलग्न रहेको खुलेको छ । जिल्ला प्रहरी कार्यालय धादिङका प्रमुख एवं प्रहरी उपरीक्षक गौतम मिश्रले होटेलमा खाजा खान गएका २५ वर्षीय विनोदलाई सानदार होटेल एन्ड लजका निरज पण्डितले चक्कु प्रहार गरी ज्यान लिएको जानकारी दिए ।



विनोद थापामगर

'बुधबार राति करिब १२ बजेतिरको घटना हो । ग्राहकको रूपमा होटेलमा आएका विनोद र होटेल सञ्चालकबीच सामान्य भनाभन भएपछि घटना भएको रहेछ । चक्कु प्रहार गरी घाइते बनेका मगरको उपचारका क्रममा ज्यान गएको हो,' एसपी मिश्रले भने, 'विनोदको हत्या गरेको आरोपमा निरज पण्डित पक्राउ परेका छन् ।' निरजसँगै होटेल सञ्चालक सरस्वती पण्डित र होटेलमा रहेका अन्य चारजनालाई पनि नियन्त्रणमा लिइएको उनले बताए । हत्या सम्बन्धमा परिवारले उजुरी दिएपछि कानुनअनुसार कारबाही प्रक्रिया अघि बढ्छ ।'

विनोदको हत्यापछि आक्रोशित पीडित पक्षले बिहीबार बिहान सानदार होटेलमा आगजनी गरेका थिए । 'आन्दोलन गर्नेहरूले आगो लगाउँदा होटेलको एउटा कोठाको बिस्तरा जलेको छ । आगो नियन्त्रणमा लिई थप क्षति हुनबाट जोगायौं । होटेल साहुकै गाडीमा तोडफोड भएको छ,' मिश्रले भने ।

होटेलमा खाना खाएको पैसाका विषयमा सामान्य भनाभन भएको र त्यसले उग्र रूप लिँदा हत्याको घटना भएको विनोदसँगै गएका कमल थापा मगरले जानकारी दिए । 'सानदार होटेलमा खाजा खान गएका थियौं । खाजाको बिल ११ सय भएको रहेछ । १५ सय दिएर चार सय फिर्ता माग्दा होटेल साहुनी सरस्वती पण्डितले पहिलेको २३ सय बाँकी छ भनेर लफडा निकालिन्,' कमलले भने, 'विनोदले पहिलेको बाँकी छैन, छ भने खाता देखाउन् भन्दा छोरा बोलाउँछु, पख् तँलाई जानेको छु भनेर सरस्वतीले विनोदलाई हातपातसमेत गरिन् ।'

उनका अनुसार त्यतिवेलासम्म विनोदले होटेल साहुको छोरा निरज सँगै पढेको साथी हो, आएपछि कुरा गरौं न, बाँकी भए तिरौंला भनेका थिए । 'तर, निरज आउनेबित्तिकै मलाई हात हाल्यो र धकेलेर टेबलभन्दा पर पुऱ्याइदियो । अहिले म पनि घाइते छु । आमाले त्यो विनोद होइन, यो हो भनेर विनोदलाई देखाएपछि निरजले विनोदलाई करङ वरिपरि चक्कुले हान्यो,' उनले भने । छुट्याउन जाँदा निरजले फेरि आफूलाई धकेलेर फालेको कमलले बताए । 'निरजले विनोदलाई ढोकामा लगेर चक्कुले फेरि पेटमा हान्यो । दोस्रोपटकको चक्कु प्रहारबाट भने विनोद बेस्सरी घाइते बन्यो र रोडमा पछारियो । विनोदको खुट्टालगायत अंगमा मोटरसाइकल चढाएर घाँटी र टाउकोमा हान्यो । निरजबाट जसोतसो बचाएर उपचारका लागि गल्छीकै स्वास्थ्य संस्था हुँदै काठमाडौं ल्यायौं । तर, विनोदलाई बचाउन सकिएन,' उनले भने ।

चितवन मेडिकल कलेजका दुई शिक्षक निलम्बनमा

भरतपुर/ छात्राको आत्महत्या प्रकरणमा चितवन मेडिकल कलेजले दुईजना शिक्षकलाई निलम्बन गरेको छ । मेडिकल स्कुल अफ डेन्टल कलेजमा दन्त चिकित्सक चौथो वर्षमा अध्ययनरत सिमरन थापाले बुधबार भरतपुर महानगरपालिका-१० सप्तगण्डकी चोकमा रहेको आफू सुत्ने कोठामै सिलिङ पंखामा सलको पासो लगाई आत्महत्या गरेकी थिइन् । शिक्षकले मानसिक तनाव दिएर परीक्षाबाट निकालेको, विगतमा पनि मानसिक तनाव दिने गरेकाले थापाले आत्महत्या गरेको आरोप लागेपछि मेडिकल कलेजले डा. अभिषेक गुप्ता र डा. हरेन्द्र सिंहलाई बिहीबार निलम्बन गरेको हो ।

'विद्यार्थीबाट धेरै गुनासो आएकाले गुप्ता र सिंहलाई आजैको मितिबाटै लागू हुने गरी संस्थाबाट निलम्बन गरिएको छ,' कलेज प्रशासनद्वारा जारी विज्ञप्तिमा भनिएको छ । विद्यार्थीले निष्पक्ष छानबिनको माग गर्दै संघर्ष समितिमार्फत आन्दोलन गरिरहेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक एसपी रामेश्वर कार्कीका अनुसार परिवारका सदस्यहरू प्रहरीको सम्पर्कमा आएका छैनन् ।

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा,
कोशी प्रदेश, नेपाल

बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

सूचना प्रकाशित मिति : २०८०/०१/२९ गते

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७९/१२/२६ गते प्रकाशित सूचनाअनुसार पेश हुन आएका प्रस्तावमध्ये न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई तपसिलबमोजिमको प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । छनौट प्रस्तावविरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानि स्वीकृत गरिनेछ ।

S.N.	Contract No.	Description of Works	Name and Address of Successful Bidders	Accepted Bid Amount including VAT &PS NRs
5	Maintenance works at Buspark road, Pulchowk-Puspalal road and Milanchowk-Kalisthan road, Arjundhara Municipality	AM/NCB/ WORKS/ 09-079/80	Pragatisil Nirman Sewa,Buddhashanti Municipality-2,Jaypur, Jhapa	67,97,063.00

नेपाल सरकार
भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी व्यवस्थापन समितिको कार्यालय
अनामनगर, काठमाण्डौं

सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
का बचतकर्ताहरुलाई निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/१/२५ गते

नेपाल सरकारबाट मिति २०७५/११/१९ मा समस्याग्रस्त घोषित सोसाइटल बचत तथा ऋण सहकारी संस्था लि. को दायित्व भुक्तानीको लागि यस समितिबाट सो सहकारीको स्वामित्वमा रहेको चितवन जिल्ला साविक भण्डारा ६ (हाल राप्ती न.पा. ६) कि.नं. १०९ क्षेत्रफल ०-१३-० (तेह्र कट्ठा) जग्गा लिलामीको लागि राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशित गरिएकोमा तोकिएको मितिभित्र कुनै बोलपत्र कवोल प्रस्ताव नआई लिलाम हुन नसकेको अवस्था रहेकोमा सोही सहकारी संस्थाका बचतकर्ताहरु मध्ये केही बचतकर्ताहरुले आफ्नो दावी रकमको अनुपातमा सो जग्गा लिई सहकारीको बचत हिसाब मिलान गर्न पाऊँ भनी यस समिति समक्ष निवेदन पेश हुन आएको हुँदा सो सहकारी संस्थाका इच्छुक मागदावीकर्ताहरुले आफ्नो मागदावीको अनुपातमा उक्त जग्गा लिन मञ्जुर भएमा सोही व्यहोरा उल्लेख गरी यस समितिको कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

फोन नं. 01-4771999
ईमेलः info.coopmc@gmail.com वेभसाईटः www.coopmc.gov.np

■ पर्वतमा सहकारीको रकम हिनामिना

अदालतले अभियुक्तविरुद्ध पक्राउ पुर्जी दिएन

काठमाडौं/ सहकारीको रकम दुरुपयोग गर्ने अभियुक्तविरुद्ध प्रहरीले मागेको पक्राउ अनुमतिलाई जिल्ला अदालत पर्वतले रोकेको छ । पर्वतको सदरमुकाम कुस्मास्थित शिवालय बहुउद्देश्यीय सहकारीको दुई करोड रुपैयाँभन्दा धेरै रकम दुरुपयोग भएको भन्दै सहकारीका अध्यक्ष विदुर पौडेल, कोषाध्यक्ष नरेन्द्रबहादुर खत्री, लेखा संयोजक विनोद कर्माचार्य र व्यवस्थापक दिलकुमारी सुवेदीविरुद्ध पक्राउ अनुमति माग्न प्रहरी बिहीबार जिल्ला अदालत पुगेको थियो । तर, अदालतले कार्यालयका प्रमुख न्यायाधीश आनन्दप्रसाद श्रेष्ठ बिदामा रहेको कारण देखाउँदै पक्राउ अनुमति दिन अस्वीकार गरेको हो ।

जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख डिएसपी मधुकर न्यौपानेले न्यायाधीश बिदामा रहेकाले पक्राउ पुर्जी जारी नभएको बताए । 'अभियुक्तविरुद्ध पक्राउ अनुमति लिन हामी अदालत पुगेका थियौं । तर, न्यायाधीश बिदामा हुनुहुँदो रहेछ, पक्राउ पुर्जी लिन सकेनौं,' उनले भने । कानुनतः अभियुक्तविरुद्धको पक्राउ पुर्जी जारी अदालतमा कार्यरत अन्य न्यायाधीशबाट गर्दा हुन्छ । कार्यालय प्रमुख नै हुनुपर्ने कुनै कानुनी प्रावधान छैन । तर, उक्त मुद्दामा भने प्रमुख न्यायाधीश बिदामा रहेको भन्दै

चलखेल भएको अनुभूति भयो

● अधिवक्ता रामचन्द्र शर्मा



घटनामा संलग्न अभियुक्तविरुद्ध पक्राउ पुर्जी लिन प्रहरी अदालत पुगेको थियो । तर, अदालतले न्यायाधीश नभएको भन्दै पुर्जी जारी गरेन । यस्तो गर्न कानुनतः मिल्दैन । किनकि पक्राउ पुर्जी जारी गर्न अदालतमा कार्यरत अन्य न्यायाधीशले पनि मिल्छ । यसमा चलखेल भएको अनुभूति हामीले गरेका छौं ।

अदालतले पक्राउ पुर्जी जारी गरेन ।

जाहेरीकर्ताका भिनाजु तथा अधिवक्ता रामचन्द्र शर्माले नियतवश अदालतले पक्राउ पुर्जी जारी नगरेको बताए । 'घटनामा संलग्न अभियुक्तविरुद्ध पक्राउ पुर्जी लिन प्रहरी अदालत पुगेको थियो । तर, अदालतले न्यायाधीश नभएको भन्दै पुर्जी जारी गरेन । यस्तो गर्न कानुनतः मिल्दैन । किनकि पक्राउ पुर्जी जारी गर्न अदालतमा कार्यरत अन्य न्यायाधीशले पनि मिल्छ । यसमा चलखेल भएको अनुभूति हामीले गरेका छौं,' उनले भने ।

जाहेरीकर्ता मिनाकुमारी शर्मा सोही सहकारीको सचिव प्रेमप्रसाद शर्माकी श्रीमती हुन् । सहकारीको रकम दुरुपयोग भएको भन्दै प्रेमप्रसादले गत २९ पुसमा आत्महत्या गरेका थिए । त्यसपछि मिनाकुमारीले सहकारी ऐन ०७४ को १२२ अनुसार प्रहरीमा जाहेरी दिएकी थिइन् । जाहेरीमा जमानत वा सुरक्षण नराखी ऋण प्रवाह भएको, सहकारीको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा सेयर रकम हिनामिना गरेको, ऋण असुल हुन नसक्ने गरी समितिका सदस्य, निजको नातेदारलाई ऋण प्रवाह गरेको, संस्थाको सेयर वा बचत रकम आफूखुसी परिचालन गरी सहकारी संस्थालाई हानि-नोक्सानी पुऱ्याएको विषय उल्लेख छ ।

मिनाकुमारीले सहकारीका अध्यक्ष विदुर, कोषाध्यक्ष नरेन्द्र, व्यवस्थापक दिलकुमारीविरुद्ध आत्महत्या दुरुत्साहनविरुद्धको जाहेरी प्रहरी कार्यालयमा दर्ता गरेकी थिइन् । जाहेरीपछि प्रहरीले विदुर, नरेन्द्र र दिलकुमारीलाई पक्राउ पनि गरेको थियो । १७ दिनको हिरासतपछि जिल्ला अदालतको आदेशमा उनीहरूलाई प्रहरीले धरौटीमा छाडेका थियो ।

■ सुशीला कार्कीमाथिको महाभियोगविरुद्धको रिटमा चार वर्षपछि फैसला

'महाभियोग न्यायपालिकामाथि नियन्त्रणको माध्यम बनाइनु हुँदैन'

शिल्पा कर्ण/नयाँ पत्रिका

महाभियोगको विषयलाई न्यायपालिकाउपर हस्तक्षेपको माध्यम बनाइनु नहुने सर्वोच्च अदालतले स्पष्ट गरेको छ। ७ मंसिर ०७९ मा संवैधानिक इजलासबाट भएको फैसलामा यस्तो स्पष्ट गरेको हो। फैसला हालै सार्वजनिक भएको हो।

तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीउपर महाभियोग लगाइएकोविरुद्ध दर्ता भएको रिटमाथि सर्वोच्चको फैसलामा भनिएको छ, 'महाभियोगसम्बन्धी अधिकार संवैधानिक मर्यादा कायम राख्ने सन्दर्भमा संविधानसम्मत् तवरबाट अपवाद अवस्थामा प्रयोगमा ल्याउन सकिने विशेष व्यवस्था हो। महाभियोगको कुरालाई न्यायपालिकाउपर हस्तक्षेप वा नियन्त्रण गर्ने माध्यम बनाइनुहुँदैन। यसलाई न्यायिक निष्ठा कायम राख्ने, स्वेच्छाचारिता हुन नदिने, खराब आचरण भएबापत उत्तरदायित्व वहन गराउने र न्यायिक सक्षमता कायम राख्ने माध्यमको रूपमासम्म पर्याप्त आधार र कारण विद्यमान् रहेको अवस्थामा असल नियतले प्रयोग गर्न सकिन्छ।'

कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की तथा न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको इजलासले फैसला दिएको हो। न्यायाधीश भट्टराईले चारैजनाको फैसलामा सहमतीय राय थपेका छन्। यस रिटमा संवैधानिक इजलासले झन्डै ४ वर्षपछि फैसला दिएको हो। महाभियोगविरुद्ध अधिवक्ताहरू सुनीलरञ्जन सिंह र कञ्चनकृष्ण न्यौपानेले ५ साउन ०७४ मा रिट दर्ता गराएका थिए। जसमा व्यवस्थापिका सांसद, तत्कालीन सभामुख, संसद्का महासचिव, नेपाली काँग्रेस र नेकपा माओवादी (केन्द्र)का संसदीय दलको कार्यालयसमेतलाई विपक्षी कायम गरिएको थियो।

■ फैसला भन्छ–

- **महाभियोग सिफारिस समितिमा पठाउने निर्णय नगरेसम्म कानुनी रूपमा 'महाभियोगको कारबाही प्रारम्भ भएको' मान्त मिल्दैन**
- **महाभियोग प्रस्ताव 'जथाभावी चलाउने वा प्रतिशोधको भावनाले प्रयोग गर्ने हतियार' होइन**
- **प्रतिशोधस्वरूप महाभियोग लगाउँदा संवैधानिक सन्तुलन कायम गर्ने तथा संविधानवादको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्नेजस्ता मूल्य-मान्यता गम्भीर खतरामा पर्छन्**
- **महाभियोगको विशेषाधिकार संसद्सँग भए पनि त्यो असीमित वा अगम्य छ भन्त मिल्दैन**
- **न्यायपालिकाबाट गरिएका आदेश वा फैसलाको विषयलाई लिएर कुनै पनि कारबाही वा प्रस्तावको नाममा संसद्लगायत अन्य कुनै निकायले हस्तक्षेप गर्न मिल्दैन**



प्रहरी प्रमुखको नियुक्तिका विषयमा सर्वोच्च अदालतले दिएको फैसला चित्त नबुझेपछि विभिन्न आरोप लगाउँदै काँग्रेस र माओवादी केन्द्रका सांसदले तत्कालीन प्रधानन्यायाधीश कार्कीमाथि महाभियोग प्रस्ताव दर्ता गराएका थिए। १७ वैशाख ०७४ का दिन प्रस्ताव दर्ता भएकोमा मुद्दाको फैसला गरेको र विचाराधीन मुद्दाको विषयलाई लिएर महाभियोग लगाउनु उचित नरहेको भन्दै रिट दर्ता भएको थियो। अदालतको फैसलालाई लिएर महाभियोगजस्तो गम्भीर आरोप न्यायाधीशमाथि लगाउन नहुने दाबी रिट निवेदकहरूको थियो।

सर्वोच्चमा २० वैशाख ०७४ मा दर्ता भएको यस रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतको तत्कालीन न्यायाधीश चोलेन्द्रशमशेर जबराको इजलासले कारण देखाऊ आदेश जारी गर्नुका साथै सुविधा सन्तुलनका आधारमा प्रधानन्यायाधीश कार्कीलाई यथावत् रूपमा पदमा काम गर्न दिन दिलाउन अन्तरिम आदेश गरेका थिए। २९ असार ०७४ मा न्यायाधीशद्वय गोपाल पराजुली तथा प्रकाशमानसिंह राउतको इजलासले संवैधानिक इजलासबाट हेर्ने गरी यो मुद्दा फर्स्यौट गरेको थियो। जसपछि संवैधानिक इजलासले ७ मंसिर ०७९ मा रिट खारेज हुने फैसला गरेको हो।

संवैधानिक प्रावधानअनुकूल उचित र पर्याप्त आधार तथा कारण विद्यमान् भए महाभियोग प्रस्ताव ल्याउनु उचित भए पनि यो 'जथाभावी चलाउने वा प्रतिशोधको भावनाले प्रयोग गर्ने हतियार' नरहेको संवैधानिक इजलासको बुझाइ छ। अमूक स्वार्थसमूहको चाहनाप्रतिकूल आदेश, निर्णय वा फैसला गरेको कुरालाई कुनै कृत्रिम सैद्धान्तिक आवरण दिई प्रतिशोधस्वरूप महाभियोग लगाउँदा संवैधानिक सन्तुलन कायम गर्ने तथा संविधानवादको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्ने जस्ता मूल्य मान्यताहरू गम्भीर खतरामा पर्ने फैसलामा उल्लेख छ।

महाभियोगको विशेषाधिकार संसद्सँग भए पनि त्यो असीमित वा अगम्य छ भन्न नमिल्ने सर्वोच्चको ठहर छ। संविधानको अधीनमा रहेर मात्र उपभोग गर्ने अधिकार रहेको फैसलामा उल्लेख छ। महाभियोग प्रस्ताव अध्ययन गरेपछि प्रहरी महानिरीक्षकको बढुवा प्रकरण नै महाभियोगको कारण रहेको निष्कर्ष सर्वोच्चको छ। उक्त प्रस्ताव प्रतिशोधपूर्ण धारणाको उपज रहेको साथै 'आपत्तिजनक प्रकृतिको' रहेको इजलासको बुझाइ छ। '..न्यायपालिकाबाट गरिएका आदेश वा फैसलाको विषयलाई लिएर कुनै पनि कारबाही वा प्रस्तावको नाममा संसद्लगायत अन्य कुनै निकायले हस्तक्षेप गर्न मिल्दैन। महाभियोग वा अन्य कुनै सन्दर्भमा अदालतबाट भएको फैसला वा आदेशको कुरालाई लिएर कारबाहीको विषय बनाउँदा न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामा गम्भीर आघात पर्न जान्छ। त्यसैले फैसलाको विषयलाई लिएर पेस भएको महाभियोगको प्रस्ताव स्वयंमा संविधानप्रतिकूल रहेको देखिन्छ,' फैसलामा छ। उक्त प्रस्ताव त्रुटिपूर्ण रहेको ठहर इजलासको छ।

प्रधानन्यायाधीश कार्कीमाथिको महाभियोग प्रस्ताव २३ जेठ ०७४ को व्यवस्थापिका संसद्को बैठकबाट फिर्ता भइसकेकाले रिट खारेज हुने फैसला भएको हो। यसको भोलिपल्टैबाट कार्कीले उमेरहदका कारण अवकाश पाएकी थिइन्।

महाभियोग सिफारिस समितिमा नपठाएसम्म कारबाही प्रारम्भ हुँदैन

संवैधानिक इजलासले नेपालको संविधानको धारा १०१ लाई व्याख्या गर्दै महाभियोग प्रस्ताव दर्ता हुनेबित्तिकै कार्यसम्पादनमा रोक नलाग्ने जनाएको छ। उक्त धाराको उपधारा (६) मा '..महाभियोगको कारबाही प्रारम्भ भएपछि नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले त्यस्तो कारबाहीको टुंगो नलागेसम्म आफ्नो पदको कार्यसम्पादन गर्न पाउनेछैन' भनी उल्लेख छ।

भारतको संविधान तथा जजेज् इन्क्वायरी एक्टका साथै दक्षिण कोरियाको संविधानको उदाहरण स्विकार्दै धारा १०१ को मनसायबारे संवैधानिक इजलासले व्याख्या गरेको छ। महाभियोग लगाउने अख्तियारी संसद्लाई मात्र रहेको भन्दै सर्वोच्चले सभामुख वा संसद्को अन्य कुनै पनि पदाधिकारीलाई एकल वा व्यक्तिगत रूपमा कसैमाथि कारबाहीको टुंगो नलागेसम्म 'आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने' भन्ने अधिकार नरहने सर्वोच्चले स्पष्ट पारेको छ।

हालै सार्वजनिक फैसलामा भनिएको छ, 'संसद् (प्रतिनिधिसभा)बाट महाभियोगको कारबाही प्रारम्भ गर्ने गरी निर्णय गरी संविधानको धारा १०१ को उपधारा (३) बमोजिम गठन भएको महाभियोग सिफारिस समितिमा पठाउने भनी निर्णय नगरेसम्म कानुनी रूपमा 'महाभियोगको कारबाही प्रारम्भ भएको' मान्न नै मिल्दैन। प्रतिनिधिसभाले महाभियोगसम्बन्धी प्रस्तावको स्वामित्व औपचारिक रूपमा ग्रहण नगरेसम्म 'महाभियोगको कारबाही प्रारम्भ भएको' हुँदैन।...महाभियोगको प्रस्तावलाई अख्तियारप्राप्त निर्णय गर्ने निकाय प्रतिनिधिसभामा पेस गरी सो सभाले कारबाही प्रारम्भ गर्ने भनी निर्णय नगर्दैको अवस्थामा 'महाभियोगको कारबाही प्रारम्भ भएको' भनी भनियो भने संविधानको अपव्याख्या हुन पुग्दछ।' यही कारण दिँदै सर्वोच्चले प्रधानन्यायाधीश कार्कीमाथि महाभियोगको कारबाही सुरु भएको स्विकारेको छैन। पछिल्लोपटक प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि १ फागुन ०७८ मा ९८ जना सांसदबाट प्रतिनिधिसभामा महाभियोग प्रस्ताव दर्ता भएको थियो। जसपछि उनी स्वतः जिम्मेवारीबाट हटेको भनी संसद् सचिवालयले सर्वोच्चसहितका निकायलाई पत्राचार गरेको थियो। सोही वर्ष २२ फागुनमा मात्र महाभियोग सिफारिस समिति गठन भएको थियो। तर, उक्त प्रस्तावउपर निर्णय नहुँदै संसद्को कार्यकाल टुंगिएको थियो।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पाल्पाको धितोमा रहेको सम्पति पुनः लिलाम बिकीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रकाशित मिति २०८०/०१/२९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पाल्पाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको मितिले **८ औ दिन अर्थात मिति २०८० जेठ ०५ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय पाल्पामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

चन्द्र बहादुरको बुहारी, दुर्गा बहादुर गुरुङको पत्नी, स्याङजा जिल्जा, जगतभञ्ज्याङ गा.वि.स., वडा नं. २ बस्ने **रीना मायाँ गुरुङ** (ना.प्र.नं. ४२२०१२/९९ मिति २०६७/०६/१५ जि.प्र.का. स्याङ्जा)।

लिलाम हुने सम्पत्तिको विवरण :

१. **रीना मायाँ गुरुङ**को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स.,वडा नं.७ स्थित कित्ता नं.२३७६ को क्षेत्रफल ०-०-७.५०-० (विगाह) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० जेठ ०४ गते** भित्र बैंकको शाखा कार्यालय पाल्पा स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पाल्पा स्थित कर्जा विभागबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ ०५ गते मध्यान्ह १२:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय पाल्पा स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय पाल्पा स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० जेठ ०५ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय पाल्पा, फोन न. ०७५-५२२६९०

Khani Khola Hydropower Company Ltd.

Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325
Email: khanikhola.hpc@gmail.com, Website: www.kkhpcl.com.np

Unaudited Financial Statement for the Third Quarter Ended 30th Chaitra 2079

Statement of Financial Position as on 30th Chaitra, 2079

Amount in NRS.

Particulars	This Quarter Ending Chaitra End 2079	Previous Quarter Ending Poush End 2079	Corresponding Previous Year Quarter Ending Chaitra 2078
Shareholders fund			
Equity Share Capital	465,714,300	465,714,300	465,714,300
Retained Earnings	(40,754,567)	(21,534,626)	(36,673,272)
Medium and Long Term Loan			
Long Term Loans	808,796,507	816,571,889	832,554,349
Current Liabilities			
Trade and Other Payables	165,879,584	157,879,533	167,336,360
Total Sources of Fund	**1,399,635,824**	**1,418,631,095**	**1,428,931,737**
Application of Fund			
Non Current Assets			
Property, Plant & Equipments	958,747,130	969,750,669	999,590,811
Investment	8,000	8,000	8,000
Current Assets			
Advances & Deposits	440,001,034	441,676,100	428,950,424
Cash & Cash Equivalents	879,659	7,196,327	382,501
Total Application of Fund	**1,399,635,824**	**1,418,631,095**	**1,428,931**

Statement of Profit or Loss and Other Comprehensive Income for the period ended on 30th Chaitra, 2079

Particulars	This Quarter Ending Chaitra End 2079	Previous Quarter Ending Poush End 2079	Corresponding Previous Year Quarter Ending Chaitra 2078
Revenue	**124,644,420**	**106,600,812**	**127,545,359**
Sale of Energy	124,644,316	106,600,812	127,428,743
Interest Income	103	-	26,616
Other Income	-	-	90,000
Expenses	**16,295,524**	**12,901,724**	**20,222,644**
Administrative Expenses	16,295,524	12,901,724	20,222,644
Operating Profit/ (Loss)	**108,348,895**	**93,699,089**	**107,322,715**
Bank Interest expenses	74,520,604	50,413,354	56,002,349
Depreciation	29,711,207	19,948,708	30,267,340
Profit / (Loss) before Tax and Bonus	**4,117,085**	**23,337,026**	**21,053,026**
Profit/ (Loss) before Tax	**4,117,085**	**23,337,026**	**21,053,026**
Less: Tax	-	-	-
Net Profit/ (Loss)	**4,117,085**	**23,337,026**	**21,053,026**

Third Quarter Disclosure as of 30th Chaitra 2079(13th April 2023)
As per securities registration and issuance regulation Annex-XIV

1. Financial Statements

Financial Highlights	This Quarter Ending	Previous quarter ending	Corresponding Previous Year Quarter Ending Chaitra 2078
Basic Earning Per Share	0.88	5.01	4.52
Market Value Per Share (in Rs)	240	252.00	257.00
Net worth Per Share (in Rs)	91.25	95.38	92.13
Price Earning (P/E Ratio)	271.48	50.29	56.85
Current Ratio	2.66	2.84	2.57

२. व्यवस्थापकिय विश्लेषण:
यस संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन। कम्पनीको व्यवसायिक योजना अनुसार कार्यहरु हुदैछन्।

३. कानुनी कारवाही सम्बन्धी विवरण:
यस संस्थाले वा संस्थाको, संस्थापकवा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध तथा आर्थिक अपराध गरेको सम्बन्धी कुनै कानुनी कारवाहीको विवरण तथा मुद्दा दायर भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:
धितोपत्र बजारमा यस कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या यस प्रकार छ।

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मुल्य (रु)	शेयरको अन्तिम मुल्य (रु)	कारोबार भएको कुल दिन	कारोबार संख्या (शेयर संख्या)	(Sources) http.//nepalstock.com.np
२८३.५०	२२१	२४०	५६	७१६८२३	

५. समस्या, चुनौती:
पुर्वानुमान भन्दा बाहिर हुने दैवि प्रकोपको सामना गर्नु पर्ने चुनौती सदा रहिरहने छ। कम्पनीले निर्माण गरेको आयोजनाहरुबाट उत्पादित विद्युत जोड्ने मातातिर्थ-माल्टा ३३ के भी प्रसारण लाईनको निर्माण कार्य नेपाल विद्युत प्राधिकरणले समयमा सम्पन्न नगरेकोले नेविप्राको प्रथम बैकल्पीक व्यवस्था RCOD पश्चात २ वटा ११ के भी वितरण लाईन मार्फत विद्युत प्रवाह गर्दा एक तिहाई भन्दा कम विद्युत मात्र प्रवाह भै आयोजनालाई नोक्सानी भैरहेकोमा पुनः नेपाल विद्युत प्राधिकरणको दोस्रो वैकल्पीक व्यवस्था अनुसार मिति २०७६ फागुन २० बाट माण्डुको स्वीचयार्डबाट कुलेखानी १ मा विद्युत प्रवाह गर्दा आयोजनाबाट उत्पादन भएको करिव ९० प्रतिशत विद्युत प्रवाह भईरहेकोमा नेपाल विद्युत प्राधिकरणले माण्डुको स्वीचयार्डमा अपग्रेड गर्ने कार्य सम्पन्न गरिसकेको हुंदा हाल आयोजनाबाट उत्पादान हुने सम्पूर्ण विद्युत नेशनल ग्रिडमा प्रवाह भैरहेको छ। आयोजनाबाट उत्पादित विद्युत बैकल्पीक व्यवश्थाबाट प्रवाह भैरहेकोमा मिति २०७९ भाद्र २९ गतेबाट लागू हुने गरि नेविप्राले स्थाई रुपमा (Take or Pay) गरि विद्युत खरीद-बिक्री सम्बन्धी सम्झौता समेत सम्सोधन गरि सकेको छ। उच्च बैक ब्याज दरको कारण खर्च बढ्न गई कम्पनीको नाफामा प्रतिकुल असर पर्न गएको छ।

६. संस्थागत सुशासन:
कम्पनीको संस्थागत सुशासन कायम राख्न व्यवस्थापन तथा संचालक समिति सदा प्रतिवद्ध रहेको छ। प्रचलित कानुन र नियमन निकायबाट जारी भएका सुशासन सम्बन्धी व्यवस्थाहरु तथा निर्देशिकाहरु पूर्णरुपमा पालना गरीएको छ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम लेखा परिक्षण समिति गठन गरिएको छ आन्तरिक लेखा परिक्षणको व्यवस्था छ।

७. कार्यकारी प्रमुखको उद्घोषणः
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेकेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पुर्णतामा आधारित छन्, भनि विश्वास लिएको छु र लगानीकताहरुलाई समुचितनिर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाएको छैन भन्ने कुरामा पनि विश्वस्त छु।

राष्ट्रिय सम्मानसहित 'जिउँदो सहिद' मुकेशको अन्त्येष्टि



काभ्रेमा **इन्द्रबहादुर थापा**

मृत्युसँगको १७ वर्ष लामो संघर्षपछि बुधबार विश्राम लिएका दोस्रो जनआन्दोलनका घाइते मुकेश कायस्थको बिहीबार राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गरिएको छ।

मुकेशको पार्थिव शरीरमा सरकारको तर्फबाट सामान्य प्रशासनमन्त्री अमनलाल मोदी र गृहसचिव दिनेश भट्टराईले राष्ट्रिय झन्डा ओढाए। उनलाई काँग्रेस महामन्त्री विश्वप्रकाश शर्मा, एमाले नेता तथा पूर्वमन्त्री गोकुल बाँस्कोटा, माओवादी नेता तथा पूर्वराज्यमन्त्री सूर्यमान दोङ्गलगायत अन्य जनप्रतिनिधि र काभ्रेली जनताले अन्तिम श्रद्धाञ्जली दिए। मुकेशको शवलाई बनेपा नगर परिक्रमापछि उग्रेश्वार घाट लगिएको थियो। त्यहीँ उनको अन्त्येष्टि गरिएको हो।

'जिउँदो सहिद'का नामले चिनिएका मुकेशको ३२ वर्षको उमेरमा बुधबार साँझ साढे ७ बजे बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचारका क्रममा निधन भएको थियो। उनी लामो समयदेखि शिर मेमोरियलमै उपचारत थिए। जनआन्दोलन सुरु भएको चौथो दिन २७ चैत ०६२ मा मुकेशको कञ्चटमा गोली लागेको थियो। गोली लागेर घाइते भएका उनी त्यही दिनदेखि ओछ्यानमा परेका थिए। त्यसवेला उनको उमेर १४ वर्ष थियो। उनलाई ०७८ मा सरकारले 'लोकतन्त्रका योद्धा'को सम्मान प्रदान गरेको थियो।

लामो समयको उपचार र परिवारको निरन्तरको हेरचाहपछि स्वास्थ्यमा केही सुधार देखिए पनि ०७५ देखि पुनः अर्धचेत अवस्थामा फर्किएका थिए। मुकेशको परिवारलाई सरकारले क्षतिपूर्तिबापत सुरुमा साढे नौ लाख, मह जोडीले सुरु गरेको जनआन्दोलन कोषबाट दुई लाख, विभिन्न संघसंस्था र राजनीतिक संयन्त्रबाट सहयोग प्राप्त भएको थियो। सरकारले पछि दोस्रोपटक साढे सात लाख रुपैयाँ दिएको थियो। यस्तै, सरकारले मासिक १८ हजार रुपैयाँ निर्वाह भत्ता दिँदै आएको थियो। सरकारले बैंकको साढे सात लाख ऋण मिनाहा गरेको थियो भने स्वास्थ्य अवस्था हेर्न एकजना अनमीको व्यवस्था गरेको थियो।

हकदावीको सूचना

बाग्लुङ्ग जिल्ला, गल्कोट न.पा.वडा नं ०२ बस्ने रूपे श्रीसको नातीनी, मन बहादुर श्रीसको छोरी, बिमल पुनको श्रीमती नरमाया श्रीस घर्ति पुनको मिति २०७३/०२/०५ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं ०४००५०२०२५५००४ मा भएको सम्पूर्ण रकम निज श्रीमती नरमाया श्रीस घर्ति पुन को सबैभन्दा नजिकको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको पति बिमल पुनले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदा उक्त निक्षेप उपर निवेदक बिमल पुन बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक बिमल पुन को माग दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय,
लगनखेल, ललितपुर
फोन नं.:- ५५५२९८०
५५२२५५७
फ्याक्स नं. :- ५५५२९९०

हकदावीको सूचना

सोलुखुम्बु जिल्ला, जुभिङ गाविस वडा नं. ८ स्थायी ठेगाना भई ऐ.ऐ बस्ने पेम नुरु शेर्पाको नातीनी, सेकि शेर्पाको छोरी, आङ तुन्डु शेर्पाको श्रीमती दाली पुटी शेर्पाको मिति २०७९/१२/२३ गतेका दिन असामाहीक निधन भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं. ०२७०५०५०२६३१३९ र सामाजिक सुरक्षा भत्ता खाता नं. ०२७०५२५०२५१०२० मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निज श्रीमती दाली पुटी शेर्पाको छोरा ल्हाक्पा गेलु शेर्पाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुंदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्रधान कार्यालय
दरबारमार्ग, काठमाण्डौं
फोन नं :- ४२४२५३०
४२२८२२९
फ्याक्स:- ४२२६३४९
४२२८९२७
लुक्ला, सोलुखुम्बु
फोन नं.:- ०३८-५५०१२०
फ्याक्स :- ०३८-५५०२२०



'मिस्टर सुप्रानेसनल २०१८' का विजेता नेपालमा

'मिस्टर सुप्रानेसनल २०१८' का विजेता प्रथ्वेश मौलिंगकार नेपाल आएका छन् । उनी तेस्रो संस्करणको 'मिस्टर एन्ड मिस नेसनल नेपाल २०२३' मा निर्णायकको भूमिकाका लागि नेपाल आएका हुन् । उनले टप मोडल राउन्ड, स्विमर राउन्ड, प्रि-जज राउन्ड र फाइनलमा निर्णायकको भूमिका निर्वाह गर्नेछन् ।



आलिसानमा गुन्जिए यश कुमार

गायक तथा अभिनेता यशकुमार कमलपोखरीस्थित आलिसान लाउन्ज एन्ड क्लबमा गुन्जिए । बुधबार राति लाइभ ब्यान्डसहित स्टेजमा उक्लिएका उनले एक दर्जनभन्दा बढी आफ्ना नयाँ-पुराना गीत गाएर दर्शक झुमाए । 'पुरानो गाउँ' गीतबाट आफ्नो प्रस्तुति थालेका उनले सुरुमा आफ्ना पुराना हिट सेन्टिमेन्टल गीतहरू गाएका थिए ।

जन्डिस भएको कसरी थाहा पाउने ?
यसरी हुन्छ उपचार



डा. उदय कोइराला
जनरल सर्जन
मोडेल अस्पताल

जन्डिस (कमलपित्त) आफैंमा रोग होइन । तर, यो कुनै रोगको लक्षण हो । जुन हाम्रो शरीरका विभिन्न भागमा पहेँलोपनका रूपमा देखा पर्छ । आँखा पहेँलो हुनुका साथै छालाको रङ पहेँलो हुनु र नङ पहेँलो हुनुलाई जन्डिसको रूपमा बुझ्छौं । सबै जन्डिस एकै प्रकारको हुँदैन । पित्त कलेजोमा उत्पादन हुन्छ । धेरैजसो रोग कलेजोसँग सम्बन्धित हुन्छ । कलेजोबाहेक रगतका रोगहरूबाट पनि जन्डिस हुन सक्छ । कलेजोभन्दा अघिको कारणबाट हुने जन्डिस, कलेजोको कारणले हुने जन्डिस र कलेजोभन्दा पछि हुने कारणबाट हुने जन्डिस तीन वर्गमा विभाजन गरिएको हुन्छ ।



जन्डिस हुने कारण

■ जन्डिस विभिन्न कारणले हुने गर्छ । जसमध्ये रगतमा बिलिरुबिनको मात्रा बढी हुँदा पनि हुन्छ । जन्डिसले बच्चाबाहेक अन्य उमेरका मानिसमा खासै असर गर्दैन ।

■ एक्युट हेपाटाइटिस, क्रोनिक हेपाटाइटिस, कलेजोको क्यान्सर, पित्तथैली बन्द हुनुजस्ता कलेजोसम्बन्धी विभिन्न रोगका कारणले जन्डिस देखा पर्छ । रगतमा भएको बिलिरुबिनको मात्रालाई कलेजोमार्फत पित्तमा फाल्ने इन्जाइमको कमी हुँदा बिलिरुबिनको मात्रा झन् बढेर जन्डिस हुन्छ । साथै, विविध कारणले पित्तथैली बन्द हुँदासमेत जन्डिस हुने गर्छ ।

■ यदि कसैको रगतको खराबी, होमोलाइटिक रोग छ भने कसैलाई फियोको समस्या, कसैलाई रक्तकोषको समस्याका कारणले पनि जन्डिस हुन्छ । यो जन्मजात पनि हुन सक्छ । रगतको क्यान्सर, रगतसम्बन्धी अन्य रोग, फियोको खराबीलगायतका कारणले देखिने हुन्छ ।

■ कलेजोमा समस्या देखियो भने पनि जन्डिस देखिन्छ । पित्तथैलीको पत्थरी पित्तनलीमा गयो भने, पित्तनलीमा पत्थरीले ब्लक भयो भने पनि जन्डिस गराउन सक्छ । रक्तसञ्चार हुने नसाहरू खुम्चिएको अवस्थामा पनि जन्डिस हुन सक्छ । जन्डिस हुने कारण थुप्रै हुन्छन् ।

लक्षण

■ जन्डिस हुँदा खान मन नलाग्ने ।
■ हेपाटाइटिसको कारणले भएको जन्डिसमा कसैकसैलाई दाहिने कोखामा दुखाइ हुने ।
■ ज्वरो आउने ।
■ कमजोर महसुस हुने, थकाइ लाग्ने ।
■ पिसाब पहेँलो र बाक्लो हुँदै जाने ।
■ आँखा पहेँलो हुने ।
■ दिसामा सेतो देखिने

उपचार विधि

■ जन्डिसको लक्षण देखिएमा रगत जाँच, अल्ट्रासाउन्ड र पेटको एमआरसिटी जाँच गरेर पनि यसको निदान गर्न सकिन्छ ।

■ जन्डिस के कारणले भएको हो भन्ने पत्ता लगाउन जरुरी छ । जन्डिस लक्षण मात्र भएकाले सम्बन्धित रोगको उपचार गर्दा आफैं निको हुन्छ ।

■ दैनिक खानपानले जन्डिसमा धेरै प्रभाव पारिरहेको हुन्छ । त्यसैले खानेकुरामा विशेष ध्यान दिनुपर्छ । उसिनेको खानेकुरा, रातो मासु, अन्डाको पहेँलो भाग, गाई-भैंसीको घिउ, गुलियो स्वाद नभएका फलफूल खाने ।

■ सादा खाना, कम चिल्लो-पिरो खानेकुरा ।
■ अल्कोहलजन्य खानेकुरा नखाने ।
■ धूम्रपान, मद्यपान नगर्ने ।
■ जथाभावी औषधि सेवन नगर्ने ।
■ जन्डिस भएकाले आराम गर्नुपर्छ । यस्तो वेला छिटै थकान लाग्ने र कमजोर महसुस हुने हुँदा शारीरिक परिश्रम गर्नुहुँदैन ।

घरमै गर्न सकिन्छ एरोबिक्स



एरोबिक्स हिँडेर, साइक्लिङ गर्दै, नाचेर वा दौडेर पनि गर्न सकिन्छ । जसरी पनि गर्न सकिने भएकाले नै यो निकै लोकप्रिय भएको हो ।

अमेरिकाबाट सुरु भएको एरोबिक्स अहिले विश्वभर प्रसिद्ध छ । नेपालमा पनि यो अभ्यास गर्नेको संख्या बढ्दै छ । यो अभ्यासका लागि ट्रेनिङ सेन्टर नै जानुपर्छ भन्ने छैन । घरमै बसेर पनि गर्न सकिन्छ । तर, घरमा अभ्यास गर्नुअघि प्रशिक्षकसँग यसबारे पर्याप्त तयारी लिन भने जरुरी छ । अन्यथा, तौरतरिका बिग्रँदा यसको प्रभाव उल्टो पनि हुन सक्छ । एरोबिक्स जुनसुकै समयमा गर्न सकिन्छ । तर, बिहानको समयमा गर्दा नतिजा राम्रो आउँछ ।

एरोबिक्स गर्नुअघि शरीरलाई पाँच मिनेटजति हल्का वार्मअप गर्नुपर्छ ।

एरोबिक्स डान्स आधा घन्टा वा त्यसभन्दा लामो समय गर्ने गरिन्छ । यो अभ्यासका दौरान विभिन्न गीतका स्टेपमा प्रशिक्षकले नचाउँछन् । समूहमा बसेर गर्दा मानिसलाई रमाइलो महसुस पनि हुन्छ ।

भान्सामा ग्यासको सुरक्षित प्रयोग



हामीले भान्सामा प्रयोग गर्ने ग्यासमा अरू ग्यासभन्दा कम जोखिम हुन्छ । कहिलेकाहीं हेलचेक्र्याइँका कारण विस्फोट भएर आगलागी हुन सक्छ । ठूलो धनजनको क्षति पनि हुन सक्छ । यसले कति क्षति गर्छ भन्न सकिन्न । त्यसैले ग्यासचुलो प्रयोग गर्दा ध्यान दिन जरुरी छ ।

■ ग्यासचुलो नियमित रूपमा सरसफाइ तथा आवश्यकताअनुसार मर्मत गर्नुपर्छ ।
■ नेपाल गुणस्तर चिह्न प्राप्त रेगुलेटर र ग्यासपाइप मात्रै प्रयोग गर्नुपर्छ ।
■ ग्यासपाइप बढीमा १.५ मिटरभन्दा लामो हुनुहुँदैन ।
■ बाहिरी भाग कडा र पाइपको बीचमा तार भएको प्रयोग गर्नुपर्छ ।
■ खाना पकाउँदा आगोले चाँडै टिप्ने खालको कपडा लगाउनुहुँदैन ।
■ सकेसम्म शरीर पूरै ढाकिने कपडा लगाएर खाना पकाउनुपर्छ ।
■ सकेसम्म खाना पकाउँदा सुरक्षाका लागि एप्रोन प्रयोग गर्नुपर्छ ।
■ ग्यासमा पानी पर्न दिनुहुँदैन ।
■ ग्यास लिक भएको पाइएमा बिजुलीका स्विच अन-अफ गर्नुहुँदैन ।
■ ग्यास लिक भएको अवस्थामा झ्याल-ढोका खोलेर ग्यास बाहिर जान दिनुपर्छ ।



किशोरकुमार भट्टराई
अग्निनियन्त्रक

डन्डिफोरबाट बच्न गर्नुस् यी उपाय

डन्डिफोर जुनसुकै उमेरका मानिसमा पनि देखिन सक्छ । तर, विशेष गरी किशोरावस्थाका मानिसमा धेरै देखिन्छ । चिल्लो अनुहार भएका मानिसमा प्राकृतिक रूपमा डन्डिफोर आउने गर्छ । कतिपयमा वंशानुगत गुणका कारण पनि यो समस्या देखिन्छ । महिलामा महिनावारी हुँदा हर्मोनमा गडबडी भएर पनि डन्डिफोर आउन सक्छ । आमाको हर्मोनका कारण बच्चामा पनि डन्डिफोर आउन सक्छ, तर यो केही महिनामा आफैं निको भएर जान्छ । धुलो-धुवाँका कारण छालामा फोहोर जम्यो भने पनि डन्डिफोरको समस्या देखिन सक्छ ।

कसरी बच्ने ?

बिहान उठेपछि दैनिक फेसवासले अनुहार सफा गर्नुपर्छ । आफ्नो छालाको प्रकृतिअनुसारको फेसवास क्रिम प्रयोग गर्नुपर्छ । चिल्लो अनुहारमा आयल कन्ट्रोल फेसवास तथा फेस स्कर्ब पनि प्रयोग गर्दा हुन्छ । बिहान घरबाहिर निस्कँदा सनब्लक क्रिम अनिवार्य लगाउनुपर्छ । सनब्लक क्रिमले घाम, धुवाँ, धुलो, रापबाट छालालाई जोगाउन मद्दत गर्छ ।

के गर्ने ?

अनुहार, छाती, कुम र कहिलेकाहीं ढाडमा पनि डन्डिफोर आउन सक्छ । डन्डिफोरले अनुहारमा दाग, धब्बा वा स-साना खोपिल्टा छाडेर जान सक्छ । त्यसैले अनुहारलाई लिएर धेरैले चिन्ता गरेको पाइन्छ । शरीरमा अत्यधिक डन्डिफोर आएमा स्किनथेरापी गर्नुपर्छ । यसका माध्यमबाट फोहोर निकालिन्छ । प्रायः डन्डिफोर चिल्लो छालामा देखिने भएकाले यसबाट जोगिन छालालाई ड्राई राख्न कोसिस गर्नुपर्छ । धेरै चिल्लो खानेकुरा खानुहुँदैन । कपालमा तेल हालेर लामो समयसम्म राख्नुहुँदैन । अनुहारको चिल्लो हटाउन क्लिन्जिङ गर्नुपर्छ । दिनमा तीन-चारपटक अनुहार धुनुपर्छ र छालालाई सुक्खा बनाउने क्रिम लगाउनुपर्छ ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल बैशाख महिना २९ गते शुक्रबार)

यस विकास बैंक लि.को शाखा कार्यालय बुढीबजारबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायिक अधिविकर्ष तथा हायर पर्चेज कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, ब्याज र अन्य दे-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय बुढीबजारमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण

नाम : **पि.एल.विल्डर्स प्रा.लि.**
अख्तियार प्राप्त सञ्चालक : प्रविण कुमाल
दर्ता नं. : १७०४१५/७३/०७४
दर्ता मिति : २०७४/०३/१८
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाडौं
स्थायी लेखा नं. : ६०५९३९३९८
ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २७

व्यक्तिगत धनजमानीहरूको विवरण

१. नाम : **प्रविण कुमाल**
बाबुको नाम : प्रेम बहादुर कुमाल
बाजेको नाम : चेत बहादुर कुमाल
स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ वडा नं. ६
हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २७
ना.प्र.नं. : ४६१००२/१०६
जारी मिति र जिल्ला : २०६३/१२/२५, कास्की

२. नाम : **अनिता कुमाल**
बाबुको नाम : बाघ बहादुर कुमाल
पतिको नाम : प्रविण कुमाल
ससुराको नाम : प्रेम बहादुर कुमाल
स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. २
हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २७
ना.प्र.नं. : ४६-०१-६९-००५१२
जारी मिति र जिल्ला : २०६९/०५/२०, कास्की

३. नाम : **बिभा कुमाल**
बाबुको नाम : दामोदर कुमाल
पतिको नाम : प्रेम बहादुर कुमाल
ससुराको नाम : चेत बहादुर कुमाल
स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ वडा नं. ६
हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २७
ना.प्र.नं. : ८०६
जारी मिति र जिल्ला : २०४५/०१/१९, कास्की

४. नाम : **प्रेम बहादुर कुमाल**
बाबुको नाम : चेत बहादुर कुमाल
बाजेको नाम : अग्नीधर कुमाल
स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ
वडा नं. १, कास्की
हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २७
ना.प्र.नं. : १३००६०
जारी मिति र जिल्ला : २०५९/०७/०८, कास्की

धितो सुरक्षण सम्बन्धी विवरण :

१. अचल सम्पत्ति जग्गा : उल्लेखित जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	कि.नं.	क्षेत्रफल (रोपनी)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
प्रेम बहादुर कुमाल	अर्घौं-६, कास्की	८९५	२-९-०-०	१७५	बाटो	११९५	८९४

२. मेशिनरी उपकरण :

सवारी दर्ता नम्बर	ईन्जिन नम्बर	च्यासिस नम्बर	बनेको साल	कम्पनी	मोडल
ग १ क ५४८९	AE3249B3AE3539213	ECE03421CL0014221	2020	ESCORTS Ltd. Construction	EC compactor

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०७९/१०/०४ को नागरिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

शर्त बन्देजहरू :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८०/०२/१८ गते बिहीबार यस बैंकको शाखा कार्यालय बुढीबजार आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/०२/१९ गते शुक्रबार अर्थात २२ औं दिन दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय बुढीबजारमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

NOTICE FOR INVITATION FOR ENLISTMENT

For Fiscal Year 2080/81
Published Date : 2080/01/29

MAHALAXMI BIKAS BANK LIMITED invites for enlistment of registered Companies /firms for supply and delivery of goods and service. Interested Firms/Companies are requested to submitted their letter for enlistment along with Company's Registration, VAT and PAN with Tax clearance certificate up to last three fiscal years to the Bank's General Service Department Thapathali, Kathmandu within 15 days of this notice.

S.N.	Categories	Description
A.	Pre-Printing Items and Stationeries Goods	• MICR Cheque, Manager Cheque • Fixed Deposit Receipt • Pre Printed Stationeries (Forms) • ATM Roll & Queue Management Roll • Calendar & Diary Printing & Supply • Table (General) Stationeries • Toner / Cartridges, Ink, Toner Refilling, Ribbon • Stamps & refilling of Stamps, ID Cards & Visiting Cards • Card Pin Mailer, Temper proof envelope • Broacher, Banner Annual Report, other printing & Publication
B.	Computers and Other Office Equipment	• Desktop Computer, Laptop Computer, Server • Printer, Scanner, Photocopy • Dot Matrix Printer (Voucher Printing & Cheque/FD/Statement Printing) • ECC Scanner, Fake Note detector Machine • Note Counting Machine (Loose & Bundle) • Attendance Device, EPABX System/Telephone Sets, CCTV System, Access Control System • Online UPS, Batteries, Stabilizers, Generator and Solar related equipment's • Air Conditioners, Fire Extinguishers • ATM Machine, POS Machine, Queue Management Systems, Kiosk Machine • Network Switches, Firewall Device, Routers & Security Systems • Servers, Software & License • Any other equipment (please specify)
C.	Furniture and Furnishers	• BM Chair, Staff Chair, Visitor Chair • 3 Seater Metal Waiting Chair, Sofa • Four drawer Filing Cabinet, Two drawer filing cabinet • Open Racks (Skeleton Racks), Steel office daraj • Fire proof filing cabinet, fire proof vault (safe) • Any other metal and wooden furniture (please specify)
D.	Construction, Repair & Maintenance Work	• Civil, Electrical and Networking Construction & Maintenance Work
E.	Insurance Services	• Life & Non-life Insurance (Assets, Vehicle, Emergency & cash etc). Banker's Blanket Indemnity Insurance (BBI) Policy
F.	Annual Maintenance Contract (AMC)	• Air Conditioners, Attendance Devices • Computer and related peripheries • Fire Extinguishers Refilling • CCTV Systems, EPABX System • Electricity and Power Backup System related service • Furniture & Fixtures Maintenance • Other office equipment's maintenance
G.	Other Services	• Courier Service • Drinking water & Tanker water supply services • Air Ticketing Domestic and International • Health & Cleaning Services. • Constancy Services (IT, HR & Finance relate technical /nontechnical training • Advertisement and Promotional service(advertisement (Print, Online, Radio, Television) Agencies, business promotional goods (radio jingle, TVC, priny advertisement) designing & make,branding service,signboard,digital board,hording board) • Other Service (please specify)

General Terms and Conditions:

- Submission of separate letter (enlistment) for more than one group.
- Interested parties should submit the Cover letter for enlistment, Company's Registration, PAN Registration and Tax clearance certificate up to last three fiscal years with clearly mentioning the purpose of enlistment on sealed envelope.
- For enlistment of firm (single/joint) and company authorized signature is required.
- Interest parties should have 3 years of work-expeience and 3 letter of Recommendation from BFI's.
- Interested parties should deposit NPR 1,000 (non–refundable) at any branches as enlistment fee for each category in MDR income account 99950505000050 and provide the copy of deposit slip to General Service Department.

The Bank reserves the right to accept partly or reject any or all bids without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

सामान्य सेवा विभाग, थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०


सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

प्रचण्ड शक्तिको सिंहावलोकन

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने दलालविरुद्ध निर्धक्क छानबिन गराउने जुन हिम्मत प्रधानमन्त्री प्रचण्डले देखाए, त्यो प्रशंसनीय छ



● किशोर नेपाल
देशकाल



'देयर इज नो इभिल विदाउट गुड' ! केही समयअघि नेपाल आएका स्तम्भकार एकजना विदेशी पत्रकार मित्र आफ्नो अनुभव सुनाउँदै थिए- गज्जबको रहेछ प्रचण्डको व्यक्तित्व । उहाँबारे एक साताबीच एउटै मानिससँग चारपटक कुरा गर्दा दुईपटक उसले उहाँको चरम विरोध गऱ्यो भने दुईपटक पूर्ण समर्थन गऱ्यो । पाँचौंपटक उसले उहाँको समर्थन र विरोध केही नगरी यति मात्रै भन्यो- समकालीन नेपालमा उहाँबराबरको नेता छैन ।

उसको अनुभव अतिरञ्जित थिएन । नेपाली राजनीतिको कुनै पनि मौसम, कुनै पनि महिना र कुनै पनि दिनले त्यतिवेलासम्म पूर्णता पाउँदैन, जबसम्म सञ्चार माध्यममा पुष्पकमल दाहालको औपचारिक नामले राज्यसत्ताको केन्द्रमा स्थापित हुनुभएका माओवादी अध्यक्ष प्रचण्डको निन्दा र महिमाको विवरण आउँदैन । एक हिसाबले प्रचण्ड भाग्यमानी हुनुहुन्छ । कुनै पनि राजनीतिक नेताले जनताको निन्दा वा प्रशंसा पाएन भने ओइलाउँछ । प्रचार-प्रसारले नेताहरूको शरीरमा अतिरिक्त ऊर्जा प्रवाह गर्छ । यो ऊर्जा प्रचण्डले निरन्तर पाइरहनुभएको छ ।

विदेशी पत्रकार र पर्यवेक्षकका लागि यो नौलो अनुभव भए पनि हाम्रा लागि यो नयाँ विषय भने होइन । यो कुरा सत्य हो, प्रचण्डसदृश अर्को नेता आजको मितिमा नेपालमा छैन । प्रचण्ड राजनीतिक सिंहावलोकनमा माहिर हुनुहुन्छ । सिंहावलोकन अर्थात् सिंहको समान तीक्ष्ण ज्ञानचक्षु । त्यसो नहुँदो हो त अनुभवले पाकेका दुई ठूला पार्टी कांग्रेस र एमाले, पाका नेता माधव नेपाल, मधेसमा उदाएका नयाँ तारा सिके राउत, पुराना खेलाडी उपेन्द्र यादव, नयाँ जमानाका रवि लामिछाने, उन्मुक्ति पार्टीलगायत सबैलाई समेटेर उनी सर्वसम्मत प्रधानमन्त्री बन्ने थिएनन् । जंगलको राजा सिंहले आफूवरिपरिको परिवेशको सूक्ष्म परीक्षण गरेको हुन्छ । सिंह आफ्ना दुई दर्जनजति सिंहिनीसँगै साँझपख वन विहारमा जान्छ- निर्धक्क र निडर । न सिकारको आस, न सिकारीको त्रास । सिंहिनीहरू बडो कुशलतापूर्वक सिकार गर्छन् र सिंहलाई खुवाउँछन् ।

प्रचण्ड र उहाँको पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को सैद्धान्तिक प्रतिस्थापनाको मुख्य विरोधीका रूपमा रहेको कांग्रेस र यसका सभापति शेरबहादुर देउवाले उहाँसँग पटक-पटक गुहार मागेको स्पष्ट देखिएको छ । पछिल्लो समयमा सभापति देउवा आफैंले घचेटेर एमालेका अध्यक्ष खड्गप्रसाद ओलीको बैठकमा पुऱ्याएपछि प्रचण्ड एमालेको समर्थनमा प्रधानमन्त्री बन्नुभयो । तर, केही समयपछि नै सभापति देउवाले गल्ती महसुस गर्नुभयो । परिणाम, प्रचण्ड सबैको सहमतिमा प्रधानमन्त्री बन्नुभयो । राष्ट्रिय सहमतिका आधारमा कांग्रेसका नेता रामचन्द्र पौडेललाई देशको राष्ट्रपति बनाउनुभयो ।

राजनीतिको बिसातमा प्रचण्डले आफ्नो कुन गोटीलाई कसरी र कतिवेला कुन चालमा अघि सार्नुहुन्छ ? त्यसको अनुमान लगाउन कठिन छ । विपक्षीले उहाँको अगम्य चालको अनुमान गर्न नसकेर उहाँको विरोध गर्नु स्वाभाविकै मानिएला, तर कतिपय प्रसंगमा उहाँको आफ्नै पार्टी माओवादीसमेत धुरन्धर विरोधमा उभिने गरेको छ ।

प्रसंगवश आफ्नाबारे उठेका व्यक्तिगत प्रश्नको जवाफ दिन प्रचण्ड उपमा र उपमेयको सहारा लिने गर्नुहुन्छ । अहिलेसम्म उहाँको शक्तिको कम आकलन गर्दै आएका मानिसले समेत अहिले उहाँ नै वर्तमान राजनीतिको सर्वाधिक शक्तिशाली व्यक्तित्व हो भन्ने मान्न बाध्य हुनुपरेका छ । किनभने, नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने दलालहरूविरुद्ध निर्धक्क छानबिन गराउने हिम्मत देखाएको त प्रधानमन्त्री प्रचण्डले नै हो । उहाँले नै निमित्त नायकका रूपमा नारायणकाजी श्रेष्ठलाई उपप्रधानमन्त्री तथा गृहमन्त्री बनाउनुभएको हो । अहिलेसम्म राजनीतिको सम्पूर्ण बहस प्रचण्ड शक्तिशाली हुन् कि होइनन् ? भन्नैमै केन्द्रित रहेको थियो । अहिले साबित भएको छ, शक्तिको प्रयोग गर्ने साहस पनि प्रचण्डमा नै छ । कुनै एफएम, कुनै टेलिभिजन, कुनै सम्पादकीय, कुनै समाचार र कुनै स्तम्भ यस्ता रहेनन्, जसमा प्रचण्डको शक्तिको चर्चा नगरिएको होस् । यतिवेला प्रचण्डको बजारमूल्य सर्वाधिक चर्को रहेको साबित गर्न यति नै पर्याप्त छ ।

प्रचण्ड सार्वजनिक चर्चामा मात्रै होइन, वास्तविक राजनीतिमा पनि साँच्चै शक्तिशाली हुनुहुन्छ भन्ने त घटनाक्रमले नै पुष्टि गरिसकेका छन् । उहाँसँग घोर विमति राख्दै आएका उहाँका पार्टीका नेता र सदस्यहरू प्राविधिक राजनीतिक कारणले उहाँको वरिपरि झुम्मिन बाध्य होलान् ।

> नेपाली राजनीतिको कुनै पनि मौसम, कुनै पनि महिना र कुनै पनि दिनले त्यतिवेलासम्म पूर्णता पाउँदैन, जबसम्म सञ्चारमाध्यममा पुष्पकमल दाहालको औपचारिक नामले राज्यसत्ताको केन्द्रमा स्थापित भएका माओवादी अध्यक्ष प्रचण्डको निन्दा र महिमाको विवरण आउँदैन

यो अस्वाभाविक होइन । तर, किन सबै राजनीतिक दलहरू ग्रहहरूले सूर्यको परिक्रमा गरेजस्तै उहाँकै वरिपरि घुमिरहेका छन् ? के बाध्यता छ त्यस्तो कि शान्ति प्रक्रियाको प्रारम्भदेखि नै कांग्रेस, एमाले, जनमोर्चालगायत पहाड, मधेस सबैतिरका पार्टीहरू, माओवादी पार्टीमा रहेका वैद्य, भट्टराई र बाबुराम लगायत आधा दर्जन नेताहरू उहाँविरुद्ध खुलेआम लाग्दा पनि किन प्रचण्डलाई वाद गरेर शान्ति र संविधानको बाटो खोल्न सक्षम साबित भएनन् ? यसको जवाफ खोज्नु त्यति असहज छैन ।

परिवर्तनको स्वभाव विलक्षणकारी हुन्छ । परिवर्तनपछि जब राज्यशक्तिलाई आफ्नो नियन्त्रणमा राख्दै आएको एउटा पुस्तालाई अर्को पुस्ताले विस्थापित गर्न खोज्छ, त्यतिवेला विस्थापित पुस्ता बचेखुचेको अस्तित्व जोगाउन नयाँ पुस्तामै निर्भर रहन्छ । उसले बदलिँदो परिप्रेक्ष्यलाई आत्मसात् गर्न सक्दैन । लामो समयदेखि जमेर बसेको अनुदारवादी मानसिकताका कारण कुनै निर्णायक बिन्दुमा पुग्ने क्षमता उसले गुमाइसकेको हुन्छ । नेपाली राजनीतिमा अहिले जे भइरहेको छ वा जे देखिएको छ, यो त्यही मानसिकताको प्रतिबिम्ब हो ।

परिवर्तनपछि समाजमा देखिने कोलाहल प्राकृतिक विपत्तिका वेला सुनिने हाहाकार जस्तो हुँदैन । एकथरि मानिस आमूल परिवर्तनपछि पनि क्रान्तिको निरन्तरताको भ्रममा बाँचेका हुन्छन् । अहिले माओवादी जनयुद्धमा सक्रिय रहेका नेताहरू अलमलिएका छन् । कांग्रेस आफ्नै सर्वोच्चताको भ्रममा अलमलिएको छ । प्रधानमन्त्री प्रचण्डको अहिलेको कारबाहीले एमालेलाई निस्तेज तुल्याएको छ । यी भ्रमको मध्यबिन्दुबाट स्वस्फूर्त रूपमा एउटा नयाँ पद्धतिले आकार लिन थालेको छ । खराब वा असल कस्तो पद्धति बस्ने हो ? त्यसको निर्क्योल हुन सकेको छैन र पनि मानिसहरू यो विकसित भइरहेको पद्धतिमा आफ्ना लागि ठाउँ खोज्न थालेका छन् । विभिन्न विचारको संलग्नता बढ्न थालेको छ । दुर्दम्य विद्रोही मानिएका माओवादीको नेतृत्व अहिले नयाँ राज्य सत्ताको स्वरूप र आकारको निर्माणमा लागेको छ ।

परिवर्तनपछि जनताले चाहेजस्तो सुविधा र राहत नपाए पनि नेपाली समाज परिवर्तनको बाटोमा हिँडिरहेको छ । यसपटक परिवर्तनका संवाहक रहेका माओवादीका लागि नै पनि अहिलेका घटनाक्रम सपनाजस्तै लागेको हुनुपर्छ ।

परिवर्तनको यो प्रहार नेपाली जनताले अनुभव नगरेको विषय होइन । पहिलो जनआन्दोलनपछि राजाका भाइ-भारदार, वरिष्ठ प्रशासक, बुद्धिजीवी र साहू-महाजनको लर्को लागेको थियो परिवर्तनका संवाहक बनेको कांग्रेसका नेताहरूको आँगनमा । मानिसहरू कांग्रेस नेताहरूको तौरतरिका र भाषिक व्यवहार सिक्दै थिए । सात सालपछि सुरु भएको 'बाबु' शब्द गिरिजाप्रसाद कोइरालाबाहेक अरू नेतालाई सुहाउँदैनथ्यो । तैपनि, मानिसहरू गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईलाई समेत गणेशबाबु र किशनबाबुका रूपमा सम्बोधन गर्थे । मानिसले छिट्टै गणेशमानजी र किशुनजीलाई सम्बोधन गर्ने तरिका सिकेका थिए । अहिले त्यो समय एकपटक फेरि दोहोरिएको छ । मानिसहरू कसलाई 'सर' भन्नुपर्ने हो र कसलाई 'कमरेड', माओवादी नेताहरूको तौरतरिका र भाषिक व्यवहार सिक्दै छन् । यसलाई हामी सबैले मनन गर्नु जरुरी छ । किनभने, सामाजिक व्यवहारको समझ नभएसम्म राजनीतिक परिवर्तनको पहिचान हुन सक्दैन ।

कुनै पनि हिसाबले प्रधानमन्त्री तथा माओवादी अध्यक्ष प्रचण्ड अहिलेको नेपाली राजनीतिमा सर्वाधिक शक्तिशाली व्यक्तित्व हुनुहुन्छ, जसलाई सिंहको राजनीतिक कलाको राम्रो ज्ञान छ । होइन भने कांग्रेस र एमालेजस्ता ठूला दल र अन्य साना, मझौला दलका नेताहरू उहाँलाई ठाडै क्रस गरेर विजयको चरमोत्कर्षमा पुगिसकेका हुने थिए । प्रचण्डको मुख हेरेर टोलाउने थिएनन् ।

परिवर्तन यसरी नै अघि बढ्ने गर्छ । २०४६ मा भएको पहिलो जनआन्दोलनका वेला नेपालको जनसंख्या डेढ करोड थियो । त्यतिखेर राजनीतिक प्रदर्शनमा सहभागी हुने जनसमूहले काठमाडौंको दरबारमार्ग भरिनु नै ठूलो कुरो हुन्थ्यो । दोस्रो जनआन्दोलनको समयमा देशको जनसंख्या अढाई करोड पुगिसकेको थियो । आन्दोलनको पक्षमा ओइरिएको विशाल मानव सागरका लागि पूरै काठमाडौं सहर साँघुरो भएको थियो ।

लियो टुर्स्कीले लेखेका छन्, परिवर्तनलाई ती मानिसले मात्रै पागलपन भन्छन्, जसलाई परिवर्तनले पन्छाइदिन्छ । यो सर्वथा सत्य वचन हो ।

३ प्रश्न

नेपाली कांग्रेसका युवा नेता **गुरुराज घिमिरे**लाई



भुटानी शरणार्थीका नाममा भएको ठगीमा पार्टी नेताहरूको नाम मुछिनु र पक्राउसमेत पर्नुलाई कसरी हेर्नुभएको छ ?

यो अरूजस्तो सामान्य भ्रष्टाचार मात्र होइन, नेपाली नागरिकलाई नै अनागरिक बनाएर बिक्री गर्नेजस्तो गम्भीर अपराधसमेत हो । यो सोझासीधा नागरिकमाथिको गम्भीर ठगी हो । यसले अन्तर्राष्ट्रिय जगत्सामु देशको छवि धुलीसात् बनाएको छ । त्यसैले, यसमा यो वा त्यो पार्टीका नेता या कार्यकर्ता भनेर हेरिनुहुँदैन । जोजो संलग्न छन्, तिनलाई छाड्नु या उन्मुक्ति दिनुहुँदैन । तर, अहिले नाम आउनु नै चाहिँ ठूलो कुरो होइन ।

अहिले पार्टी नेताहरूमाथि उठेको प्रश्नले पार्टी जीवनमा कस्तो प्रभाव पार्ला ?

यस प्रकरणमा संलग्न जोसुकै भए पनि तिनलाई कानुनी कराबाहीमा सहयोग गर्यौं भने यसबाट पार्टी जीवनमा सकारात्मक प्रभाव नै पर्छ । तर, आफ्नो पार्टी र आफ्ना मान्छे भनेर यस प्रकरणमा जोडिएका व्यक्तिलाई जोगाउन ढाकछोप गर्ने, सामसुम पार्ने प्रयास गरियो भने यसले पार्टी जीवनलाई ध्वस्त पार्न र नेपाली समाजमा पार्टीहरूमाथि व्याप्त अविश्वासलाई थप मलजल गर्न सक्छ ।

यस प्रकरणले नेपाली राजनीतिको शुद्धीकरणमा सकारात्मक प्रभाव पार्ने सम्भावना कति देख्नुहुन्छ ?

यो मात्र होइन, नेपाली राजनीतिलाई बदनाम र पथभ्रष्ट बनाउने अनगन्ती घटना छन् । अहिले यसलाई टुंगोमा पुऱ्याएर क्रमशः अन्य घटनामा पनि प्रवेश गर्न सकियो भने यसले नेपाली राजनीतिमा सकारात्मक प्रभाव पार्न सक्छ ।

प्रेरक प्रसंग

पण्डितजीको आदर्श

पण्डित मदनमोहन मालवीयले जतिखेर कलेजको शिक्षा पूरा गरे, त्यतिखेर उनको आर्थिक स्थिति धेरै खराब थियो । उनले तुरन्त अध्यापकको नोकरी सुरु गर्नुपऱ्यो । त्यसबाट उनले निकै कम तलब सुविधा पाउँथे । पछि आफ्नो प्रतिभा, योग्यता र विद्वताले उनले धेरै प्रसिद्धि कमाए । राजा रामपाल सिंहले पनि उनका विषयमा धेरै कुरा सुनेका थिए । त्यति वेला उनले हिन्दुस्तान नामक समाचारपत्र प्रकाशन सुरु गरेका थिए, जसका लागि उनलाई एउटा सुयोग्य सम्पादक चाहिएको थियो । सिंहले मालवीयलाई बोलाए र सोधे, के उनी समाचारपत्रको सम्पादक बन्न चाहन्छन् ? साथै उनले मालवीयजीको अगाडि २५० रुपैयाँ मासिक तलब दिने प्रस्ताव पनि राखे र उनीसँग प्रार्थना गरे कि उनले सो प्रस्ताव अस्वीकार नगरून् ।



अध्यापनबाट मालवीयले थोरै तलब पाउँथे । यसैले उनको प्रस्ताव स्वीकार गरे । तर, एउटा समस्या थियो कि राजासाहेब रक्सी सेवन गर्थे भने मालवीयलाई रक्सीसँग घृणा थियो । उनले भने, 'म सम्पादन कार्य अवश्य गर्नेछु । तर, मेरो एउटा सर्त छ ।' 'म तपाईंका हरेक सर्त मान्न तयार छु,' राजासाहेबले भने । यो सुनेर मालवीयजीले भने, 'जब तपाईं नशामा हुनुहुनेछ, कृपया तब म भएको ठाउँमा नआउनुस् ।' राजासाहेबले मुस्कुराएर 'हुन्छ' भने ।

यसपछि मालवीय सम्पादन कार्य सुरु गरे । तर एक दिन राजासाहेबले नशामा आफ्नो वचन भुले र मालवीयजीको कार्यकक्षमा पुगे । नशामा उनलाई देख्नासाथ मालवीयजीले तत्काल राजीनामा दिए । जब राजाको नशा उत्रियो, तब उनलाई धेरै ग्लानि भयो । उनले मालवीयजीसँग क्षमायाचना गरे, तर मालवीयजीले भने, 'म क्षमाभन्दा धेरै आफ्नो आदर्शलाई मान्छु । म अब तपाईंकोमा काम गर्न सक्दिनँ ।' राजासाहेबले त्यो दिनदेखि रक्सी खान छोडे र मालवीयलाई वकालत पढ्नका लागि २५० मासिक छात्रवृत्ति दिइरहे ।

टिप्पणी
nayapatrikaofficial
@naya_patrika

काठमाडौंमा स्वास्थ्य बिमा कहिले ?

सरकारले स्वास्थ्य बिमा सुरु गरेको धेरै समय भइसक्दा पनि संघीय राजधानी काठमाडौंवासीका लागि भने स्वास्थ्य बिमा सुरु नै हुन सकेको छैन । काठमाडौंवासीले यस विषयमा जतिसुकै गुनासो गरे पनि राज्यलेका सुनेको नसुन्यै गरेको देख्दा अचम्म लागिरहेको छ । बाँकी सबै जिल्लामा स्वास्थ्य बिमा सुरु भइसक्दा पनि काठमाडौंमा स्वास्थ्य बिमा सुरु गर्ने विषयमा सम्बन्धित निकाय र राजनीतिक पार्टीहरूका नेता र तीनै तहका सरकारको ध्यान नजानु दुःखको विषय हो । देशभर स्वास्थ्य बिमाको व्यवस्था लागू भइसक्दा पनि काठमाडौंवासीमा चाहिँ स्वास्थ्य बिमा सेवा सुरु गराउनमा केले छेकेको हो ? के काठमाडौंवासीले स्वास्थ्य बिमा गर्ने नगर्ने हो ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

अनुसन्धान यतिमै नरोकियोस्

आफ्ना नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर बेचेर अकुत सम्पत्ति आर्जन गर्ने आपराधिक धन्दाका आरोपी पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाणको गिरफ्तारीले अब यस अपराधमा संलग्न 'ठूला माछा' पनि प्रहरीको पासोमा पर्ने संकेत गरेको छ । अब यस आपराधिक घटनाको थप विस्तृत अनुसन्धान गरी संलग्नजति सबैलाई कुनै भेदभाव नगरी जोसुकै भए पनि उसलाई कडाभन्दा कडा सजाय दिनुपर्छ । आफ्ना नागरिकलाई अनागरिक बनाएर बेच्नु सामान्य अपराध होइन, गम्भीर राष्ट्रघात नै हो ।

● **बिन्जु पाखिन**
पाटनढोका, ललितपुर

प्रहरीलाई बधाई

नेपाल प्रहरीले पछिल्लो समयमा नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भन्दै उनीबाट अर्बभन्दा बढी उठाएर बाँडचुँड गरेको अपराधबारे गम्भीर रूपमा अनुसन्धान गरिरहेको छ । यस क्रममा उसले गिरोहका महत्त्वपूर्ण सदस्यहरूलाई पक्राउ गरेर बयान लिइरहेको छ । एकअर्का आरोपीको बयान लिँदै गर्दा यस जघन्य अपराधबारे थप रहस्यहरू उदांगो हुँदै गएका छन् । यसमा नेपाल प्रहरीको चुस्त अनुसन्धान पक्रियाको ठूलो भूमिका रहेको छ । नेपाल प्रहरीलाई बधाई छ ।

● **कुमार मगर**
सामाखुसी, काठमाडौं

राना प्लाजाको विकासले निम्त्याएको क्षति

पुँजीवादको गणितले राष्ट्रिय आर्थिक वृद्धिलाई प्राथमिकतामा राख्छ, जहाँ मुलुकभित्र र बाहिर मुनाफाको समतामूलक वितरण गौण बन्छ



देश / विदेश

● अन्तरा हल्दार

बंगलादेशको राजधानी ढाकानजिकै ठूलो संख्यामा कपडा कारखाना रहेको आठतले व्यावसायिक भवन राना प्लाजा २४ अप्रिल २०१३ मा भत्केको एक दशक भइसकेको छ । राना प्लाजा भत्किँदा एक हजार एक सय ३४ जनाले ज्यान गुमाए, दुई हजारभन्दा बढी गम्भीर घाइते भए । ज्यान गुमाउने र घाइते हुनेमा आधिकांश महिला थिए । यो त्रासदी तीन हजारभन्दा बढी मानिसको ज्यान लिने सन् १९८४ को भोपाल ग्यास त्रासदीपछिकै सबैभन्दा ठूलो औद्योगिक प्रकोप र आधुनिक कपडा उद्योग इतिहासकै सबैभन्दा खतरनाक दुर्घटना हो । कैयौं दिनसम्म भवनको भग्नावशेषमा दबिएका हजारौं मजदुरले भोक र प्यासले ज्यान गुमाएका थिए भने केहीले आफ्नै पिसाबसमेत सेवन गर्नुपरेको थियो ।

पहिल्यै यो दुर्घटना हुन सक्ने अनुमान थियो र यसलाई रोक्न सकिने अवस्था पनि थियो । यो भवन पोखरी पुरेर तयार पारिएको जमिनमाथि गुणस्तरहीन निर्माण सामग्री प्रयोग गरी ठड्याइएको थियो । स्वभावतः भवनले भारी मेसिन र उपकरण थेग्न सक्दैनथ्यो । त्यसमाथि भवनका चार तला अवैधानिक रूपमा थपिएका थिए, जसले भवनको संरचनालाई थप जर्जर बनाएको थियो । भत्किनुभन्दा केही दिनअघि भवनमा दरार आएको थियो र केही तला खाली पनि भएका थिए । तर, भवनका मालिक सोहेल रानाले भवनमा दैनिक कामकाज नियमित चलिरहनुपर्ने अड्डी कसेका थिए । आपूर्ति लक्ष्य पूरा गर्ने दबाबका कारण रानाले काममा नआउने मजदुरको ज्याला (मासिक करिब पाँच हजार) रोक्का गर्ने धम्की दिए । रानाको धम्कीसामु निरीह भएका मजदुर मृत्युजालमा परे ।

राना प्लाजाजस्ता त्रासदी विकासोन्मुख मुलुकका भ्रष्ट सरकार र अनियन्त्रित व्यापारका कारण भएको हो भन्दै सजिलै खारेज गरिन्छ । वास्तवमा विकसित पश्चिमा मुलुक पनि उत्तिकै दोषी छन् । भग्नावशेषमा विश्वका ठूला विक्रेता र फेसन ब्रान्ड अंकित कपडा देख्न सकिन्थ्यो । सो भवनका कारखानामा बेनेटन, मोनसुन, म्यांगो, वालमार्ट, प्रिमार्कलगायत २९ ठूला विक्रेताका स्रोत गोदाम थिए । विकासोन्मुख मुलुकले बहुराष्ट्रिय निगमबाट हुने विदेशी लगानीको प्रतिस्पर्धा गरिरहेका अवस्थामा अन्तर्राष्ट्रिय व्यापार संयन्त्रले यी मुलुकमा चरम शोषण गरेर उत्पादन बढाउने होडबाजीका कारण राना प्लाजाजस्ता कारखाना अस्तित्वमा आएका हुन् । बंगलादेशमा नियमनको कमीले न्यून पारिश्रमिकलाई प्रोत्साहन गरेको छ र त्यहाँको दोहनकारी कार्यस्थलको अवस्थालाई आधुनिक दासतासँग तुलना गर्न मिल्छ ।

विश्व आपूर्ति शृंखलामा ४५ करोडभन्दा बढी मानिसले रोजगारी पाएका छन् र यो शृंखलाले एकैपटक शोषण पनि गर्छ र यसलाई लुकाउँछ पनि । विकासोन्मुख मुलुकका मजदुरमाझ रोजगारी सारेर (आउट सोर्सिङ) बहुराष्ट्रिय निगम अन्तर्राष्ट्रिय श्रम मानकलाई छल्छन् र यी मजदुरलाई उपलब्ध गराउनुपर्ने अधिकार एवं लाभ दिँदैनन् । यो बदमासी विकासोन्मुख मुलुकमा मात्रै सीमित छैन । अमेरिकाका कपडा उद्योगमा पनि चरम शोषण देख्न सकिन्छ, लस एन्जलसका मजदुरले एक घन्टामा १.५८ डलर मात्रै ज्याला पाउँछन् । एमेजोनजस्ता प्रविधि कम्पनीमा समेत मजदुरले विषम परिस्थितिमा काम गर्छन् र ज्यालाका मामिलामा अत्यधिक शोषणमा पर्छन् ।

पोप फ्रान्सिस समेतबाट राना प्लाजा त्रासदीमा व्यापक निन्दा नभएको होइन, तर १० वर्ष हुँदा पनि भवन भत्किनु र त्यसले निम्त्याएको मानवीय क्षतिको कारणलाई सम्बोधन गर्न खासै कुनै पहलकदमी



तस्बिरः मुनिर उज जमान

लिइएको छैन । उदाहरणका लागि सन् २०१३मा हस्ताक्षर गरिएको कानुनी रूपमा बाध्यकारी एकर्ड अन फायर एन्ड बिल्डिङ सेफ्टी सम्झौताको सन् २०१८मा नवीकरण हुँदा लेभी स्ट्रस, ग्याप, वालमार्ट र एमेजोनजस्ता ठूला कम्पनीले नवीकरणलाई स्विकारेनन् । बरु यी कम्पनीले सन् २०१८ को अन्त्यताका बाध्यकारी नहुने एलायन्स फर बंगलादेश वर्कर सेफ्टीको विकल्पलाई अँगालेका थिए । तर, अन्तर्राष्ट्रिय श्रम संगठन, अन्य दाता, गैरसरकारी संस्था, बंगलादेशी सरकार, ट्रेड युनियन र कपडाका ब्रान्डले स्थापना गरेको राना प्लाजा ऐरेन्जमेन्टले बाँच्न सफल भएका र पीडित परिवारलाई सहयोग गरेर घाउमा मलम लगाएका थिए ।

राना प्लाजाको घटना कुनै पृथक् होइन, बरु यो एक वैश्विक पुँजीवादमा हुने दुर्व्यवहार एवं शोषणको सूक्ष्म रूप हो । दक्षिणी गोलार्धका मुलुकले उपनिवेशको धङधडीबाट पार पाएर शताब्दीयौंको विकास केही दशकमै पूरा गर्ने अपेक्षा गरिएको छ । केही मुलुक यो अपेक्षामा खरो उत्रिइरहेका छन् । सन् १९७१ मा स्वतन्त्रता हासिल गरेपछि बंगलादेशले अत्यधिक आर्थिक वृद्धि गरेको छ र यसमा विश्वकै दोस्रो ठूलो गार्मेन्ट निर्यातकर्ताको हैसियतले काम गरेको छ । तर, पुँजीवादको गणितले राष्ट्रिय आर्थिक वृद्धिलाई प्राथमिकतामा राख्छ, जहाँ मुलुकभित्र र बाहिर मुनाफाको समतामूलक वितरण गौण बन्छ । रोजगारदाता/मालिकले ज्यालामा दोहन गरिरहँदा बजारले मजदुरलाई उपयुक्त क्षतिपूर्ति दिन सकेको छैन । सम्पत्ति र स्रोतको न्यायपूर्ण वितरणका लागि एडम स्मिथको अदृश्य हातमा नियन्त्रण गर्दै नियमन एवं पुनर्वितरणका नीति लागू गर्नुपर्छ ।

विकासोन्मुख र विकसित मुलुकबीचको शक्ति असन्तुलनले वैश्विक पुँजीवादको जग पोखरीमाथि ठड्याइएको कारखानाजत्तिकै कमजोर छ भन्ने देखाउँछ । राना प्लाजा भत्किनुअघि चिरा परेभर्नै मौजुदा असमानता र बढ्दो जलवायु परिवर्तनले यो पुँजीवादी व्यवस्थामा दरार ल्याइरहेको छ । तर, लिओनार्ड कोहेनले भनेझैं 'हरेक ठाउँमा चिरा परेका छन् र तिनै चिराबाट प्रकाश भित्र पस्ने' गर्छ । हामी विवेकी छौं भने दरारलाई बेवास्ता गर्नेछैनौं र प्रकाशलाई देख्नेछौं ।

(हल्दार क्याम्ब्रिज विश्वविद्यालयकी सहप्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

दलहरू किन यति अव्यवस्थित ?

एमालेको नौ महिनापछि केन्द्रीय कार्यसमिति बैठक सुरु भएको छ । कांग्रेसको भने योभन्दा पनि गएगुज्रको अवस्था छ । माहाधिवेशन सम्पन्न भएको १७ महिना बित्दासमेत कांग्रेसको केन्द्रीय कार्यसमिति र भातृ संस्थाहरूले समेत पूर्णता पाउन सकेका छैनन् । समय-समयमा बैठकहरू बस्ने, सरकार र पार्टीको कामको मूल्यांकन र समीक्षा गर्ने लोकतान्त्रिक अभ्यास ठूला दलले देखाउनै सकेनन् या नेतृत्वले त्यसो गर्नै चाहेन ।

कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओली दुवैमा केन्द्रीय कमिटी बैठक बसे आफूहरूमाथि धेरै प्रश्न उठ्ने र आफ्नो आलोचना हुने मनोवैज्ञानिक त्रास छ । सायद त्यसैले गर्दा उनीहरू केन्द्रीय कमिटी बैठकको सामना गर्ने चाहन्नन् । जसले गर्दा केन्द्रीय कमिटी बैठक झन्डै वर्षदिनको हाराहारीमा पनि बस्न कठिन हुँदै गएको छ । समय-समयमा बैठक बसेर आत्मसमीक्षा गर्न सकेमा मात्र आफ्ना गल्ती सुधार्न सकिन्छ । तर दुर्भाग्य, हाम्रा दलका शीर्ष नेताहरू नै बैठक बसेर आफ्ना कामको समीक्षा गर्न उदासीन हुने, बैठक पर बार्ने, आलोचना सुन्नै नचाहने मानसिकता बोकेर बसेका छन् । जसले गर्दा दलहरूप्रति जनतामा वितृष्णा उब्जेको छ ।

यस्तो अवस्थामा अब दलहरूले आफ्ना बैठक नियमित बसेर कमी-कमजोरीमाथि गम्भीर आत्मसमीक्षा गरेर आफूलाई सच्याउँदै अघि बढेमा जनताले साथ दिन पनि सक्छन्, अन्यथा यसै भन्न सकिन्न ।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

टर्कीको चुनाव र पश्चिमाको भ्रम

एर्दोगानले हारे भने पनि उनको विरासत कायम रहनेछ



● मारवान बिसारा

(अमेरिकन युनिभर्सिटी-पेरिसका अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक रहिसकेका मारवान बिसारा अमेरिकी विदेश नीति, मध्यपूर्व र अन्तर्राष्ट्रिय रणनीतिक मामिलामा विज्ञ मानिन्छन् ।)

मे १४ मा हुन लागेको टर्कीको चुनावले अन्तर्राष्ट्रिय जगत्को उलेख्य ध्यान तानिरहेको छ । प्रमुख पश्चिमी मिडियाले त यस चुनावलाई यो वर्ष (सन् २०२३) को 'सबैभन्दा महत्त्वपूर्ण चुनाव'को संज्ञा दिएका छन् । पश्चिममा यसपटक राष्ट्रपति रेसेप तैयप एर्दोगान र उनको 'जस्टिस एन्ड डेभलोपमेन्ट(एकेपी)' पार्टीको हार हुने विश्लेषण भइरहेको छ । एर्दोगानलाई हराउने प्रतिद्वन्द्वीले देशको घरेलु र अन्तर्राष्ट्रिय नीतिहरू बदल्ने र टर्की पुनः पश्चिममैत्री हुने तिनको आशा छ । तर, पश्चिमको यो सोच स्वेरकल्पना मात्र साबित हुन सक्छ । यदि एर्दोगान पराजित नै भए भने पनि उनको विरासत कायम रहने देखिन्छ ।

पश्चिममा, टर्कीका राष्ट्रपतिलाई 'अर्को पुटिन'को रूपमा चित्रण गरिन्छ । पश्चिमी मिडियाले एर्दोगानलाई गुमेको (अटोमन) साम्राज्य पुनर्स्थापनाको सपना साकार पार्न कटिबद्ध एक लोकरञ्जक, विभाजनकारी र अधिनायकवादी नेताको रूपमा व्याख्या गर्ने गर्छन् । उनको नेतृत्वमा व्याप्त नातावाद, कमजोर अर्थतन्त्र, उच्च मुद्रास्फीति र मुद्रा अवमूल्यनजस्ता कारण उनको आलोचना हुने गर्छ । एर्दोगानका विपरीत उनका प्रमुख प्रतिद्वन्द्वी विपक्षी उम्मेदवार केमाल किलिच्दारोग्लुलाई एक समझदार, विनम्र र जिम्मेवार नेताको रूपमा चित्रण भइरहेको छ । विजयी भए भने उनले देशको प्रजातन्त्र पुनर्स्थापना गर्ने र पश्चिमसँग तित्त बन्दै गएको सम्बन्धलाई पुनः ट्र्याकमा ल्याउने बताइँदै छ । यस्ता चित्रणलाई टर्कीका एर्दोगान समर्थक मिडियाले आलोचना गर्दै त्यो कल्पना मात्र भएको भन्दै उपहास गर्ने गरेका छन् । निर्वाचन नजिकिँदै गर्दा अझै आगामी राष्ट्रपति को हुनेछ भन्ने स्पष्ट चित्र आइसकेको छैन । धेरैजसो राष्ट्रिय जनमत देखिन्छन् । अर्थात् एर्दोगानलाई मत दिने मन बनाएकाहरू चुनावको दिन घामपानी आए पनि मतदान केन्द्रसम्म जाने सम्भावना



मे १४ मा हुन गइरहेको राष्ट्रपति निर्वाचनअघि इस्तानबुलमा समर्थकलाई सम्बोधन गर्दै टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान । तस्बिर : उमित बेक्तास/रोयटर्स

सर्वेक्षणले एर्दोगान किलिच्दारोग्लुभन्दा केही प्रतिशत अंकले पछि परेका देखाएको छ । तर, मतसर्वेक्षणहरू पनि राजनीतिक रूपमा प्रेरित भएकाले पूर्ण विश्वसनीय देखिँदैन । र, यस निर्वाचनमा मतदाता किलिच्दारोग्लुप्रतिको प्रेमभन्दा एर्दोगानप्रतिको घृणाले प्रेरित देखिन्छन् । कुनै उम्मेदवारप्रति आसक्त नभएका मतदाता मतदानको दिन घरमै बसिदिन सक्छन् । कुनै पनि निर्वाचनमा जित्ने उम्मेदवारले धेरैभन्दा धेरै आफ्ना समर्थकलाई मतदानका लागि प्रेरित गर्न सक्नुपर्छ । यस कुरामा वर्तमान राष्ट्रपति उनका प्रतिद्वन्द्वीभन्दा कुशल देखिएका छन् । एक अनुभवी राजनीतिज्ञ र चामत्कारिक नेताको गुण भएको बताइने एर्दोगानले ग्रामीण र श्रमिक-वर्गका पुरातन विचार राख्नेहरूमाझ आफ्नो आधारलाई बलियो बनाएका छन् । ६ दलीय विपक्षी गठबन्धनका समर्थकभन्दा एर्दोगानका समर्थक आफ्ना उम्मेदवारप्रति बढी प्रतिबद्ध बढी छ ।

> एर्दोगानको हारपछि वासिंटन र ब्रसेल्समा टर्कीले 'यू-टर्न' लिने र सन् २००२ अघिको स्थितिमा फर्किने जुन अपेक्षा गरिँदै छ, त्यो कल्पना मात्र साबित हुन सक्छ

एर्दोगानले स्पष्ट रूपमा बुझेका छन्- चुनावको हारजित घरेलु मुद्दाका आधारमा हुन्छ, विदेश मामिलामा होइन । त्यसकारण उनले चुनावको पूर्वसन्ध्यामा कैयौं ठूला घोषणा गरेर राज्यका निकायमाथिको पहुँचलाई आफ्नो फाइदाका लागि प्रयोग गरेका छन् । यदि एर्दोगानले जिते भने उनी आफ्नो घरेलु र विदेशी एजेन्डामा थप अडिग हुने निश्चित छ । उनले पश्चिम र रुससँग टर्कीको हितलाई सन्तुलनमा राखेर ठूला शक्तिसँग न टाढा, न नजिकको हालको नीतिलाई निरन्तरता दिनेछन् । साथै उनले रुससँग व्यापार र भूराजनीतिक सम्बन्ध सुदृढ गरेर पनि नेटोको टर्कीको सदस्यता कायम राख्नेछन् ।

अर्कोतर्फ, किलिच्दारोग्लुले जिते भने उनले आफ्ना पूर्ववर्तीका केही घरेलु राजनीतिक र आर्थिक नीति उल्ट्याउन सक्छन् । उनले सन् २०१६ को असफल विद्रोहपछि लागू गरिएका केही उदारवादी कदम उल्टाउने निश्चित जस्तै छ । तर देशमा पुनः संसदीय प्रणाली फर्काउने विपक्षी प्रतिबद्धता भने कार्यान्वयन हुन गाह्रो छ । टर्की र अन्यत्रको समेत इतिहास हेर्दा नेताले आफ्ना पूर्ववर्तीले उपभोग गरिरहेका कार्यकारी शक्ति र विशेषाधिकारलाई परित्याग गरेको प्रायः भेटिँदैन । त्यस अर्थमा संसदीय प्रणाली फर्काउने (प्रधानमन्त्री पदलाई कार्यकारी बनाउने) वाचाको कार्यान्वयनमा किलिच्दारोग्लुको वास्तविक परीक्षण हुनेछ । विदेश नीतिको अनुभव नभएका किलिच्दारोग्लु घरेलु मुद्दा र कमजोर अर्थतन्त्रमा केन्द्रित हुन सक्छन् । यदि निर्वाचित भएमा, उनले पश्चिमी र नेटो साझेदारसँग नरम हुने र नेटो सैन्य गठबन्धनमा स्विडेनको सदस्यतालाई टर्कीले लगाइरहेको भिटो हटाउन सक्छन् ।

तर जितेपछि किलिच्दारोग्लुले पश्चिमलाई खुसी पार्नकै लागि मस्कोसँगको आकर्षक आर्थिक र ऊर्जा सम्बन्ध परित्याग गरिदेलान् भन्ने कुरामा भने आशंका छ । गत वर्ष रुस-टर्की द्विपक्षीय व्यापार ७० अर्ब डलरको उच्च बिन्दुमा पुगेको थियो । त्यस्तै एर्दोगानका पूर्वसहयोगी र रणनीतिकार अहमद दाभुटोग्लु साथ रहेकाले किलिच्दारोग्लुले टर्कीको सक्रिय क्षेत्रीय र अन्तर्राष्ट्रिय अडान कायम राख्न सक्ने सम्भावना छ । यी अडानले केही अवरोध सिर्जना गरेको भए पनि देशको आर्थिक र भूराजनीतिक हित गरेको छ । राष्ट्रवाद, धर्मनिरपेक्षता र कुर्दिस प्रश्नमा केही परिवर्तन हुन सक्छ । तर, यी मुद्दामा पनि कैयौं कुराले निरन्तरता पाउनेछ ।

त्यसैले एर्दोगानको हारपछि टर्कीले पूरै 'यू-टर्न' लिने र सन् २००२ अघिको स्थितिमा फर्किने पश्चिमी अपेक्षा कल्पना मात्र हुन सक्छ । यस्तोमा यस मुलुकले क्षेत्रीय शक्तिको रूपमा भूराजनीतिक रूपमा बढेको हैसियत त्याग्ने कुरा झन् टाढाको विषय हुन सक्छ । अंकारासँगको सम्बन्ध पूर्णतः सौहार्दपूर्ण हुने पश्चिमी आशामाथि तुसारापात हुन सक्छ, तर वासिंटन र ब्रसेल्सका लागि त्यस्तो समस्या नहुन सक्छ । सिद्धान्त र मानव अधिकारको जति नै कुरा गरे पनि विदेश नीतिको सबालमा दुवै पक्ष यथार्थवादी भएका छन् । दुई दशक सत्तामा बसिसकेका एर्दोगानले टर्कीको घरेलु राजनीति र विदेश नीतिलाई आमूल परिवर्तन गरिदिएका छन् । यसबाट फर्किन गाह्रो हुनेछ । त्यसैले एर्दोगानले यसपटक निर्वाचनमा जिते पनि हारे पनि, टर्कीमा उनको छाप रहिरहनेछ ।

- अल जजिराबाट

पाकिस्तानी पूर्वप्रधानमन्त्री खानलाई तत्काल रिहा गर्न अदालतको आदेश

इस्लामाबाद / पाकिस्तानको सर्वोच्च अदालतले भ्रष्टाचार आरोपमा पूर्वप्रधानमन्त्री इमरान खानको नाटकीय गिरफ्तारी गैरकानुनी भएको फैसला गरेको छ । अदालतले खानलाई तत्काल रिहा गर्न आदेश दिएको छ । खानका वकिलहरूले मंगलबार इस्लामाबादको अदालत परिसरबाट उनको हिरासत गैरकानुनी भएको तर्क गर्दै अदालतमा उजुरी गरेका थिए ।

प्रधानन्यायाधीश उमर अता बन्दियाल, न्यायाधीश मोहम्मद अली मजहर र न्यायाधीश अतहर मिनाल्लाहको तीन सदस्यीय इजलासले ७० वर्षीय खानलाई इस्लामाबाद उच्च अदालतमा शुक्रबार पेस गर्न आदेश दिएको छ ।

पूर्वप्रधानमन्त्री इमरान खानको पक्राउलाई लिएर मंगलबारदेखि जारी विरोधमा प्रदर्शनकारी र प्रहरीबीच देशका प्रमुख सहरमा झडप भएका छन् । प्रदर्शनकारी र प्रहरीबीच भएको झडपमा परी कम्तीमा १० जनाको मृत्यु हुनुका साथै एक हजार ७५० भन्दा बढी घाइते भएका छन् ।

सिह्नवाका अनुसार घाइते हुनेमा एक हजार ३९३ सर्वसाधारण र ३५७ प्रहरी छन् । खानको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) पार्टीका कार्यकर्ता पार्टी नेता पक्राउ परेपछि सडकमा उत्रिएका थिए । राष्ट्रिय एकाउन्टबिलिटी ब्युरो (एनएबी) ले खानलाई भ्रष्टाचारको आरोपमा मंगलबार इस्लामाबाद उच्च अदालत परिसरबाट हिरासतमा लिएको थियो । देशको संघीय सरकारले राजधानी इस्लामाबाद, पन्जाब र खैबर पख्तुनख्वा प्रान्तका प्रमुख सहरमा प्रदर्शनकारीलाई रोक्न र कानुन र व्यवस्था सुनिश्चित गर्न सेना तैनाथ गरेको छ ।

यसैबीच, राजनीतिक अस्थिरताका कारण पाकिस्तानी रुपैयाँको अवमूल्यन भएको छ । पाकिस्तानी रुपैयाँको मूल्य अमेरिकी डलरको तुलनामा उल्लेखनीय रूपमा घटेको हो । मंगलबार कारोबार अमेरिकी डलर २८४.८४ रुपैयाँमा बन्द भएको थियो । बुधबार स्थानीय मुद्रा अमेरिकी डलरको तुलनामा ५.३८ रुपैयाँ (करिब १.८५ प्रतिशत)ले घटेर न्यून रेकर्ड भएको आधिकारिक तथ्यांकले देखाएको छ ।

इजरायल-गाजा युद्ध अन्त्य गर्न चार देशका विदेशमन्त्रीको आग्रह

गाजासिटी / इजिप्ट, फ्रान्स, जर्मनी र जोर्डनका विदेशमन्त्रीले इजरायल र गाजाका लडाकुबीच तीन दिनदेखि जारी हिंसा अन्त्य गर्न बिहीबार आह्वान गरेका छन् । जर्मनीकी विदेशमन्त्री एनालेना बेयरबोकले आफ्ना समकक्षीसँगको वार्तापछि भने, 'रक्तपात अब अन्त्य हुनैपर्छ ।' जोर्डनका विदेशमन्त्री अयमान सफादीले पनि नकारात्मक घटनाक्रमको अन्त्य हुनुपर्ने र शान्ति पुनर्स्थापना गर्नुपर्ने बताएका छन् । सफादीले 'स्थितिलाई शान्त पार्नु' र दीर्घकालीन शान्तिका लागि राजनीतिक विश्वास जगाउने उपाय सिर्जना गर्नु अत्यावश्यक भएको बताएका छन् । केही महिनायताकै सबैभन्दा खराब हिंसात्मक झडपका कारण प्यालेस्टाइनमा २५ जनाको मृत्यु भएको छ । इजरायली सेनाले मंगलबारदेखि गरेको हवाई आक्रमणमा लडाकुका साथै कैयौं बालबालिकासहित सर्वसाधारणको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

इतिहासमा आज



सन् २००८ : चीनको सिचुवानमा ७.८ म्याग्निच्युडको भूकम्प । यो भूकम्पमा करिब ९० हजारको हताहती भयो भने चार लाख हाराहारी घाइते भएका थिए ।

सन् १९९४ : नागोर्नो-कारावाखमा युद्धविराम । अर्मेनिया र अजरबैजानले बिस्केक प्रोटोकलमा हस्ताक्षर गरेपछि मे १२ देखि युद्धविराम कार्यान्वयनमा आयो । तर, अहिले पनि यो युद्धको औपचारिक अन्त्य हुन सकेको छैन ।

सन् १९८२ : स्पेनिस धर्मगुरु जुआन मारिय फर्नान्डेज वाई क्रोनबाट पोप जोन पाउल द्वितीयको हत्या प्रयास ।

सन् १८२० : बेलायती नर्स फ्लोरेन्स नाइटिङ्गेलको इटलीको फ्लोरेन्स सहरमा जन्म । नाइटिङ्गेलले नै महिलाहरूको पेसाको रूपमा तालिम प्राप्त नर्सिङको सुरुवात गरेकी थिइन् ।

हकदावीको सूचना

दार्चुला जिल्ला हिकिला गा.वि.स वाड न ०२ (हाल दुँहु गा.पा. वाड न २ हिकिला) स्थायी ठेगाना भई ऐ ऐ बस्ने जैमल धामीको नातीनी, अनुवा धामीको छोरी, श्री कालि देवी कार्कीको मिति २०७९।०६।१६ गतेका दिन मृत्यु भएकाले निजको नाममा यस बैंकमा रहेको खाता न.०७८०५२५०२५२९०२ मा भएको सम्पुर्ण रकम उपलब्ध गराई पाउ भनी निज श्री कालि देवी कार्कीको छोरा श्री धन सिह कार्कीले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुदा उक्त निक्षेप उपर माथि उल्लेखित निवेदिक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ र अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचना द्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, हिकिला दार्चुला (दुँहु गा.पा. वडा (०२) फोन न.:- ९८४८७९८३८७ ९८४००९७०९

हकदावीको सूचना

सोलुखुम्बु जिल्ला, जुभिङ गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई ऐ.ऐ बस्ने पन्चे राना मगरको नातीनी, लाल बहादुर मगरको छोरी, निर बहादुर थापा मगरको श्रीमती, श्रीमती लिला माया मगर्नीको मिति २०७९/१२/२६ गतेका दिन असामाहीक निधन भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०२७०५०५०२६१८२१ र सामाजिक सुरक्षा भत्ता खाता नं. ०२७०५२५०२५०१९४६ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निज श्रीमती लिला माया मगर्नीको छोरी कोपिला मगरले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं :- ४२४२५३० ४२२८२२९ फ्याक्स:- ४२२६३४९ ४२२८९२७
लुक्ला, सोलुखुम्बु फोन न.:- ०३८-५५०१२० फ्याक्स :- ०३८-५५०२२०

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय अनारमनीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०१/२९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय अनारमनीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेको ले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण:

हरि प्रसाद तिवारीको नाति, चन्द्र प्रसाद तिवारीको छोरा, झापा जिल्ला, चन्द्रगढी गा.वि.स., वडा नं. ०९ स्थायी घर भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १२ बस्ने **विकाश तिवारी** (ना.प्र.नं.०४१००७/११८७ जारी मिति २०६६/०२/१०, जिल्ला प्रशासन कार्यालय झापा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. हरि प्रसाद तिवारीको नाति, चन्द्र प्रसाद तिवारीको छोरा, झापा जिल्ला, चन्द्रगढी गा.वि.स., वडा नं. ०९ स्थायी घर भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १२ बस्ने **भीमनिधी तिवारी** (ना.प्र.नं.०४१००७/२५५ जारी मिति २०६४/०३/२४, जिल्ला प्रशासन कार्यालय झापा)।
२. अविचन्द्र तिवारीको नाति, हरि प्रसाद तिवारीको छोरा, झापा जिल्ला, धुलावारी गा.वि.स., वडा नं. ०९ स्थायी घर भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १२ बस्ने **चन्द्र प्रसाद तिवारी** (ना.प्र.न.२७७१२९०२ जारी मिति २०३७/१०/२९, जिल्ला प्रशासन कार्यालय झापा)।
३. दुर्गा प्रसाद भण्डारीको छोरी, चन्द्र प्रसाद तिवारीको पत्नी ,झापा जिल्ला, चन्द्रगढी गा.वि.स., वडा नं. ०९ स्थायी घर भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १२ बस्ने **सिता देवी तिवारी** (ना.प्र.न. १८५०५३२ जारी मिति २०५७/११/२५, जिल्ला प्रशासन कार्यालय झापा)।

धितो सुरक्षणको विवरण :

१. **चन्द्र प्रसाद तिवारी**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी गा.वि.स./न.पा., वडा नं. २ स्थित कित्ता न. २७१३ को क्षेत्रफल ३३८.६४ (ब.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनी कुमारी बैंक लि. र ऋणी **विकास तिवारी** कायम भई मेची अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता कायम रहेको इन्जिन नं. CJL112398, च्यासीस नं. MEXA16602GT064889,सवारी नं. बा १४ च ८६१९ को गाडी थान १ ।

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सबैका लागि
शाखा कार्यालय अनारमनी फोन नं. ०२३-५३३८२२/५३१०२८

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०१/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिकी गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

गौर शाखा, रौतहट

ऋणीको विवरण

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.र.नं. ४२३२/९० अन्तर्गत मिति २०७२/०४/२५ मा दर्ता कायम भएको **माँ बिन्दबासनी ट्रेडर्स**
फर्म दर्ता ठेगाना : गौर -९ (साविक गौर-८), रौतहट
स्थायी लेखा नं. ६०३३५६०७०, मिति २०७२/०४/२६
प्रोप्राइटर : गुडिया देवी रौनियार
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

गुडिया देवी रौनियार ना.प्र.नं. ३६६ जारी मिति : २०६३/०७/१९, जि.प्र.का. रौतहट बाबुको नाम : रामबालक प्रसाद गुप्ता पतिको नाम : धर्मेन्द्र प्रसाद ससुराको नाम : सुकदेव प्रसाद साह स्थायी ठेगाना : गंगापिपरा -०३, रौतहट हालको ठेगाना : दुर्गा भगवती गा.पा. -०१, रौतहट	**धर्मेन्द्र प्रसाद** ना.प्र.नं. ३४९१ जारी मिति : २०५२/०३/३२, जि.प्र.का. रौतहट बाबुको नाम : सुकदेव प्रसाद रौनियार बाजेको नाम : गनेश साह रौनियार स्थायी ठेगाना : गंगापिपरा -०३, रौतहट हालको ठेगाना : दुर्गा भगवती गा.पा. -०१, रौतहट
सुकदेव प्रसाद साह ना.प्र.नं. ९३० जारी मिति : २०३२/०३/२४, जि.प्र.का. रौतहट बाबुको नाम : गनेश साह रौनियार बाजेको नाम : चूमन साह स्थायी ठेगाना : गंगापिप्रा -०६, रौतहट हालको ठेगाना : दुर्गा भगवती गा.पा. -०१, रौतहट	**राम नागेन्द्र प्रसाद गुप्ता** ना.प्र.नं. ३२३०२३/२०० जारी मिति : २०६३/१०/१४, जि.प्र.का. रौतहट बाबुको नाम : सुकदेव प्रसाद साह बाजेको नाम : गनेश साह रौनियार स्थायी ठेगाना : गंगापिप्रा -०३, रौतहट हालको ठेगाना : दुर्गा भगवती गा.पा. -०१, रौतहट
प्रिती देवी रौनियार ना.प्र.नं. ३२३०२३/१८ जारी मिति : २०७०/०२/२९, जि.प्र.का. रौतहट बाबुको नाम : शेष नाथ प्रसाद गुप्ता पतिको नाम : जितेन्द्र प्रसाद रौनियार ससुराको नाम : सुकदेव प्रसाद साह स्थायी ठेगाना : गंगापिपरा -०३, रौतहट हालको ठेगाना : दुर्गा भगवती गा.पा. -०१, रौतहट	**जितेन्द्र प्रसाद रौनियार** ना.प्र.नं. १०८२ जारी मिति : २०५९/०८/०६, जि.प्र.का. रौतहट बाबुको नाम : सुकदेव प्रसाद रौनियार बाजेको नाम : गनेश साह रौनियार स्थायी ठेगाना : गंगापिप्रा -०३, रौतहट हालको ठेगाना : दुर्गा भगवती गा.पा. -०१, रौतहट
धिरेन्द्र कुमार गुप्ता ना.प्र.नं. १०८२ जारी मिति : २०६२/०६/०३, जि.प्र.का. रौतहट बाबुको नाम : सुकदेव प्रसाद साह बाजेको नाम : गनेश साह रौनियार स्थायी ठेगाना : गंगापिप्रा -०३, रौतहट हालको ठेगाना : दुर्गा भगवती गा.पा. -०१, रौतहट	**गोदावरी देवी बनियाइन** ना.प्र.नं. २०१९-०३४-३५ जारी मिति : २०३४/०९/०९, जि.प्र.का. रौतहट बाबुको नाम : माया प्रसाद पतिको नाम : सुकदेव प्रसाद साह ससुराको नाम : गनेश साह रौनियार स्थायी ठेगाना : गंगापिप्रा -०६, रौतहट हालको ठेगाना : दुर्गा भगवती गा.पा. -०१, रौतहट

कमलादी शाखा, काठमाडौं

ऋणीको विवरण

ईन्द्र कुमारी नेपाल ना.प्र.नं. ७२१२ जारी मिति : २०४४/१०/१९, जि.प्र.का. चितवन बाबुको नाम : लोक बहादुर कुवर पतिको नाम : पशुपती बहादुर नेपाल ससुराको नाम : बल बहादुर नेपाल स्थायी ठेगाना : पिठुवा -३, चितवन **कर्जा शिर्षक : घर कर्जा**	**नानु नेपाल क्षेत्री** ना.प्र.नं. ५७०/०४४ जारी मिति : २०५९/०६/१३, जि.प्र.का.चितवन बाबुको नाम : रेवत बहादुर कडेल पतिको नाम : भोज बहादुर नेपाल क्षेत्री ससुराको नाम : पशुपति नेपाल क्षेत्री स्थायी ठेगाना : दारेचोक -३, चितवन

व्यक्तिगत जमानत दिनेको विवरण

अनिल विश्वकर्मा (गजमेर)
ना.प्र.नं. ११९०१/१३९०१ जारी मिति : २०४८/०२/२२, जि.प्र.का.सुनसरी
बाबुको नाम : दिल बहादुर विश्वकर्मा गजमेर
बाजेको नाम : लाल बहादुर विश्वकर्मा गजमेर
स्थायी ठेगाना : इनरुवा -१, सुनसरी

चैनपुर शाखा, संखुवासभा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, संखुवासभामा प्रा.फ.र.नं. ३४६ अन्तर्गत मिति २०७०/०२/१७ मा दर्ता कायम भएको **बबिता किराना पसल** फर्म दर्ता ठेगाना : जलजला- ०५ संखुवासभा स्थायी लेखा नं. ३०५५३८७४५, मिति २०६९/०४/०५ **प्रोप्राईटर : भिम बहादुर बस्नेत** ना.प्र.नं. २५२८/१८९ जारी मिति : २०५४/११/१७, ई.प्र.शा. चैनपुर, संखुवासभा बाबुको नाम : फौदसिंह बस्नेत बाजेको नाम : जहर सिं बस्नेत स्थायी ठेगाना : जलजला- ०५, संखुवासभा हालको ठेगाना : पाचखपन न.पा -०८, संखुवासभा **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**शान्ता बस्नेत** ना.प्र.नं. ९५५७/९५३ जारी मिति : २०६२/०१/३० जि.प्र.का. संखुवासभा बाबुको नाम : राम बहादुर अधिकारी पतिको नाम : भिम बहादुर बस्नेत ससुराको नाम : फौदसिंह बस्नेत स्थायी ठेगाना : जलजला- ०५, संखुवासभा हालको ठेगाना : पाचखपन न.पा -०८, संखुवासभा

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

अन्नपूर्ण पदमार्गमा चार महिनामा आठ हजार पर्यटक भित्रिए

लमजुङ/ चक्रीय अन्नपूर्ण पदमार्गको मनाङमा पर्यटकको आगमन वृद्धि हुन थालेको छ। पदमार्गमा सन् २०२३ को जनवरीदेखि मे ७ सम्म आठ हजार दुई सय २० जना पर्यटक भित्रिएका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय (एक्याप) मनाङका प्रमुख लेखनाथ गौतमका अनुसार मनाङमा सन् २०२३ को चार महिनामा पाँच हजार ५६ पुरुष र तीन हजार एक सय ६३ महिलाले अन्नपूर्ण पदमार्ग यात्रा गरेका छन्।



सन् २०२३ को सुरुवातमा नै ४२ देशका पर्यटक मनाङ भित्रिएका थिए। सन् २०२३ को जनवरीमा ४२ देशका ११८ नागरिकले मनाङ भ्रमणका लागि प्रवेश पाएको तथ्यांक छ। अन्नपूर्ण पदमार्गमा विशेष गरी इजरायल, जर्मनी, फ्रान्स, अस्ट्रेलिया, बेलायत, अमेरिकी पर्यटक आउने गर्छन्। लमजुङ सदरमुकाम बेँसीसहर अन्नपूर्ण पदयात्रा मार्गको प्रवेशद्वारका रूपमा चिनिन्छ। बेँसीसहरबाट खुदी, भुलभुले, डादी, स्याँगे, जगत तथा मनाङ जिल्लाको ताल, बगरछाप, चामे हुँदै थोराङ पास हुँदै मुस्ताङ पुगेपछि अन्नपूर्ण पदयात्रा मार्गको यात्रा पूरा हुन्छ। पदयात्राका सौखिनले जीवनको प्रतिष्ठासमेत बन्ने गरेको पाँच हजार चार सय १६ मिटरको थोराङ भञ्ज्याङलाई पार गर्दा आन्तरिक तथा बाह्य पर्यटक आफूलाई भाग्यमानी ठान्छन्। अन्नपूर्ण पदमार्ग विश्वका १० उत्कृष्ट गन्तव्यमध्ये एक मानिन्छ। सेप्टेम्बरदेखि नोभेम्बरसम्म र फेब्रुअरीदेखि अप्रिलसम्म पदयात्राको राम्रो समयका रूपमा लिइन्छ।

निर्यात उद्योगलाई विद्युत्मा ५० प्रतिशत छुट दिन माग

काठमाडौं/ नेपाल बिजनेस समिट २०८० ले १९ बुँदे घोषणापत्र जारी गरी निर्यात गर्ने उद्योगलाई विद्युत्मा ५० प्रतिशतसम्म छुट दिन माग गरेको छ। बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र नेपाल बिजनेस इन्स्टिच्युट (एनबिआई) को संयुक्त आयोजनामा सरकार, उच्च राजनीतिक एवं प्रशासनिक व्यक्तित्व तथा सहभागीबाट प्राप्त सुझावलाई १९ बुँदे घोषणापत्रका रूपमा प्रस्तुत गरिएको हो।

बुँदामा ऊर्जाका माध्यमबाट सबल अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउन छिमेकी मुलुकको विद्युत् मागलाई ध्यानमा राखिनुका साथै विद्युत् खरिदबिक्री सम्झौता तथा कारोबार गर्ने नीति अवलम्बन गर्ने जनाएको छ। निर्यातमूलक तथा आयात प्रतिस्थापन गर्ने उद्योगको परिभाषाभित्र पर्ने उद्योगको प्रतिस्पर्धी क्षमता अभिवृद्धिका लागि निर्यातमूलक (उत्पादनमूलक) उद्योगलाई आवश्यक विद्युत् ५० प्रतिशत छुटमा र आयात प्रतिस्थापन गर्ने उद्योगलाई २० प्रतिशत छुटमा उपलब्ध गराउने नीतिको व्यवस्था गर्ने घोषणपत्रमा उल्लेख छ।

त्यस्तै, विशेषगरी कृषि, उर्जा, निर्माण, उत्पादन, पर्यटन, वन पैदावार, खनिज तत्त्वको उत्सर्जन, प्रविधि, गार्मेन्ट उद्योगजस्ता क्षेत्रमा आन्तरिक तथा बाह्य लगानी भित्र्याउन सरलीकृत एवं आकर्षित नीतिको व्यवस्था गर्ने र रोजगारको सिर्जना गर्ने कुरालाई प्राथमिकताका साथ उल्लेख गर्ने पनि घोषणापत्रमा उल्लेख छ।

समस्याग्रस्त दुई सहकारीका बचतकर्ताको रकम फिर्ता

काठमाडौं/ सरकारले समस्याग्रस्त घोषणा गरेका १२ सहकारीमध्ये दुई सहकारीका सबै बचतकर्ताको रकम फिर्ता भएको छ। सरकारले ०७५ साल १८ असार गते समस्याग्रस्त घोषणा गरेको कुवेर बचत तथा ऋण सहकारी संस्थाको पहिलो सूचनाअनुसार माग दाबी गर्ने सबै बचतकर्ताको पैसा फिर्ता गरिएको सहकारी व्यवस्थापन समितिको कार्यालयका प्रमुख केशवप्रसाद पौडेलले बताए। सहकारीका सञ्चालक र ऋणीको बैंक खाता रोक्का गरेपछि आएको पैसाले बचतकर्ताको बचत फिर्ता गरिएको उनको भनाइ छ।

सरकारले १८ असार ०७५ मा समस्याग्रस्त घोषणा गरेपछि जारी गरेको सूचनाअनुसार कुवेर सहकारीका १० बचतकर्ताले समितिसँग ८४ लाख रुपैयाँ बचत दाबी गरी निवेदन पेस गरेका थिए। ती सबैको बचत फिर्ता गरिएको हो। १० बचतकर्ताको बचत फिर्ता गरेपछि अन्य १२ बचतकर्ताले पनि ५० लाख रुपैयाँ माग दाबी गरी निवेदन पेस गरेका छन्।

यसअघि, समितिले स्ट्यान्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेडका बचतकर्ताको पनि सबै बचत फिर्ता गरिएको जानकारी गराएको थियो। बाँकी १० समस्याग्रस्त सहकारीमध्ये ओरियन्टल को-अपरेटिभ लिमिटेडमा चार हजार तीन सय बचतकर्ताको पैसा फिर्ता गर्नुपर्ने अभिलेख रहेको छ। ओरियन्टलले बचतकर्तालाई रु. तीन अर्ब ५० करोड बचत फिर्ता गर्नुपर्नेछ।

नयाँ योजना सम्झौता रोक्दै स्थानीय तह

त्रिवेणी/ जिल्लामा रहेका स्थानीय तहले चालू आर्थिक वर्षका योजना कटौती गर्न थालेका छन्। नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरका स्थानीय तहले चालू आवमा सञ्चालन हुन बाँकी रहेका योजना कटौती गरी कार्यान्वयनमा रोक लगाउन थालेका हुन्।

संघीय सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको अन्तिम किस्तामा ५० प्रतिशत कटौती हुनु, प्रदेश तथा संघबाट प्राप्त हुनुपर्ने राजस्व बाँडफाँटमा तोकिएअनुसार रकम प्राप्त नहुँदा थप नयाँ योजना सम्झौता रोक्नुपर्ने अवस्था आएको कावासोती नगरपालिका प्रमुख प्रशासकीय अधिकृत भूपेन्द्र पाण्डेयले बताए। नगरपालिकाको लक्ष्यअनुसारको आन्तरिक आम्दानी उठ्ने सम्भावनासमेत नदेखिएकाले चालू आर्थिक वर्षमा तय गरिएका र कार्यान्वयनमा नगएका थप योजना सञ्चालन गर्न सक्ने अवस्था नभएको उनको भनाइ छ। 'केन्द्रबाट आउनुपर्ने रकम पनि कटौती भएको छ, आन्तरिक स्रोततर्फ लक्ष्यअनुसार राजस्व उठ्न सक्ने अवस्था देखिएको छैन, यसैले चालू आवका बाँकी योजना कटौती गर्नुपर्ने अवस्था सिर्जना भएको छ,' उनले भने।

कावासोतीले चालू आर्थिक वर्षमा करिब १४ करोड रुपैयाँ आन्तरिक आम्दानीको लक्ष्य राखेकामा हालसम्म करिब पाँच करोड रुपैयाँ मात्रै आम्दानी भएको छ। यसले गर्दा आन्तरिक स्रोतबाट तय गरिएका करिब नौ करोडबराबरका योजना सञ्चालन हुन सक्ने अवस्था छैन। रासस

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय:
कपन मार्ग, महाराजगंज, काठमाडौं।
फोन नं.: ०१-४३७०३६८२, ०१-४३७०३६०४
इमेल: info@laxmilaghu.com.np
वेबसाइट: https://www.laxmilaghu.com.np

अपरिष्कृत संक्षिप्त वित्तीय अवस्थाको विवरण
२०७९ चैत्र मसान्त सम्मको

विवरण	(रकम ने.रु मा) यस त्रयमास सम्मको (चैत्र मसान्त, २०७९)	गत आ.व.को अन्त सम्मको (असार मसान्त, २०७९)
सम्पत्ति		
नगद वा नगद समान	८७,९२५,७०३	८८,२०८,९१२
वैधानिक मौज्दात तथा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३४,९८३,०००	३४,९८३,०००
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	–	–
डेरिभेटिभ वित्तीय उपकरणहरु	–	–
अन्य व्यापारीक सम्पत्तिहरु	–	–
लघुवित्त वित्तीय संस्था तथा सहकारीलाई दिएको कर्जा/सापटी	–	–
ग्राहकलाई प्रदान गरिएको कर्जा/सापटी	६,३०३,८३५,३५०	७,७०६,४५८,७५७
धितोपत्रमा लगानी	२,९८५,१०२	२,९८५,१०२
चालु कर सम्पत्ति	–	२२,०६६,८११
लगानी सम्पत्तिहरु	–	–
सम्पत्ति तथा उपकरण	५६,३५७,१३०	५५,३५६,९००
ख्याती तथा अमूर्त सम्पत्ति	८,३०३,२४८	१०,७७९,८९७
स्थगन कर सम्पत्ति	५,१५७,५८१	५,९७६,८८८
अन्य सम्पत्ति	६४,९६९,२६७	३७,३७९,२२१
कुल सम्पत्ति	६,५६४,५१६,३८१	७,९६४,१९५,४८८
दायित्व		
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	–	–
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	–	–
डेरिभेटिभ वित्तीय उपकरणहरु	–	–
ग्राहकहरुबाट निक्षेप दायित्व	२,४१२,२७५,७२५	२,५५१,५०६,१०७
सापटी	३,१७४,२६५,१७३	४,४५५,५४०,४५४
चालु कर दायित्व	–	–
व्यवस्थाहरु	–	–
स्थगन कर दायित्व	–	–
अन्य दायित्वहरु	१७८,६३१,०३६	१३२,५५२,१८७
जारी गरिएका ऋणपत्रहरु	–	–
अधिनस्थ दायित्वहरु	–	–
कुल दायित्व	५,७६५,१७१,९३४	७,१३९,५९८,७४८
इक्विटी		
शेयर पूँजी	४४१,६६२,१००	३८४,०५४,०००
शेयर प्रिमियम	–	–
सञ्चित मुनाफा	१३४,७७४,३२०	२२६,५६०,५२७
जगेडा तथा कोषहरु	२२२,९०८,०२६	२१३,९८२,२१३
कुल इक्विटी	७९९,३४४,४४६	८२४,५९६,७४०
कुल दायित्व र इक्विटी	६,५६४,५१६,३८१	७,९६४,१९५,४८८
शेयरको संख्या	४,४१६,६२१	३,८४०,५४०
प्रति शेयर सम्पत्तिको मूल्य	१,४८६.३२	२,०७३.७२
प्रति शेयर नेटवर्थ	१८०.९९	२१४.७१

अपरिष्कृत संक्षिप्त नाफा वा नोक्सान विवरण
२०७९ श्रावण १ गतेदेखि २०७९ चैत्र मसान्तसम्म

रकम ने.रु.मा

विवरण	चालु आ.व.२०७९/८० यस त्रयमास	चालु आ.व.२०७९/८० यस त्रयमास सम्म	चालु आ.व.२०७८/७९ को यसै अवधिको यस त्रयमास	चालु आ.व.२०७८/७९ को यसै अवधिको यस त्रयमास सम्म
ब्याज आम्दानी	२३९,९१५,३६२	७९०,९९२,०८१	२७४,४११,७२०	७७९,९९६,९७६
ब्याज खर्च	१५९,७४५,२३८	५०७,४२९,३७३	१४२,१८३,६३४	३७६,०४७,७४५
खुद ब्याज आम्दानी	८०,१७०,१२४	२८३,५६२,७०८	१३२,२२८,०८६	४०३,९४९,२३२
शुल्क तथा कमिशन आम्दानी	९,२४५,१२५	४१,८४९,६१९	२७,८४४,६१७	९०,६४२,९३३
शुल्क तथा कमिशन खर्च	९,५७५	३१,५८९	५,३४०	२९,१०६
खुद शुल्क तथा कमिशन आम्दानी	९,२३५,५५०	४१,८१८,०३०	२७,८३९,२७७	९०,६१३,८२७
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी	८९,४०५,६७४	३२५,३८०,७३८	१६०,०६७,३६४	४९४,५६३,०५९
खुद व्यापारीक आम्दानी	–	–	–	–
अन्य सञ्चालन आम्दानी	–	–	–	–
कुल सञ्चालन आम्दानी	८९,४०५,६७४	३२५,३८०,७३८	१६०,०६७,३६४	४९४,५६३,०५९
कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता)	६९,१६७,१६०	१५०,९२६,९४३	१३,७१७,३३८	५१,०२३,४७७
खुद सञ्चालन आम्दानी	२०,२३८,५१४	१७४,४५३,७९५	१४६,३५०,०२६	४४३,५३९,५८२
सञ्चालन खर्च				
कर्मचारी खर्च	७३,३९६,७८९	२२१,३५२,४४२	७०,८१७,३७५	२१०,८४७,१६८
अन्य सञ्चालन खर्च	१२,१५८,०५६	३६,८९७,३६३	८,७८६,३२३	३१,९१८,६४०
ह्रासकट्टी र परिशोधन खर्च	२,६१४,८११	८,१३३,१७६	२,६११,५८७	७,३०८,३८०
सञ्चालन मुनाफा	(६७,८५१,१४३)	(९१,९२९,१८६)	६४,१३४,७४१	१९३,४६५,३९४
गैर सञ्चालन आम्दानी	७४,९३६	१४२,९७९	–	१६,६६२
गैर सञ्चालन खर्च	–	–	–	–
आयकर अघिको नाफा	(६७,७७६,२०७)	(९१,७८६,२०७)	६४,१३४,७४१	१९३,४८२,०५६
आयकर खर्च	–	–	९,३१६,०११	६३,०७०,१२९
चालु आयकर	–	–	१७,०१२,४७४	७०,७६६,५९२
स्थगन कर खर्च/(आम्दानी)	–	–	(७,६९६,४६३)	(७,६९६,४६३)
यस अवधिको मुनाफा	(६७,७७६,२०७)	(९१,७८६,२०७)	५४,८१८,७३०	१३०,४११,९२७
अपरिष्कृत संक्षिप्त नाफा/नोक्सान विवरण				
यस अवधिको नाफा/नोक्सान	(६७,७७६,२०७)	(९१,७८६,२०७)	५४,८१८,७३०	१३०,४११,९२७
अन्य विस्तृत आम्दनी				
कुल विस्तृत आम्दानी	(६७,७७६,२०७)	(९१,७८६,२०७)	५४,८१८,७३०	१३०,४११,९२७
आधारभूत प्रति शेयर आम्दानी (Basic EPS)	–	(२७.७१)	–	४५.२८
डाइल्युटेड प्रति शेयर आम्दानी (Diluted EPS)	–	(२७.७१)	–	४५.२८
वितरण योग्य मुनाफा				
साधारण शेयरधनीहरु	(६७,७७६,२०७)	(९१,७८६,२०७)	५४,८१८,७३०	१३०,४११,९२७
अन्य बाह्रय	–	–	–	–

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमका अनुपातहरू

विवरण	चालु आ.व.२०७९/८० यस त्रयमास	चालु आ.व.२०७९/८० यस त्रयमास सम्म	चालु आ.व.२०७८/७९ यस त्रयमास	चालु आ.व.२०७८/७९ यस त्रयमास सम्म
पूँजी कोष/जोखिम भारित सम्पत्ती	–	१०.७७%	–	१०.५८%
निष्कृय कर्जा/कूल कर्जा सापटी	–	९.४७%	–	३.३९%
कूल कर्जा नोक्सानी व्यवस्था/निष्कृय कर्जा	–	७४.७२%	–	११२.३९%
कोषको लागत	–	१०.०९%	–	९.०१%
कर्जा/ निक्षेप अनुपात (ने.रा.बै.को निर्देशन बमोजिम गणना गरिएको)	–	२६१.३२%	–	१११.९१%
आधार दर	–	१७.२२%	–	१३.३४%
ब्याजदर स्प्रेड	–	४.७८%	–	५.७१%

ब्याजदर

१. निक्षेप	७.५०% – ९.७५%
२. कर्जा तथा सापटी	१२% – १५%

वितरण योग्य नाफा/नोक्सान सम्बन्धी विवरण
२०७९ साल चैत्र मसान्तसम्मको
(नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम)

विवरण	चालु आ.व.२०७९/८० चैत्र मसान्त, २०७९ सम्मको	चालु आ.व.२०७८/७९ चैत्र मसान्त, २०७८ सम्मको
नाफा/नोक्सान विवरण बमोजिमको खुद नाफा/(नोक्सान)	(९१,७८६,२०७)	१३०,४११,९२७
१. विनियोजन :	–	२५,८२१,५६२
क) साधारण जगेडा	–	२३,४७४,१४७
ख) सटही घटबढ कोष	–	–
ग) पूँजी फिर्ता जगेडा कोष	–	–
घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष	–	१,१७३,७०७
ङ) कर्मचारी तालिम कोष	–	–
च) अन्य	–	१,१७३,७०७
नियमनकारी समायोजन अघिको नाफा/नोक्सान	(९१,७८६,२०७)	१०४,५९०,३६६
२.नियमनकारी समायोजन :	३,५५०,३३०	१४,७४२,२७९
क) ब्याज वक्यौता (-)/अधिल्लो वक्यौता ब्याजको असुली (+)	२,७३१,०२३	७,०४५,८१५
ख) अल्पकालिन कर्जा नोक्सानी ब्यवस्था (-) फिर्ता (+)	–	–
ग) अल्पकालिन सम्भावित लगानी बापतको ब्यवस्था (-) फिर्ता (+)	–	–
घ) अल्पकालिन गैर बैंकिङ्ग सम्पत्तिको व्यवस्था (-) फिर्ता (+)	–	–
ङ) स्थगन कर सम्पत्तिको लेखाङ्कन (-) फिर्ता (+)	८१९,३०७	७,६९६,४६३
च) ख्यातिमा लेखांकन (-)/ हानी नोक्सानी फिर्ता (+)	–	
छ) मोलतोल खरिदमा नाफाको थप (-)/फिर्ता (+)	–	
ज) बीमाङ्किक नोक्सान लेखांकन (-) फिर्ता (+)	–	
झ) अन्य थप (+)/ घट (-)	–	
यस त्रयमासको वितरणयोग्य खुद नाफा/(नोक्सान)	(८८,२३५,८७६)	११९,३३२,६४४
शुरुको सञ्चित मुनाफा (श्रावण १,२०७९)	१३८,२२५,१९७	२३८,७९७,२७५
समायोजन (+/-)	(३,४५०,८७६)	२९,७४२,६३८
वितरण :	–	७६,८१०,८००
बोनस शेयर जारी	–	५७,६०८,१००
नगद लाभांश वितरण	–	१९,२०२,७००
कुल वितरणयोग्य नाफा/नोक्सान (यस त्रयमासको अन्तसम्म)	१३४,७७४,३२०	१९१,७२९,११३
बार्षिक प्रति शेयर वितरण योग्य नाफा/नोक्सान	३०.५२	४९.९२

टिप्पणीहरु:
१. अपरिष्कृत वित्तीय प्रतिवेदन नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाद्वारा अनुपालना गरिएको व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम निर्दिष्ट भएए तयार पारिएको छ।
२. ग्राहकहरुलाई प्रदान भएको कर्जा सापट रकमलाई हानी/नोक्सानी Impairment कट्टा गरी लेखांकन गरिएको र सो मा कर्मचारीहरुलाई प्रदान भएको कर्जा/सापटी समेत संलग्न रहेको छ।
३. उल्लेखित अपरिष्कृत वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्रय लेखापरिक्षकहरुबाट कुनै फेरबदल गर्न सुझाय बमोजिम परिवर्तन हुने सक्ने छ।
४. आवश्यकता अनुसार अंकहरुलाई पुनः वर्गीकरण गरिएको छ।
५. अपरिष्कृत वित्तीय प्रतिवेदन वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा समेत अपलोड गरिएको छ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अर्न्तगतको अनुसुची-१४ बमोजिम
आ.व. २०७९/८० को तेश्रो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:
आ.व.२०७९/८० को तेश्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा (Institute of Chartered Accountants of Nepal-ICAN) अनुपालनाको लागि सूचित गरिएका व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन नं.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मूनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा पनि राखिएको छ।

ख) सम्बन्धित पक्ष बीचको कारोबार :
लक्ष्मी बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा स्थापित यस लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडमा संस्थापक शेयरधनी श्री लक्ष्मी बैंक लिमिटेडको ७०% शेयर स्वामित्व रहेको छ भने ३०% शेयर स्वामित्व सर्वसाधारणहरुको रहेको छ। सम्बन्धित पक्षसँगको कारोवार अन्तर्गत यस वित्तीय संस्थाको लक्ष्मी बैंकमा रहेको बैंक मौज्दात र लक्ष्मी बैंकबाट प्राप्त विपन्न वर्ग अन्तर्गत कर्जा तथा ऋण सापटी विवरण तपशिल बमोजिम रहेको छ।

क्र.सं	लक्ष्मी बैंकमा रहेको मौज्दात (रु.)	लक्ष्मी बैंकबाट प्राप्त कर्जा (रु.)
१.	७,९००,९३६	२,११७,६८५,४९१

ग) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (बार्षिकिकरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तीको मूल्य	तरलता अनुपात
(२७.७१)	(२६.१६) गुणा	रु.१८०.९९	रु.१,४८६.३२	५.४१%

२. व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :
वित्तीय संस्थाको चालु आ.व.२०७९/८० को तेश्रो त्रयमाससम्ममा सदस्य संख्या, ऋणी सदस्य, लगानीमा रहेको कर्जा लगायत सदस्यहरुबाट प्राप्त निक्षेपहरुमा परिवर्तन भएको छ। लगानी योग्य रकमको अभाव, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सापटीको दोहोरो अंकको ब्याजदर, निष्कृय कर्जामा भएको बृद्धिको कारण थप कर्जा नोक्सानी ब्यवस्था, ब्यवसाय विस्तारमा भएको नितिगत व्यवस्था जस्ता कारणहरुले गर्दा सञ्चालन मुनाफा ऋणात्मक रहेको छ। अस्वभाविक रुपमा बढ्दै गएको निष्कृय कर्जा र नियामकीय निर्देशनहरुलाई ध्यानमा राख्दै निक्षेप,कर्जा तथा सापटी परिचालन गर्दै आएको छ। प्रतिकुल परिस्थिती बीच हाल देखिएका विभिन्न खालका जोखिमहरु : कर्जा जोखिम,तरलता जोखिम र ब्याजदर जोखिम लगायतका अन्य बाह्रय जोखिमहरुलाई समेत उच्च प्राथमिकताका साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु सुचारु गर्दै आएको छ। उल्लेखित जोखिमहरुको न्युनीकरण र बाह्रय प्रतिकुल अवस्थामा सुधार पश्चात वित्तीय कारोवार हरुमा क्रमशः सुधार भई लगानी योग्य रकमको सहजता, आम्दानी र तरलता सन्तोषजनक हुने व्यवस्थापनको प्रक्षेपण रहेको छ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापना देखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिवी न्यूनीकरण, जीवनस्तरमा गुणस्तरयुक्त सकारात्मक स्तरोन्नति, वित्तीय समावेशीकरण बढाउने दृढ संकल्प लिई नेपाल भरी नै लघुवित्त सेवाहरु प्रदान गर्ने अठोटका साथ कारोवारहरु गर्दै आएको छ।
हाल देशका ७ वटै प्रदेशका विभिन्न स्थानहरुमा ९० वटा शाखा कार्यालय मार्फत १०६,६६६ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ।
- वित्तीय संस्थाको शाखा कार्यालयहरुबाट निक्षेप संकलनलाई थप रणनितिक योजना अनुरुप ग्राहकहरुमा बचत गर्ने बानीको बिकास गर्दै जाने योजना कार्यान्वयन गर्दै आएको छ। आजको बचत भविष्यका लागी भन्ने अभिप्राय लिई आकर्षक प्रतिष्पर्धी ब्याजदर सहित दैनिक मौज्दातमा त्रयमासिक ब्याज भुक्तानी गर्ने गरी निक्षेप योजना कार्यान्वयन गर्दै आएको छ।
- वित्तीय संस्थाको उद्देश्य उन्मुख रही कृषि उत्पादन, पशुपालन, सेवा लघु व्यवसाय तथा लघु उद्यमशीलता बिकासलाई उच्च प्राथमिकताका साथ लिई विशेषत महिला वर्गलाई केन्द्रित हुदै लघु कर्जा सुविधाहरु उपलब्ध गराउदै आइरहेको छ।
- संस्थामा आवद्ध ग्राहकवर्गहरु ,ग्राहकका घरपरिवार, समाजमा रहेका विभिन्न वर्गहरु लगायत विभिन्न तहमा अध्ययनरत विद्यार्थीहरुलाई समय समयमा वित्तीय साक्षरता सम्बन्धी ज्ञान आदानप्रदान जस्ता कार्यक्रमहरु गर्दै आइरहेको छ।
- वित्तीय संस्थाका सेवा तथा सुविधाहरुलाई थप परिस्कृत गर्दै नवीनतम प्रविधिको माध्यमबाट वित्तीय पहुँच अभिबृद्धि, छिटो,छरितो, सहज, पारदर्शी, विश्वसनीय र न्युन लागत उन्मुख वित्तीय कारोवार गर्दै जाने लक्ष्य लिई वित्तीय संस्था अगाडी बढिरहेको छ।
- वित्तीय कारोवारको पारदर्शितालाई मध्यनजर गर्दै ग्राहकहरु स्वयंले आफ्नो मोवाईल मार्फत बैंक स्टेटमेण्ट हेर्ने कस्टुमर फेसिङ्ग एप्लिकेशन "Laxmi Laghubitta-Smart App" सेवा सुचारु भईरहेको छ। सम्पूर्ण वित्तीय कारोवारहरुलाई ट्याब्लेट बैंकिङ्ग मार्फत प्रविधियुक्त गरिसकिएको छ। आधुनिक ईन्टरनेट बैकिङ्ग सरहका सुविधाहरु सहितको मोवाईल बैंकिङ्ग एप्लिकेशन सुविधा "Laxmi Laghubitta Mobile पैसा" लाई सुचारु भईरहेको छ।
साथै, आगामी दिनहरुमा लघुवित्तको सेवा तथा सुविधाहरुलाई समयानुकुल ग्राहकको बदलिँदो चाहनालाई दृष्टिगत गरी थप परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
लगानी योग्य रकमको अभाव, श्रोतको परनिर्भरता र अपर्याप्तता, कर्जा/सापटीको ब्याजदरमा भएको बृद्धि, संस्थाहरु बीच देखिएको कर्जाको दोहोरोपना,अस्वस्थ प्रतिस्पर्धा लगायत अन्य बाह्रय वातावरणीय प्रभावहरुको कारण ग्राहकहरुबाट कर्जाको किस्ता भुक्तानीमा समस्याहरुको कारण चालु आ.व.२०७९/८० को तेश्रो त्रयमासको नगद प्रवाह, बैंक तथा नगद मौज्दात लगायत नाफा नोक्सानमा प्रत्यक्ष नकारात्मक असर परेको छ। तथापि उल्लेखित परिस्थितीलाई विश्लेषण गर्दै वित्तीय कारोवारहरु सुचारु गर्दै आईरहेको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :
- त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन।
- यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।
- कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :
क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारमा तरलता समस्यासँगै अन्य विविध कारणहरुले धितोपत्र बजारलाई असर पारेता पनि यस वित्तीय संस्थाको शेयर कारोवार सन्तोषजनक रुपमा नै भईरहेको छ।
ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या
रु.१,३५७.००	रु.६५५.१०	रु.७२५.००	५६	१,२६३

५. समस्या तथा चुनौती :
हाल कायम लगानी योग्य रकमको अभाव,स्रोतको परनिर्भरता,नितिगत व्यवस्था, बाह्रय प्रतिकुल अवस्थाका कारण व्यवसाय विस्तारमा प्रतिकुल असर परेको छ। स्रोतको अनिश्चितता, कोषको लागतमा भएको बृद्धि साथसाथै अन्य प्रतिष्पर्धी लघुवित्त वित्तीय संस्थाहरुको लक्षित वर्ग र सञ्चालित क्षेत्रहरु समान रहेका कारण संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुने संभावनालाई दृष्टिगत गरी कारोवारहरु सूचारु गर्नुपर्ने अवस्था रहेको छ।

६. संस्थागत सुशासन :
संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ। संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, ब्यवस्थापन सूचना प्रणाली, सम्पत्ति दायित्व ब्यवस्थापन नीती, लगानी नीति, जोखिम ब्यवस्थापन नीति, लेखापरीक्षण नीति लगायतका नीति तथा निर्देशिकाहरु तयार गरी कार्यान्वयन गदै आएको छ। संस्थाले आफ्नो कारोवारको चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापकिय तहमा लेखापरिक्षण समिति,जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २९ वैशाख ०८०

फ्री भिसा फ्री टिकट : कार्यान्वयन, न नियमन

वैदेशिक रोजगारीका लागि १७८ वटा मुलुक खुला, तर १० वटासँग मात्रै श्रम सम्झौता

मुना कुँवर/नयाँ पत्रिका

कामदारलाई आर्थिक भार कम गराउन भन्दै तत्कालीन श्रमराज्यमन्त्री टेकबहादुर गुरुङले असार ०७२ मा फ्री भिसा फ्री टिकट नीतिको घोषणा गरे। मलेसिया, साउदी अरब, कतार, युएई, ओमान, बहराइन र कुवेत जाने कामदारले कुनै शुल्क भुक्तानी गर्नुनपर्ने व्यवस्था लागू गरे। तर, घोषणाको दशकनजिक पुग्दा पनि सरकारले नीति कार्यान्वयन गर्न सकेको छैन। सोअनुसार म्यानपावर व्यवसायीले सेवा शुल्कबापत अधिकतम १० हजार रुपैयाँसम्म लिन पाउँछन्। तर, सरकार आफैंले घोषणा गरेको नीतिको अनुगमन गर्न नसक्दा कामदारहरू तीन लाखभन्दा बढी रकम तिरेर मलेसिया जान बाध्य छन्। कम्पनीले कामदारलाई १० हजारको रसिद दिई आफूखुसी रकम उठाउँदै आएका छन्। मलेसिया जान त्रिभुवन विमानस्थल पुगेका जनकपुरका नरेशराम दासले म्यानपावरलाई तीन लाख १५ हजार भुक्तानी गरेको बताए। उनीसँगै एउटै कम्पनीमा जान लागेका जनकपुरकै अमनजित यादवले भने तीन लाख बुझाएको बताए। सोही कम्पनीमा कामका लागि जान लागेका बर्दिवासका सन्तोष कार्कीले भने दुई लाख ६५ हजार रुपैयाँ भुक्तानी गरेको बताए। उनीहरू तीनैजना काठमाडौंस्थित मुस्कान ओभरसिजबाट मलेसियास्थित ग्लोब कम्पनीमा जान लागेका हुन्। तर, सबैले फरक-फरक शुल्क तिरेका छन्।

■ कार्यान्वयनका लागि श्रम सम्झौतामा नै चुकेको सरकार

फ्री भिसा फ्री टिकटको घोषणा गरेको सरकारले कार्यान्वयनका लागि भने कुनै पनि प्रक्रिया अगाडि बढाउन नसकेको इक्विडियम रिसर्च नेपालका कार्यकारी निर्देशक रामेश्वर नेपालले बताए। एक मुलुकबाट अर्को मुलुकमा कामदार पठाउन श्रम सम्झौता अनिवार्य छ। सम्झौता समावेश गरिएका बुँदालाई सम्बन्धित मुलुकमा स्थापना गरिएका दूतावासले पहल गर्नुपर्छ। तर, यस विषयमा सरकारले काम नै गर्न नसकेको उनले बताए।

नेपालले वैदेशिक रोजगारीका लागि एक सय ७८ वटा मुलुक खुला गरेको छ। कामदारले म्यानपावर व्यवसायीका माध्यमबाट संस्थागत श्रम स्वीकृति लिएर विश्वका एक सय ११ मुलुक जान सक्छन्। तर, सरकारले हालसम्म जम्मा १० वटा मुलुकसँग मात्रै श्रम सम्झौता गरेको छ। कतारसँग २००५ मा जनरल एग्रिमेन्ट, बहराइनसँग २००८ मा एमओयू गरेको छ। त्यस्तै, कोरियासँग २००७ मा एमओयू गरेको छ भने इजरायलसँग २०१५ मा जोइन्ट पाइलट प्रोजेक्ट गरेको छ। जापानसँग २००९ र २०१९ मा जिट्को एग्रिमेन्ट गरेको छ। जोर्डनसँग २०१७ मा बिएलए गरेको छ। मौरिसियससँग २०१९ मा एमओयू गरेको छ। युएईसँग २००९ मा पहिलोपटक एमओयू र २०१९ मा दोस्रोपटक एमओयू गरेको छ। युनाइटेड किङडमसँग २०२१ एमओयू गरेको छ। साइप्रस र सिसेल्ससँग सम्झौताको तयारी गरेको छ।

नेपाली युवाको मुख्य गन्तव्यमध्ये साउदी अरब, ओमान, लेबनान र कुवेतसँग अहिलेसम्म श्रम सम्झौता भएको छैन। श्रम सम्झौता गरिएका मुलुकहरूसँग प्रत्येक वर्ष दुई पक्षीय बैठक बसेर सम्झौतामा राखिएका बुँदाको समीक्षा गरी सरकारले आफ्ना कामदारका समस्या राख्न सक्छ। तर, दुई पक्षीय बैठकले निरन्तरता नपाएको मन्त्रालयका अधिकारीहरू बताउँछन्। भइहाले पनि नेपालको तर्फबाट प्रस्तुत हुने एजेन्डा नै कमजोर हुने भखैरै भएको एक ज्वाइन्ट कमिटी बैठकमा सहभागी मन्त्रालयका एक अधिकारीले बताए। 'बैठकमा मैले हाम्रा श्रमिकको समस्या राख्ने तयारी राख्ने गरेको थिएँ। तर, धेरै बुँदालाई हटाइयो र राखे पनि बैठकमा प्रस्तुत गरिएन,' उनले भने। परराष्ट्र र श्रम मन्त्रालयबीच समन्वय नहुँदा पनि कतिपय विषय ओझेलमा परेको उनको भनाइ छ।



रोजगारदातामा भर पर्छ

● **राजीव पोखरेल**
सहसचिव, श्रम मन्त्रालय

फ्री भिसा फ्री टिकट रोजगारदातामा भर पर्ने विषय हो। सबै रोजगारदाताले सबै शुल्क नव्यहोर्न पनि सक्छन्। यस्तो अवस्थामा व्यवसायीलाई व्यवसाय चल्ने गरी सेवा शुल्क तोक्ने हो कि भन्ने मन्त्रालयको बुझाइ हो।



कूटनीतिक पहल नै कमजोर

● **रामेश्वर नेपाल**, कार्यकारी निर्देशक, इक्विडम रिसर्च नेपाल

फ्री भिसा फ्री टिकट कार्यान्वयनका लागि सरकारले गन्तव्य मुलुकसँग कूटनीतिक रूपमा पहल गर्नुपर्छ। यसका लागि सम्बन्धित मुलुकमा रहेका दूतावासलाई बढी जिम्मेवार बनाउनुपर्छ, क्षमता बढाउनुपर्छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ कूटनीतिक पहल नै कमजोर

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएल)ले ल्याएको रोजगारदाता भुक्तानी मोडलअनुसार कामदार भर्ना प्रक्रियामा सबै शुल्क रोजगारदाताले नै व्यहोर्नुपर्छ। सोहीअनुसार सरकारले युएई, मलेसिया र मौरिसियससँग सम्झौता गरेको छ। यसमा कामदारको भिसा शुल्क, आतेजाते हवाई शुल्क, खान-बस्न, मेडिकल, बिमा, सामाजिक शुल्क र सेवा शुल्कसमेत रोजगारदाता कम्पनीले व्यहोर्नुपर्छ। तर, कार्यान्वयनका लागि जोड भने दिन नसकेको अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघको रिक्रुटमेन्ट एड्भाइजरी परियोजनाका दक्षिण एसिया संयोजक सुनील न्यौपानेले बताए। उनका अनुसार फ्री भिसा फ्री टिकट घोषणा नेपाल सरकारको एकतर्फी भएकाले यसमा गन्तव्य मुलुक बाध्यकारी नहुन पनि सक्छ। त्यसैले यसलाई कार्यान्वयन गर्न सरकार आफैंले पहल गर्नुपर्ने उनको भनाइ छ।

मलेसियाका लागि नेपाली राजदूत डिल्लीप्रसाद पौडेलले एकैपटक शतप्रतिशत कार्यान्वयन गर्न नसकिने बताए। मलेसिया र नेपालबीच सन् २०१८ मा शून्य लागतको श्रम सम्झौता भएको हो। त्यसभन्दा अगाडि कामदारलाई पारिश्रमिकबाहेक खाने-बस्नेजस्ता सुविधा पनि थिएनन्। २०१८ को सम्झौतापछि अधिकांश कम्पनीले खाने-बस्ने, अतिरिक्त कामको ज्याला भुक्तानी गर्दै आएका छन्। पछिल्लो सम्झौताले कामदारले पाउने सुविधामा धेरै परिवर्तन आएको उनको भनाइ छ। तर, सम्झौता कार्यान्वयन गराउन दुई पक्षबीच हुने ज्वाइन्ट कमिटी बैठक आवश्यक छ। राजदूत पौडेलका अनुसार आगामी अक्टोबरमा मलेसिया र नेपालबीच भएको श्रम सम्झौताको अवधि सकिँदै छ।

त्यस्तै, कतारका लागि नेपाली राजदूत डा. नरेशविक्रम ढकालले भने नियोगकै पहलका कारण निःशुल्क टिकट, निःशुल्क भिसा कार्यान्वयन भएको दाबी गरे। उनका अनुसार कामदार भर्ना प्रक्रियामा रोजगारदाताले सम्पूर्ण खर्च व्यहोर्ने कतार सरकारको नीति छ। तर, नेपालका म्यानपावर व्यवसायी र कतारका रोजगारदाताबीच भएको लेनदेनको विषयमा दूतावासलाई जानकारी नहुने उनले बताए। कुन-कुन म्यानपावरले रोजगारदाताबाट रकम लिएका छन् भन्ने रेकर्ड दूतावाससँग नहुने उनले बताए।

तर, फ्री भिसा फ्री टिकट नीति सरकार आफैंले कार्यान्वयन गर्न नसकेको तथा व्यवसायीको नियमन पनि नभएको अन्तर्राष्ट्रिय ट्रेड युनियनका महासंघको रिक्रुटमेन्ट एड्भाइजरी परियोजनाका दक्षिण एसिया संयोजक सुनील न्यौपानेले बताए। सरकारले श्रम सम्झौता नभएका मुलुकमा कामदार पठाउन रोक्न सक्छ। साथै, चर्को शुल्क लिने व्यवसायीलाई पनि कारबाही गर्न सक्छ। तर, नियमनतर्फ पनि सरकार कमजोर भएको उनको जिकिर छ।

■ मन्त्रालय सधैं गैरजिम्मेवार

नयाँ श्रममन्त्री नियुक्ति हुनेबित्तिकै फ्री भिसा फ्री टिकटको विषयले चर्चा पाउँछ। यसपटक पनि श्रम मन्त्रालयमा शरतसिंह भण्डारी नियुक्त भएसँगै वैदेशिक रोजगार व्यवसायीले सेवा शुल्क वृद्धि गर्न लबिङ गरिसकेका छन्। त्यसलगत्तै मन्त्री भण्डारीले पनि पुनर्विचार गरिने बताए।

यसअघिका मन्त्री कृष्णकुमार श्रेष्ठ, शेरबहादुर कुँवरको कार्यकालमा पनि यो विषयले चर्चा पाएको थियो। तर, फ्री भिसा फ्री टिकटको विषय पपुलर र जनताको चासो भएका कारण मन्त्रीहरूले यस विषयमा कुनै पनि निर्णय गर्न चाहेनन्।

श्रम मन्त्रालयले वैदेशिक रोजगारीको चक्रमा हुने समस्यालाई समाधान गर्ने गरी अध्ययन गर्न एक कार्यदल गठन गरेको छ। मन्त्रालयले २१ दिनभित्र अध्ययन प्रतिवेदन तयारी गर्न निर्देशन दिँदै सहसचिव राजीव पोखरेलको संयोजकत्वमा कार्यदल गठन गरेको हो। मन्त्रालयले अघिल्लो आइतबार परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालयल, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड र वैदेशिक रोजगार व्यवसायी संघको पनि प्रतिनिधित्व रहने गरी कार्यदल गठन गरेको हो।

अर्थमन्त्रीले दातासँग मागे अनुदान

काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले दातृ निकायहरूसँग वैदेशिक ऋण सँगसँगै उल्लेख्य रूपमा अनुदान उपलब्ध गराउन आग्रह गरेका छन्। नेपालमा रहेका अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग आगामी आर्थिक वर्ष ०८०/८१ को बजेटका विषयमा भएको छलफलमा उनले यस्तो बताएका हुन्। छलफलमा विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र अन्तर्राष्ट्रिय वित्त निगमजस्ता बहुपक्षीय विकास साझेदार, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, जापान, कोरिया, स्विट्जरल्यान्ड, नर्वे, फिनल्यान्ड, युरोपियन युनियन, जर्मनीलगायतका द्विपक्षीय विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति थियो।

सरकारको ऋण बढ्दो क्रममा रहेको सन्दर्भमा आगामी दिनमा साँवा-ब्याज तिर्न सकिने उत्पादनशील क्षेत्रमा लगानी गर्ने प्राथमिकता रहेको उनले बताए। उनले आगामी दिनमा सिर्जना हुने दायित्वका विषयमा सरकार अत्यन्तै सजग रहेकोसमेत उनले बताए। दातृ निकायहरूको छलफलमा उनले भने, 'वैदेशिक ऋण सँगसँगै उल्लेख्य रूपमा अनुदान उपलब्ध गराउन र जलवायु परिवर्तनको कारक नेपाल नभएको हुँदा यस क्षेत्रमा आउने सहायता पनि अनुदानकै रूपमा परिचालन गर्नुहोला।'

छलफलका क्रममा अन्तर्राष्ट्रिय विकास साझेदारहरूले आन्तरिक स्रोत परिचालनका सुधार खाका तयार गर्न सुझाव दिएका छन्। उनीहरूले पुँजीगत खर्चमा सुधार गर्नुपर्ने, सार्वजनिक संस्थान व्यवस्थापनमा सुधार गर्नुपर्ने, खर्चमा दोहोरोपना घटाउने, आन्तरिक स्रोत परिचालनका लागि सुधार खाका तयार गर्ने, सार्वजनिक र निजी वित्तीय साधन राष्ट्रिय प्राथमिकतामा प्रवाह गर्ने सुझाव दिए। त्यसैगरी स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र पोषणमा लगानी वृद्धि गर्ने, करको दायरा विस्तार गर्ने, न्यून पुँजीगत खर्च र कमजोर खरिद क्षमतामा सुधार गर्ने, अनौपचारिक क्षेत्रलाई क्रमशः औपचारिक क्षेत्रमा परिवर्तन गर्दै करको दायरा विस्तार गर्ने सुझाव दिएका छन्।

त्यसैगरी, साना तथा मझौला उद्यम र आन्तरिक उद्यमशीलतालाई प्रवर्द्धन गर्ने, मानव पुँजीमा लगानी विस्तार गर्ने, आर्थिक लक्ष्यका साथसाथै पर्यावरणीय र सामाजिक लक्ष्यलाई पनि प्राथमिकतामा राख्नुपर्ने, आयोजना पूर्वतयारीमा प्राथमिकता दिनुपर्ने, ठूला सुधार एजेन्डालाई प्राथमिकीकरण गर्नुपर्ने बताए।

आयोजनाका कर्मचारीहरूलाई निश्चित समयसम्म सोही स्थानमा जिम्मेवारी दिनुपर्ने, अन्तरनिकाय समन्वय बढाउनुपर्ने र सहुलियतपूर्ण ऋणको पूर्ण उपयोग गर्नुपर्नेजस्ता सुझाव दिएका छन्।

जेठमा निक्षेपको ब्याजदर यथावत् राख्ने

ब्याजदर सस्तो हुँदा संस्थागत निक्षेप ट्रेजरी बिल्समा आकर्षित, वैशाखमा ६ अर्बले घट्यो निक्षेप

नयाँ पत्रिका

नेपाल बैंकर्स संघले जेठमा निक्षेपको ब्याजदर यथावत् राख्ने भएको छ। निक्षेप संकलन घट्न थालेपछि ब्याजदर नचलाउने निष्कर्षमा बैंकहरू पुगेका हुन्। गत चैत मसान्तसम्म वाणिज्य बैंकको निक्षेप ४८ खर्ब २८ अर्ब रुपैयाँ थियो, तर वैशाखको २२ गतेसम्म आइपुग्दा निक्षेप ४८ खर्ब २२ अर्ब पुगेको छ। यसबीच ६ अर्बले निक्षेप घटेको संघले जानकारी दिएको छ।

निक्षेप संकलनमा कमी आएपछि ब्याजदर नघटाइएको एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बताए। मुद्दती निक्षेपमा पाइने ब्याजदरको तुलनामा ट्रेजरी बिल्समा बढी ब्याजदर पाइने हुनाले त्यतातिर आकर्षण बढेको उनको भनाइ छ। उनले भने, 'संस्थागत निक्षेपमा दिन सक्ने ब्याजदर भनेको ८.५ प्रतिशत मात्रै छ। तर, ट्रेजरी बिल्समा अझै पनि ९.२५ प्रतिशत ब्याज पाइरहेको अवस्था छ। यसले निक्षेप घटाउने भइहाल्यो।'



■ शुक्रबार मौद्रिक नीतिको समीक्षा

नेपाल राष्ट्रले चालू आर्थिक वर्षको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा शुक्रबार गर्दै छ। राष्ट्र बैंकमाथि ब्याजदर घटाउनुपर्ने र ऋणको पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्नुपर्ने दबाब निजी क्षेत्रबाट आइरहेको समयमा शुक्रबार मौद्रिक नीतिको समीक्षा गर्ने तयारी भएको गभर्नर महाप्रसाद अधिकारीले जानकारी दिए। मौद्रिक नीतिको समीक्षाबाट ब्याजदरको मुद्दा थप सम्बोधन हुने एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बताए। तर, अब मौद्रिक नीतिमा ब्याजदरलाई प्रभावित पार्ने ठाउँ नरहेको उनको भनाइ छ। उनले भने, 'मासिक रूपमा ब्याजदर परिवर्तन गरेसँगै ब्याजदर थप चलाउने ठाउँ रहेन। असारसम्म ४ प्रतिशत स्प्रेडदर कायम गर्नुपर्ने नीति यसअघि नै अवलम्बन भइसकेकाले ब्याजदर प्रभावित पार्ने थप ठाउँ छजस्तो लाग्दैन।'

बैंकिङ प्रणालीमा करिब दुई खर्ब तरलता उपलब्ध हुँदाहुँदै पनि कर्जा प्रवाह हुन सकेको छैन। यसका लागि ब्याजदर घटाउनुको विकल्प नरहेको खालिङको भनाइ छ। कर्जाको पुनर्तालिकीकरण र पुनर्संरचनाले ऋणीलाई केही सहज हुने भए पनि त्यो क्षणिक मात्रै हुने उनको बुझाइ छ। यसअघि केन्द्रीय बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत साना तथा मझौला उद्योग-व्यवसायलाई सहजीकरण गर्न दुई करोडसम्मको कर्जालाई असार मसान्तभित्र पुनर्संरचना र पुनर्तालिकीकरण गर्न पाउने सुविधा दिएको थियो। उद्योग-व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी यो सुविधा दिनुपर्ने व्यवस्था छ। तर, अन्य क्षेत्रबाट समेत माग उठेकाले यसमा तयारी भइरहेको राष्ट्र बैंकका एक अधिकारीले बताए।

चालू आर्थिक वर्षको चैतसम्म वाणिज्य बैंकहरूको औसत निष्क्रिय कर्जाको अनुपात ३.०३ प्रतिशत कायम भएको छ। मन्दीको प्रभाव उद्योग-व्यवसायमा पर्दै जाँदा बैंकहरूको निष्क्रिय कर्जासमेत बढ्न थालेको हो। गत पुससम्म यस्तो अनुपात २.३५ प्रतिशत थियो। गत वर्ष चैतसम्ममा यस्तो अनुपात १.२३ प्रतिशत थियो। आर्थिक गतिविधि शिथिल हुँदा व्यवसायीको ब्याज तिर्न सक्ने क्षमता कम हुँदै गएको, बैंकहरूको खराब कर्जा अनुपात पनि बढेकाले तत्काल, पुनर्कर्जा, कर्जाको पुनर्संरचना एवं पुनर्तालिकीकरण गर्नुपर्ने माग निजी क्षेत्रको छ। ब्याजदर कम गर्ने उपायस्वरूप तत्काल नीतिगत दर, बैंकदर, सिआरआर घटाउनेलगायतका नीतिगत निर्णयमा पुग्न पनि राष्ट्र बैंकसँग आग्रह गरेका छन्। नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरूसँगको भेटमा गभर्नर अधिकारीले तत्काल कार्यान्वयनमा लैजान सकिने सुझावलाई गम्भीरतापूर्वक लिएर पूरा गर्ने विश्वास दिलाएका थिए।

निक्षेप सँगसँगै नौ अर्बले कर्जा प्रवाह घटेको छ। कर्जाको ब्याजदर सस्तिँदै गए पनि बजार चलायमान नहुँदा कर्जाको माग बढ्न नसकेको खालिङको भनाइ छ। निक्षेप संकलन बढ्ने आधार बलियो नहुँदासम्म बैंकहरू पर्ख र हेरको अवस्थामा रहेको उनले बताए। बैंकहरूले ११ प्रतिशतको ब्याजदर गत वैशाखमा मात्रै घटाएर ९.९९ प्रतिशत पुऱ्याएका थिए। यस्तै संस्थागत मुद्दती निक्षेपको ब्याजदर ७.९९ प्रतिशत छ भने बचतको ब्याजदर ५.४ प्रतिशत देखि ७.४ प्रतिशत कायम छ। राष्ट्र बैंकले हालै मात्र बैंकहरूलाई प्रत्येक महिनामा आधारदर समायोजन गर्दै ब्याजदर परिवर्तन गर्नुपर्ने व्यवस्था गरेकाले जेठमा कर्जाको ब्याजदर सस्तिने उनले बताए।

सेवा शुल्कबारे बढ्यो गुनासो

बिहीबार नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले ग्राहकवर्गको गुनासोलाई लिएर वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग छलफल गरेका थिए। छलफलका क्रममा अधिकांश ग्राहकले बैंकहरूले उपलब्ध गराउने सेवाबारे सचेत नभएर बढी गुनासो गरेको खालिङले जानकारी दिए।

उनले भने, 'ग्राहकले प्रडक्ट नबुझेरै बढी गुनासो आउने गरेको रहेछ। उनीहरूका गुनासो गम्भीर किसिमका थिएनन्। धेरैले सेवा शुल्क र ब्याजदर बुझाइमा समस्या भएकाले गुनासो गरेको पाइयो।' गभर्नर अधिकारीले सिइओहरूलाई ग्राहकवर्गमा सचेतना बढाउन आग्रह गरेको उनले जानकारी दिए।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको
आ.व.२०७९/८० को तेस्रो त्रैमासिक अवधिको बिवरण

UMH UNITED MODI HYDROPOWER
United Modi Hydropower Ltd.
Kamaladi, Kathmandu, Nepal

Balance Sheet as on Chaitra 30, 2079 (Unaudited)

NPR '000

Particulars	As of Chaitra end, 2079	As of Poush end, 2079	As of Chaitra end, 2078
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	1,445,898	1,464,356	1,519,731
Other Fixed Assets	6,724	7,089	8,118
Deferred Tax Assets	5	5	-
Investments	680,000	680,000	680,000
Total Non-Current Assets	2,132,626	2,151,450	2,207,849
Current Assets:			
Deposits	3,164	3,164	3,158
Other Loans & Advances	23,827	23,827	23,227
Sundry Debtors	92,103	101,981	106,659
Cash & Bank Balance	2,008	2,225	3,204
Prepaid Expenses	342	3,627	552
Total Current Assets	121,445	134,824	136,801
Total Assets	**2,254,071**	**2,286,274**	**2,344,650**
Equity			
Share Capital	1,150,000	1,150,000	1,150,000
Reserve and Surplus	101,927	111,909	104,522
Total Equity	1,251,927	1,261,909	1,254,522
Liabilities			
Non-Current Liabilities:			
Secured Loans	868,572	892,579	1,012,437
Total Non-Current Liabilities	868,572	892,579	1,012,437
Current Liabilities:			
Trade and Other Payables	14,822	29,217	41,803
Overdraft Loan	86,275	72,960	14,558
Dividend Payable	17,478	17,478	6,442
Provisions	14,997	12,131	14,887
Total Current Liabilities	133,572	131,786	77,690
Total Liabilities	1,002,144	1,024,366	1,090,127
Total Equity and Liabilities	**2,254,071**	**2,286,274**	**2,344,650**

Profit & Loss Accounts for the period ended Chaitra 30, 2079 (Unaudited)

Particulars	3rd Quarter FY 2079/80	2nd Quarter FY 2079/80	3rd Quarter FY 2078/79
Revenue from Operations	222,920	165,838	181,356
Less: Direct Expenses	(12,706)	(7,293)	(9,920)
Gross Profit	210,214	158,545	171,436
Other Income	2,363	2,310	38,181
Staff Costs	(23,866)	(16,242)	(17,973)
Other Operating Costs	(27,066)	(18,195)	(34,879)
Financial Costs	(91,120)	(61,137)	(68,076)
Depreciation	(56,471)	(37,647)	(56,696)
Provision for Staff Bonus	(281)	(553)	(640)
Net Profit before Tax	13,772	27,082	31,354
Income Tax	(3,443)	(6,770)	(3,919)
Net Profit	**10,329**	**20,311**	**27,434**

Note : The figures are regrouped and rearranged where necessary.
The unaudited financial figure are subject to change from external auditor's and regulatory authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)
युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको आ.व. २०७९/८० को तेस्रो त्रैमासिक अवधिको बिवरण

१. **वित्तिय बिवरण**

क) त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी बिवरण यसै साथ संलग्न गरिएको छ र आ.ब.२०७९/८० को तेस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाब किताब मिति २०८०/०१/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ।

ख) प्रमुख वित्तिय अनुपातहरु:

प्रति शेयर आम्दानी (रु.) (EPS) **	शेयरको बजार मूल्य (रु.)	प्रति शेयर नेटवर्थ (रु.)	प्रति शेयर कुल सम्पतिको मूल्य (रु.)	तरलता अनुपात
०।९०	२५२।००	१०८।८६	१९५।९८	०।९१

**EPS वार्षिक करण नगरिएको।

२. **व्यवस्थापकीय विश्लेषण**

यस आयोजना पुर्णरुपमा प्राकृतिक श्रोतमा निर्भर हुने हुदाँ यस त्रैमासमा आवश्यकता अनुसारको बहाव उपलब्ध भए अनुसार विद्युत उत्पादन भएको छ। यसैगरि, आयकर ऐन, २०५८ बमोजिम कम्पनीलाई प्राप्त सत प्रतिशत कर छुटको समयावधि आ. ब. २०७५/७६ मा नै सकिएको र आ. ब. २०७६/७७ देखि ३ बर्षका लागि उपलब्ध ५० प्रतिशत कर छुट समेत गत आ. ब. २०७८/७९ बाट सकिएकाले यस आ. ब. बाट कम्पनीको आयमा सत प्रतिशत कर लाग्ने भएकाले सोको प्रभाव कम्पनीको मुनाफामा परेकोछ। साथै बजारमा तरलताको अभावको कारण बैकबाट लिएको कर्जामा ब्याजदर बृधि भई नाफामा असर परेकोछ। मोदीखोलामा पानीको प्रवाह सन्तोषजनक रहेमा आगामी दिनहरुमा आयोजनाबाट अपेक्षा अनुसारको उत्पादन हुनेमा कम्पनी आशावादी रहेकोछ।

३. **कानूनी कारबाही सम्बन्धी बिवरण**

यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको बिरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्धा दायर नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण**

यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धि बिवरण :

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	करोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार रकम
२९९।००	२२९।००	२५२।००	५७	३,०९७,०४५	८४१,७४७,३१५।८०

५. **समस्या तथा चुनौती**

यस कम्पनीले बहन गर्नुपर्ने बाह्य समस्या तथा चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती सदैव रहिरहने हुन्छ। नदीमा जलका प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ।

६. **संस्थागत सुशासन**

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेकोछ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालक समितिले पारित गरी लागू गर्दै आएकोछ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम कम्पनीका सञ्चालकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गरिएकोछ। यसका साथै प्रचलित कानून, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदैं आएकोछ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्णछन्न लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडका शेयरधनीहरूलाई लाभांश वितरण सम्बन्धी जरूरी सूचना

कम्पनीका बिगतका साधारण सभाबाट पारित लाभाशं यदि कुनै शेयरधनी महानुभावले नलिनु भएको भए यथाशीघ्र कम्पनीको शेयर रजिष्ट्रार सिबआइएल क्यापिटल लि., बाटुलेधर, डिल्लिबजार काठमाण्डौ, फोन नं. ०१-४४१८६६७/४४१७७२३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गर्दछौं। साथै कुनै शेयरधनीले ५ वर्षसम्म बुझी नलिएको नगदलाभांश रकम लगानीकर्ता र संक्षणकोषमा जम्मा गर्नु पर्ने भएको हुंदा कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३ को दफा ५ को उपदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ आफ्नो रकम सुरक्षित गर्नुहोला। अन्यथा उक्त अवधि पश्चात लिन बांकी नगद लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउंदछौं।

बाग्लुङ नगरपालिकाको ९३ प्रतिशत योजना सम्झौता

बाग्लुङ/ जिल्लाको सबैभन्दा ठूलो नगरपालिका बाग्लुङ नगरपालिकामा ९३ प्रतिशत योजना सम्झौता भएका छन् । चालू आर्थिक वर्षको वैशाखसम्म नगरपालिकाभित्रका ९३ प्रतिशत योजना सम्झौता भई कार्यान्वयनको पक्षमा रहेका छन् । आर्थिक वर्ष ०७९/८० मा भौतिक पूर्वाधारतर्फ नगरपालिकामा कुल ६ सय ६० योजना थिए, जसअन्तर्गत ६ सय नौ योजना सम्झौता भई कार्यान्वयनको पक्षमा रहेको नगरपालिकाले जनाएको छ । सम्झौता भएका योजनामध्ये झन्डै ५५ प्रतिशत अर्थात् तीन सय ३० योजना सम्पन्न भइसकेको बाग्लुङ नगरपालिकाका नगर प्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिए ।

नगरपालिकामा तीन सय ३० योजना कार्यान्वयन हुन बाँकी रहेका छन् । जसमा ५१ वटा योजना सम्झौता नै हुन सकेका छैनन् । नगरपालिकाले गत साउनदेखि नै वडा तहमा योजना सम्झौता गरेर कार्यान्वयनको पक्षलाई अगाडि बढाएको थियो । मंसिर मसान्तभित्र सम्झौता भएका योजना मात्र अहिले कार्यान्वयनको पक्षमा रहेको नगरपालिकाले जनाएको छ ।

आरजु मिलबाट उत्पादित लङग्रेन र जिरामसिनो चामल बजारमा

नयाँ पत्रिका
काठमाडौं, २८ वैशाख



आरजु मिलबाट उत्पादित चामल बजारमा बिक्री सुरु भएको छ । बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतको लगानी रहेको आरजु राइस मिलबाट उत्पादन भएको लङग्रेन र जिरामसिनो चामलको बिक्री सुरु गरिएको हो ।

अहिले चार हजार बिघा जमिनमा धान उत्पादन गरेर आरजु राइस मिलमार्फत आरजु चामल बिक्री सुरु गरेको बताए बस्नेतले बताए । उनले भने, 'अहिले लङग्रेन एक सय ३० रुपैयाँ प्रतिकेजीमा बिक्री सुरु गरेका छौं ।' बस्नेतले लामो समयदेखि विराटनगरमा कृषकहरूसँग मिलेर सयौं बिघा जमिनमा धान उत्पादन सुरु गरेका थिए । त्यही उत्पादनलाई राइस मिलमार्फत प्याकिङ गरेर बजारमा ल्याइएको हो । मिलको क्षमता चार मेट्रिकटन प्रतिघन्टा चामल उत्पादन गर्ने रहेको छ ।

मोरङका कृषक दिव्यराज खतिवडाले आरजु राइस मिलले कृषकलाई केही आशा थपेको बताए । चैते धानलाई प्रतिक्विन्टल नौ सय रुपैयाँ र असारे धानलाई एक हजार दुई सय रुपैयाँ तोकिएको छ । विगतमा मूल्य तोकिए पनि बिक्री नहुने अवस्था रहेको भए पनि अहिले आरजु राइसले खरिद गर्दा सहज भएको खतिवडाको भनाइ छ ।

■ कस्तो छ चामल ?

आरजु लङग्रेन चामल प्रतिकेजी एक सय ३० रुपैयाँमा काठमाडौंको बजारमा उपलब्ध छ । काठमाडौंको बजारमा उपलब्ध हुने अन्य चामल ०.५ मिलिमिटर लामो रहे तापनि मूल्य एक सय ६० देखि एक सय ७० रुपैयाँ प्रतिकेजी पर्छ । यो भनेको आरजु लङग्रेनभन्दा ३० देखि ४० रुपैयाँ बढी हो । त्यस्तै, कनिकाको मिसावट पनि बढी रहेको देखिएको छ । बजारमा कनिकाको मूल्य प्रतिकेजी ३५ देखि ४० रुपैयाँ छ । वर्षमा एकजना उपभोक्ताले लगभग एक सय ३५ देखि एक सय ४० केजी चामलको उपभोग गर्छन् । बस्नेतले भने, 'हाम्रो चामल लगभग किलोमा ४० रुपैयाँ सस्तो छ ।' गुणस्तरीय तथा स्वादिलो चामलमा एकजना ग्राहकले वार्षिक साढे पाँच हजारको बचत गर्न सक्ने बस्नेतले दाबी गरे । उनले भने, 'पाँचजनाको परिवार छ भने महँगीको यस्तो वेला २८ हजार रुपैयाँभन्दा बढीको बचत हुन्छ ।'

ज्योति विकास बैंकको गोकर्णमा नयाँ शाखा



काठमाडौं/ ज्योति विकास बैंकले गोकर्णमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । काठमाडौं उपत्यकाभित्र रहेका ग्राहकलाई बैंकिङ सेवाको पहुँच विस्तार गर्दै गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले बैंकले नयाँ शाखा सञ्चालनमा ल्याएको हो ।

गोकर्णेश्वर नगरपालिकाको गोकर्ण शाखा उद्घाटन नगरपालिकाका मेयर दीपककुमार रिसाल र बैंकका सञ्चालक रामकुमार श्रेष्ठले संयुक्त रूपमा गरेको जनाइएको छ । उद्घाटन समारोहमा बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत कपिल ढकाललगायत विभिन्न पदाधिकारी, कर्मचारीहरू, ग्राहक तथा स्थानीय व्यवसायीहरूको उपस्थिति रहेको बैंकले जनाएको छ ।

नयाँ शाखाको उद्घाटनपछि गोकर्णेश्वर नगरपालिकाका मेयर रिसालले बैंकको नयाँ शाखाले उक्त क्षेत्रका ग्राहकलाई बैंकिङ सेवा थप सुलभ र सहज बनाई वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्नुका साथै उत्पादनशील क्षेत्रमा लगानी गर्दै आर्थिक वृद्धि र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

साथै, बैंकका सञ्चालक श्रेष्ठले नयाँ शाखामार्फत बैंकिङ सेवा थप विस्तार भएको र आगामी दिनहरूमा पनि ज्योति विकास बैंकले सेवाग्राहीलाई अझ सहज, सरल र आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

शाखा विस्तारसँगै बैंकले उपत्यका र उपत्यकाबाहिर गरी एक सय २१ शाखा, तीन विस्तारित काउन्टर तथा ७५ एटिएममार्फत सेवा दिइरहेको छ ।

सनराइज बैंकका ग्राहकलाई अरोगिन हेल्थकेयरमा छुट



काठमाडौं/ सनराइज बैंकले आफ्ना ग्राहकलाई स्वास्थ्य क्षेत्रमा विभिन्न छुट दिलाउने उद्देश्यले काठमाडौंको विशालनगरमा रहेको अरोगिन हेल्थकेयर तथा अनुसन्धान केन्द्रसँग सम्झौता गरेको छ । आफ्ना ग्राहकको सहजता तथा सुविधालाई मध्यनजर गर्दै अस्पताल, रेस्टुरेन्ट तथा विभिन्न क्षेत्रमा विशेष छुटसहितका सुविधा दिलाउँदै आएको बैंकले अरोगिन हेल्थकेयरमा पनि छुट दिलाउने सम्झौता गरेको हो ।

सम्झौताअनुसार बैंकका ग्राहकले यस बैंकको क्रेडिट, डेबिट कार्ड, क्युआर वा मोबाइल बैंकिङमार्फत अरोगिन हेल्थकेयर तथा अनुसन्धान केन्द्रका विभिन्न सेवा तथा उपचार सुविधाको भुक्तानी गर्दा ४५ प्रतिशतसम्मको छुट पाउन सक्ने जनाइएको छ । सम्झौतामा बैंकका कर्पोरेट मार्केटिङ प्रमुख विवेक निरौला र अरोगिन हेल्थकेयरका व्यवस्थापन प्रमुख जानुका विष्टले हस्ताक्षर गरेको बैंकले जनाएको छ ।

अर्थतन्त्रका समस्या पहिल्याउन सम्मेलन हुँदै

नयाँ पत्रिका
काठमाडौं, २८ वैशाख

'चिर्दै अभूतपूर्व समस्याका चुनौतीहरू' भन्ने नाराका साथ काठमाडौंमा बृहत् आर्थिक संवाद कार्यक्रम 'द नेसनल बैंकिङ डिस्कोर्स २०२३' आयोजना हुने भएको छ । कार्यक्रम नबिल बैंकको प्रायोजनमा २ जेठमा आयोजना हुने भएको हो ।

कार्यक्रममा वर्तमान आर्थिक परिदृश्यमा बजेटसँगको अपेक्षा, वित्तीय सेवा इकोसिस्टमको डिजिटलाइजेसनको स्थिति र चुनौती, रेमिट्यान्सले धानेको अर्थन्त्रको प्राण र यसको भविष्य, दिगो अनि समावेशी विकासका लागि अहम् वित्तीय साक्षरताको अपरिहार्यता र स्थितिलगायतका विषयवस्तुमा मूलभूत छलफल हुने आयोजकले जनाएको छ । यस्तै, बैंकिङको अवस्था, ब्याजदर वृद्धिको समस्या, बैंकहरूमा भइरहने तरलताको समस्या, बढ्दो निष्क्रिय कर्जाको स्थिति, वित्तीय संस्थाप्रतिको विश्वास घटाउने अफवाहको बढोत्तरी निराकरणका विषयमा छलफल हुने जनाइएको छ । छलफलमा मौद्रिक नीतिबाट बैंकहरूमा भइरहेको निरन्तर दबाव, वित्तीय साक्षरताका विषयहरू, वित्तीय सेवा इकोसिस्टमको डिजिटलाइजेसनको, स्थिति र चुनौतीलगायतका विषयमा पनि चिन्तनमनन गरिने आयोजकको भनाइ छ ।

सम्मेलनले ठूला उद्योगको संरक्षण, साना, मझौला तथा स्टार्टअप उद्यमलाई प्रोत्साहन गर्ने, लगानीका नयाँ क्षेत्रको पहिचानसहित उत्पादनमूलक, रोजगारीमूलक, निर्यातमूलक क्षेत्रमा लगानी विस्तार गर्ने, उद्यमी-व्यवसायीले भोग्दै आएका नीतिगत र व्यवहारगत समस्याहरू समाधान गर्दै थप लगानी भित्र्याउने, निर्यात प्रवर्द्धन गर्ने र साझेदारी तथा लगानी गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा टेवा पुऱ्याउने उद्देश्य राखेको छ । विश्व कोभिड महामारीबाट तँग्रिँदै गर्दा सुरु भएको रुस-युक्रेन युद्धले इन्धन र खाद्यान्नमा चरम मूल्यवृद्धिलाई निम्त्याएसँगै विश्व अर्थतन्त्रमा देखिएको आर्थिक मन्दीका कारण हाम्रो अर्थतन्त्रमा पनि प्रभावित भएको आयोजकले जनाएका छन् । यसै परिप्रेक्ष्यमा आयोजना गर्न लागिएको सम्मेलनमा अर्थमन्त्री, गभर्नर, अर्थविद्लगायतको उपस्थिति रहने छ ।

जगदुल्ला आयोजनाको पिपिए

नयाँ पत्रिका
काठमाडौं, २८ वैशाख



एक सय ६ मेगावाटको जगदुल्ला अर्धजलायशयुक्त विद्युत् आयोजनाको विद्युत् खरिद-बिक्री (पिपिए) सम्झौता भएको छ । नेपाल विद्युत् प्राधिकरण र प्रवर्द्धक जगदुल्ला हाइड्रोपवार कम्पनीबीच पिपिएसम्बन्धी सम्झौता भएको हो ।

सम्झौतामा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र कम्पनीका कार्यकारी अधिकृत सञ्जय सापकोटाले हस्ताक्षर गरेका छन् । प्राधिकरणका विद्युत् व्यापार विभागका प्रमुख प्रबल अधिकारीले पोस्टेड दरमै जगदुल्ला जलविद्युत् आयोजनाको विद्युत् किन्ने गरी सम्झौता भएको बताए । त्यसअनुसार आयोजनाले १२ महिनासम्मै पिक टाइम (दैनिक ६ घन्टा)मा प्रतियुनिट १० रुपैयाँ ५५ पैसामा प्राधिकरणलाई विद्युत् बिक्री गर्नेछ । त्यसैगरी, अफ पिक आवरको बिजुली भने प्रतियुनिट हिउँदमा आठ रुपैयाँ ४० पैसा र बर्खामा चार रुपैयाँ ८० पैसामा बिक्री गरिनेछ । तोकिएको मितिमै आयोजना सञ्चालन ल्याएमा कम्पनीले आठ वर्षसम्म आम्दानीको वार्षिक ३ प्रतिशतका दरले थप रकम पाउनेछ ।

कम्पनीले ०८६ असारमा यो आयोजना सञ्चालनमा ल्याउने जनाएको छ । सोही मितिमा आयोजना सञ्चालनमा आएमा कम्पनीले उक्त सुविधा पाउने उल्लेख छ । उत्पादन ढिला भएमा यस्तो सुविधा कटौती हुनेछ ।

डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिकामा बन्ने उक्त आयोजना जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत बन्दै छ । यस आयोजनामा २३ अर्ब ८२ करोड रुपैयाँ लगानी अनुमान गरिएको छ । त्यसमा प्रवर्द्धक कम्पनीले ३० प्रतिशत स्वःपुँजीबापत सात अर्ब १० करोड रुपैयाँ लगानी गर्नेछ । स्वःपुँजीमा कर्णाली प्रदेशको ५ प्रतिशत, मुड्केचुला गाउँपालिकाको १ प्रतिशत, विद्युत् उत्पादन कम्पनीको २६ प्रतिशत, हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआईडिसिएल)को १०, प्राधिकरणको ९ प्रतिशत गरेर ५१ प्रतिशत संस्थापक सेयर हुनेछ । बाँकी ४९ प्रतिशत सेयर भने सर्वसाधारणलाई बिक्री गरिनेछ ।

बाँकी ७० प्रतिशत अर्थात् १६ अर्ब ७२ करोड रुपैयाँ भने ऋणमार्फत जुटाइनेछ । जुन रकम नेपाल इन्फ्रास्ट्रक्चर बैंकको अगुवाइमा नबिल बैंक, एचआईडिसिएल, कर्मचारी सञ्चय कोषले दिने भएका छन् । असार मसान्तभित्र आयोजनासँग वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्झौता गरिने एचआईडिसिएलका प्रमुख कार्यकारी अधिकृत अर्जुनकुमार गौतमले बताए ।

कम्पनीका कार्यकारी अधिकृत सञ्जय सापकोटाले ०८१ हिउँदबाट आयोजनाको निर्माण सुरु गर्ने बताए । उनले भने, 'हामीले आयोजना निर्माणको पूर्वतयारीको काम सुरु गरिरहेका छौं । समग्रमा यो वर्ष टेन्डर आह्वान गरेर ठेकेदार छनोट गर्ने, पहुँचमार्ग निर्माण गर्नेलगायतका पूर्वतयारीको काम सम्पन्न गर्छौं । अर्को वर्ष (०८१) हिउँदबाट निर्माण सुरु गर्छौं ।'

Sanima Middle Tamor Hydropower Limited

Dhumbarahi, KMC-4, Kathmandu, Nepal

Unaudited Financial Reports (Quarterly)

As on 3rd Quarter (2079.12.30) of the Fiscal Year 2079/080

THIRD QUARTER DISCLOSURE AS OF 2079.12.30
AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION
ANNEXURE-14 (RELATED TO SUB REGULATION 1 OF REGULATION 26)

Statement of Financial Position	Un-Audited This Quarter Ending	Un-Audited Previous Quarter Ending	Un-Audited Corresponding Previous Year Quarter Ending
	As on 30-12-2079	As on 30-09-2079	As on 30-12-2078
Assets			
Non-Current Assets			
Property Plant & Equipment	57,883,151	60,587,890	62,699,482
Intangible Assets	8,960,005,851	8,157,075,872	5,529,821,330
Deferred Tax Assets	670,290	670,290	-
Current Assets			
Cash and cash equivalents	670,382,604	98,504,922	128,727,587
Other Financial Assets	682,144,587	509,645,908	1,013,645,847
Other Current Assets	32,551,675	38,167,140	4,540,223
Current tax assets	2,899,443	2,632,211	2,463,213
Total Assets	**10,406,537,601**	**8,867,284,233**	**6,741,897,682**
Liabilities			
Non-Current Liabilities			
Borrowings	6,306,621,491	5,642,789,658	3,707,323,929
Other Financial Liabilities	709,090,392	605,330,511	359,840,930
Provisions	1,193,153	1,293,155	998,309
Deferred Tax Liabilities	-	-	897,593
Other Non-Current Liabilities			10,087,316
Current Liabilities			
Current Borrowings	-	30,000,000	47,970,327
Other Financial Liabilities	153,441,130	168,801,928	285,526,303
Other Current Liabilities	2,605,492	2,346,812	3,396,113
Total Liabilities	**7,172,951,659**	**6,450,562,063**	**4,416,040,820**
Equity			
Share Capital	3,332,500,000	2,499,375,000	2,332,750,000
Less Calls In Arrears	(3,000)		
Net Share Capital	3,332,497,000	2,499,375,000	2,332,750,000
Retained Earnings	(99,476,596)	(83,218,369)	(7,424,003)
Other Reserves	565,538	565,538	530,865
Total Equity	**3,233,585,942**	**2,416,722,170**	**2,325,856,862**
Total Liabilities and Equity	**10,406,537,601**	**8,867,284,233**	**6,741,897,682**

Statement of Profit or Loss	Un-Audited This Quarter Ending	Un-Audited Previous Quarter Ending	Un-Audited Corresponding Previous Year Quarter Ending
	Chaitra 2079	Poush 2079	Chaitra 2078
Revenue (Construction)	2,552,992,981	1,750,059,046	1,015,847,763
Cost of Sales (Construction)	(2,552,992,981)	(1,750,059,046)	(1,015,847,763)
Revenue From Sale of Electricity	-	-	-
Plant operating expenses	-	-	-
Gross profit	**-**	**-**	**-**
Other Income	366,165	153,729	-
Administrative and Other operating expenses	41,996,308	22,630,277	18,001,615
Net operating profit/(Loss)	**(41,630,143)**	**(22,476,548)**	**(18,001,615)**
Financial costs	-	-	-
Financial income	2,744,076	962,530	55,984
Foreign exchange gain/(loss)	(20,835,736)	(21,949,557)	-
Profit/(Loss) before tax & bonus	**(59,721,803)**	**(43,463,575)**	**(17,945,631)**
Provision for Staff Bonus	-	-	-
Profit/(Loss) before tax	**(59,721,803)**	**(43,463,575)**	**(17,945,631)**
Income Tax Expense	-	-	-
Deferred Tax Income/(Expense)	-	-	-
Net Profit	**(59,721,803)**	**(43,463,575)**	**(17,945,631)**
Major Financial Highlights			
Earnings Per Share (EPS)	-2.32	-1.74	-0.77
Current Ratio	8.89	3.23	3.41
Net worth Per Share	97.03	96.69	99.70
Return on Assets (ROA)	-0.57%	-0.49%	-0.27%
Market Value Per Share	321	-	-
P/E Ratio	-138.126	-	-

Financial Statements

- The Unaudited financial statement for the third quarter have been published as a part of this report.
- The Quarterly Construction Revenue and Construction Cost as per IFRIC-12 is NPR 2,552,992,981/-
- Service concession arrangement of Sanima Middle Tamor Hydropower Limited (SMTHL) includes Project Work in Progress of Middle Tamor Hydropower Project (73 MW). Service Concession arrangements are amortized over the contractual period of 30 years from the commercial operation date or as per the term of Generation License of SMTHL, whichever is lower. As per Generation License, the life of Middle Tamor Hydropower Project is up to 2110/02/21 B.S. The total Intangible Assets (Service Concession Arrangements) as on Chaitra End 2079 is NPR. 8,960,005,851/-
- The Middle Tamor Hydropower Project is under Construction and total physical progress till Chaitra End 2079 is about 85%.

Management Analysis

- The Company has incurred NPR. 41,996,308/- as administrative and other operating expenses till Chaitra 2079.
- The Company has earned other income NPR 366,165/- from insurance claim receipts and NPR 2,744,076/- as financial income.

Legal Proceedings

- During the period, no legal cases were raised or pending against the Company and from the Company.
  Analysis of Company's Share Transaction
- The major highlights of Share transactions during the quarter are as follows:

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Maximum price NPR.	338.1		-
Minimum price NPR.	295		-
Closing price NPR.	321		-
Total Turnover NPR.	159,392,345.40		-
Total Transactions	33,031		-
No. of transaction Day	4		-
Total traded volume	496,534		-

Problems & Challenges

Internal Challenges

- Retention of skilled human resources.
- Maintaining operational efficiency.

External Challenges

- Delay of statutory approvals, inconsistent regulatory and policy level commitment from the government regulatory agencies in the development of hydroelectric projects.
- Fluctuating cost of capital and devaluation of local currency.
- Increasing trend of interest rate.
- Natural disaster such as flood, earthquake, landslides, etc.
- Lack of domestic suppliers for construction materials, equipment and spare parts and difficulties in logistics management.
- Climatic changes and hydrological risk.
- Pandemics such as Covid-19, dengue, etc.

Strategies

- Implementation of HR optimization plan.
- Lobbying with government agencies for investment friendly environment.
- Fund management and strategic investment, as per the project investment plan.
- Adequate insurance policies, against the loss due to natural disasters.
- Maintenance of required equipment and machineries, and arrangement of smooth supply of spare parts.

Corporate Governance

The Board of Directors, Audit Committee, other Committees, and Management Team are committed to strengthening good corporate governance within the Company. Sanima Middle Tamor Hydropower Ltd. has written manuals, policies, rules & guidelines for the proper functioning of the operation of the Company.

Declaration

I, the Chief Executive Officer of this Company, take the responsibility for the accuracy of the information and details mentioned in this report for the period up to the Third quarter of F.Y 2079/080. I hereby declare that the information and details provided in this report are true, based on facts, and complete to the best of my knowledge and that any information necessary for taking informed decision by the investors are not concealed.

Please contact at 01-4372828/4373030 for any further inquiry about the Company.

लिलामी प्रकृया स्थगित गरिएको सम्बन्धि सूचना

यस संस्थाका ऋणी एञ्जल न्यौपाने र लेखनाथ पुरीको संयुक्त नाममा रहेको कर्जाको लिलामी सम्बन्धि सूचना प्रकाशित भई मिति २०८०।०१।२८ गते लिलामी प्रकृया गर्ने तय भएकोमा हाल यस संस्थाको आन्तरिक कारणले गर्दा अर्को सूचना प्रकाशित नभएसम्म लिलामी दाःखा प्रकृया स्थगित गरिएको सूचना सम्बन्धित सम्पूर्णमा जानकारी गराईन्छ ।

CASH बचत तथा ऋण सहकारी संस्था लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.
ज्याथा, काठमाडौं
फोन : ५३५१८७७, ५३५२३११, ५३५३२५२
Email :info@cashco-op.com.np

खाणको मोबाइल पनि फर्म्याट, रिकभरका लागि प्रहरीले प्रयोगशाला पठायो

टेकराज थामी/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी ठगी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाणको मोबाइल पनि फर्म्याट भएको खुलेको छ। 'डेटा रिकभर'का लागि प्रहरीले उक्त मोबाइल प्रहरी प्रयोगशालामा पठाएको छ। प्रहरीले बुधबार खाण पक्राउसँगै बरामद गरेको मोबाइलको डेटा अनुसन्धान थालेको थियो। तर, 'डेटा मिसिङ' भएको भेटिएपछि प्रहरी रिकभर गर्ने निष्कर्षमा पुग्यो। अनुसन्धानमा संलग्न जिल्ला प्रहरी परिसरका एक अधिकृतले भने, 'उहाँको मोबाइलका 'डेटा मिसिङ' भएको देखिन्छ। यसको अर्थ मोबाइल 'फर्म्याट' गरिएको भनेर बुझ्नुपर्ने हुन्छ। हामीले 'डेटा रिकभर'का लागि प्रयोगशाला पठाएका छौं। रिकभर भएर आएपछि अनुसन्धानले एउटा मोड लेला।'

२० वैशाखमा पक्राउ परेका गृह मन्त्रालयका पूर्वसचिव टेकनाराण पाण्डेले तथ्य खुल्ने डरले मोबाइल 'फर्म्याट' गराएका थिए। पछि प्रहरीले उनको मोबाइलको 'डेटा रिकभर' गरेको थियो। सोही डेटाका आधारमा नक्कली भुटानी शरणार्थी प्रकरणमा खाणको संलग्नता रहेको निष्कर्ष प्रहरीले निकालेको थियो। कारोबारका सन्दर्भमा खाणले पठाएको एसएमएस (सर्ट मेसेज सर्भिस) पाण्डेको मोबाइलमा भेटिनु, तर सोही एसएमएस खाणको मोबाइलमा नभेटिएपछि प्रहरी मोबाइल डेटा रिकभर गर्ने निष्कर्षमा पुगेको हो। डेटा रिकभर भएलगत्तै अुसन्धानले नयाँ मोड लिने आशामा प्रहरी छ। डेटा रिकभरको सन्दर्भमा जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्कीले अनुसन्धानका लागि आवश्यक सबै प्रक्रिया प्रहरीले अघि बढाएको बताए। उनले भने, 'घटनाको अनुसन्धान अघि बढेको छ। यस क्रममा मोबाइलका डेटा रिकभर गर्ने मात्र नभई अनुसन्धानका लागि आवश्यक सबै प्रक्रिया प्रहरी अघि बढाउँछ र बढाएको पनि छ।'

प्रहरीले खाणले प्रयोग गर्ने 'सिम'को सिडिआर (कल डिटेल रिपोर्ट) भने पक्राउअघि नै उतारिसकेको छ। सिडिआरमा नक्लकी भुटानी शरणार्थी प्रकरणमा जोडिएका गिरोहका सदस्यसँग उनको पटक-पटक कुराकानी भएको भेटिएको थियो। विशेष गरी धन्दाका सम्बन्धमा उनको सबैभन्दा धेरै संवाद पूर्वगृहसचिव पाण्डेसँग भएको देखिन्छ। त्यसपछि पक्राउ परेका सन्देश शर्मा, पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल'का सुरक्षा सल्लाहकार इन्द्रजित राई, पूर्वउपप्रधानमन्त्री तथा निलम्बित एमाले सचिव टोपबहादुर रायमाझीसँग खाणको धेरै संवाद भएको देखिन्छ। अनुसन्धानमा संलग्न एक अधिकृतले भने, 'उहाँको फोनको सिडिआर उतारेका छौं। विश्लेषण पनि भएको छ। प्रकरणमा पक्राउ विभिन्न अभियुक्तसँग उहाँको पटक-पटक संवाद भएको देखिन्छ। पक्राउ परेका अभियुक्तले पनि उहाँसँग कारोबारलाई लिएर संवाद भएको स्वीकार गरेका छन्।'

अझै सुरु भएन खाणको बयान

ठगी धन्दामा संलग्नमध्येका मुख्य योजनाकार मोरङका केशव दुलाल पक्राउ गरेको २२ दिनपछि मात्रै प्रहरीले नक्कली भुटानी शरणार्थी प्रकरणलाई संगठित ठगी मुद्दामा रूपान्तरण गरेको थियो। प्रहरीले केशवलाई १२ चैतमा काठमाडौंबाट पक्राउ गरेको थियो। संठगित अपराध अनुसन्धान गर्न प्रहरीलाई ६० दिनको मात्रै म्याद अवधि हुन्छ। त्यसो हुँदा प्रहरीले अबको दश दिनभित्र घटनाको अनुसन्धान सकेर प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरिसक्नुपर्नेछ। तर, प्रकरणमा एकपछि अर्को नयाँ 'हाई प्रोफाइल' जोडिने क्रम जारी छ। पक्राउ परेका खाणको बयानले अनुसन्धानलाई नयाँ दिशा दिने निश्चित छ। प्रहरीले खाणसँग बिहीबार बेलुकासम्म बयान लिन सकेको छैन। स्वास्थ्यको कारण देखाउँदै खाणले प्रहरीलाई बयान दिन इन्कार गरिरहेका छन्। प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी कार्कीले खाणसँग बयान लिन बाँकी रहेको बताए।

अस्ट्रेलिया र कोरिया पठाईदिने भन्दै दमकका पूर्वमेयरका छोराको ठगी धन्दा

झापामा चिरञ्जीवी घिमिरे

झापा दमक- २ का प्रेमकुमार गुरागाईं वैदेशिक रोजगारीका क्रममा सात वर्ष दुबई बसे। नौजनाको संयुक्त परिवारको पालनपोषण गर्ने प्रेम मात्र भएपछि दुबईको कमाइले धान्नै धौ-धौ पऱ्यो। उनले 'ठूलो देश'को सपना देखे। त्यही क्रममा गत वर्ष साउनमा एमाले केन्द्रीय सदस्य तथा दमकका पूर्वमेयर रोमनाथ ओलीका छोरा अनिल ओलीसँग भेट भयो। अनिलले अस्ट्रेलियामा आफन्त भएको र १५ लाख दिए पठाइदिने आश्वासन दिए।

ओलीले तत्काल पाँच लाख दिनुपर्ने र बाँकी पैसा अस्ट्रेलिया पुगेपछि दिनुपर्ने सर्त राखे। राम्रो देश जान पाइने भएपछि गुरागाईंसहित पाँचजनाले पाँच लाख दिए। 'साथी कृष्ण अधिकारीबाट अनिललाई चिनैं। कृष्ण पनि जाने भनेपछि म पनि तयार भएँ। दुई लाख भएमा नागरिकता त बनाइदिन्छु, १५ लाख भएपछि तपाईंहरूलाई पठाइहाल्छु नि भन्यो,' गुरागाईंले नयाँ पत्रिकासँग भने, 'केपी ओलीको नाति पर्ने र पूर्वमेयर रोम ओलीको छोरा भएपछि हामीले पनि सहजै विश्वास गरेर सुरुमा पाँच लाख दियौं।'

अस्ट्रेलिया जान पाँचजना र कोरिया जान ११ जनाले पैसा दिएका थिए। अस्ट्रेलिया जानेबाट दुईजनालाई १५ लाख र तीनजनालाई पाँच लाख तथा कोरिया पठाउने भनेकाबाट ९-१० लाख लिएको गुरागाईंले बताए। यद्यपि, लाखौं पैसा उठाएर उनले कसैलाई पनि रोजगारीमा अस्ट्रेलिया र कोरिया पठाएनन्। बरू उल्टै नक्कली टिकट देखाएर ठगी गरेको गुरागाईंको आरोप छ। गुरागाईं, कृष्ण अधिकारी, दमननाथ ढुंगानासहित पाँचलाई अस्ट्रेलिया उडाउने भन्दै ओलीले एक हप्ताभन्दा धेरै भारतको लखनउमा लगेर राखेका थिए।

'हामीलाई तीन दिनपछि फ्लाइट छ भनेर लखनउ लगेर राखे,' ओलीबाट ठगिएका दमक- ८ का दमननाथ ढुंगानाले भने, 'पाँच लाख दिइसकेका थियौं। त्यहाँ झन्डै एक लाख भारु खर्च भयो। टिकट पनि दियो, तर बुझ्दै जाँदा नक्कली रहेछ। आज-भोलि भन्दै एक हप्तासम्म नउडाएपछि हामी नेपाल फर्कियौं।'

दमक फर्किएपछि भने अनिलले आफूहरूलाई भेट्न केपी ओलीले निर्वाचनका लागि भाडामा लिएको दमक- ९ को घरमा बोलाएको दमननाथ बताउँछन्। 'केपी ओलीको घरमा भेट भयो। त्यहाँ उनले प्रेम गुरागाईं र कृष्ण अधिकारीलाई पठाएपछि हामीलाई पनि पठाउने वाचा गरे,' ढुंगानाले भने।

प्रेम गुरागाईं र कृष्ण अधिकारी भने अस्ट्रेलिया पुग्ने आशामा लखनउमै बसे। उनीहरूलाई 'नो अब्जेक्सन लेटर' (एनओसी) बनाउनुपर्ने अनिलले सुझाए। त्यहीअनुसार 'एनओसी' पनि बनाए। यसअघि पटक-पटक नक्कली टिकट देखाएर झुक्याएका ओलीले यसपटक भने गुरागाईं र अधिकारीका लागि सक्कली टिकट दिए। तर, अब बाँकी रहेको थप दश लाख पनि पूरा गर्नुपर्ने माग राखे।

'अब सबै कुरा सकियो। टिकट पनि आयो, बाँकी रहेको पैसा दिनु भन्ने कुरा गरे। हामीले पनि टिकट आएकै छ भनेर पैसा दिने भयौं। तर, नेपालमा रहेका आफन्तले अस्ट्रेलिया जान लिएको पैसा भनेर कागज गर्नुपर्छ भन्ने सर्त राख्यौं। अनिल तयार पनि भए,' प्रेम भन्छन्, 'त्यहीअनुसार अस्ट्रेलिया पठाउने र पठाउन नसके पैसा फिर्ता गर्ने सर्तको कागज १५ कात्तिकमा गऱ्यौं। तर, उड्ने तीन दिनअघि टिकट रद्द गरिएछ।'

> जिल्ला अदालत र वैदेशिक रोजगार विभागबाट पक्राउ पुर्जी जारी हुँदा पनि पक्राउ परेनन् अनिल ओली

आफूहरू ठगिएको निश्चित भएपछि प्रेम र कृष्ण पनि नेपाल फर्किए। अनिलसँग पटक-पटक छलफल भयो। छलफलका क्रममा कोरिया र अस्ट्रेलिया जाने भनेर ठगिएका १६ जना सहभागी भएको प्रेम बताउँछन्। यद्यपि, पैसा फिर्ता दिनुको सट्टा अनिल उल्टै हराएको दमननाथ बताउँछन्। 'चुनावपछि गरौंला भनेका अनिल तीन महिनासम्म हराए। हामीले इलाका प्रहरी कार्यालय दमकमा ठगीको जाहेरी लिएर गयौं। गएको दिन दर्ता ढिला भयो। भोलिपल्ट आउनू भनेर प्रहरीले पठायो। भोलिपल्ट त मान्छे निस्किए। यहाँ प्रहरीले सूचना चुहाएको हाम्रो आशंका छ,' उनले भने, 'अनिलले मलाई पनि अर्कोले ठगेको हो, त्यसलाई मागेर पैसा दिन्छु भनेपछि हामीले मुद्दा हालेनौं।' पाँच लाख दिएका दमननाथसहित तीनजनासँग भने बैंकमा पैसा डिपोजिट गरेको कागज मात्र भएकाले ठगी मुद्दा हाल्न खोजेको ढुंगानाले बताए।

यद्यपि, प्रेम र कृष्णसँग भने कागजी प्रमाण थियो। अनिलका बुबा तथा पूर्वमेयर रोमनाथ ओलीले छोराको व्यवहार आफू नजान्ने भनेपछि वैदेशिक रोजगार विभागमा गएर आफूहरूले मुद्दा दर्ता गरेको प्रेमले बताए। 'गत २७ चैतमा कृष्ण र मैले वैदेशिक रोजगार विभागमा मुद्दा दर्ता गर्‍यौं। त्यहाँबाट पक्राउ पुर्जी लिएर जिल्ला प्रहरी कार्यालयमा दियौं। जिल्ला प्रहरी कार्यालयका मुद्दा फाँटका प्रहरीले म इमेल गरेर दमक पठाइदिन्छु भने, तर पठाइदिएनन्। दमकका प्रहरीले पक्राउ पुर्जी नआएसम्म केही गर्न नसकिने बताए। पछि एसपीको नम्बर पाएपछि मैले गुनासो गरैं। तत्काल दमक प्रहरीमा इमेल आयो,' प्रेम भन्छन्, 'तर, एक महिना भइसक्यो। प्रहरीले पक्राउ गर्दैन। उल्टै तपाईंहरूले भेट्नुभयो भने भन्नुहोला भन्छ। पहुँचका कारण प्रहरीले पक्राउ नगरेको हो कि भन्ने शंका हामीलाई छ।'

सामान्य परिवारका प्रेमले अनिललाई दिएको १५ लाख नै ऋणमा लिएका थिए। अहिले साहुले ताकेता गरे पनि उनले चर्को ब्याजको ऋण तिर्न सकेका छैनन्। जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्रप्रसाद रिजालका अनुसार अनिल ओलीलाई वैदेशिक रोजगार विभाग र जिल्ला अदालत झापाबाट ठगी मुद्दामा पक्राउ पुर्जी जारी भएको छ। यद्यपि, उनी फरार रहेकाले पक्राउ गर्न नसकिएको रिजालले बताए। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार अनिल आफैंले हालेको एउटा मुद्दामा उनलाई नै प्रतिवादी ठहर गर्दै जिल्ला अदालत झापाले मुद्दा चलाएको छ।

खाण र रायमाझी...

पृष्ठ १ बाट क्रमशः

तयारी प्रहरीले गरेको छ।

ठगी मुद्दामा बिगो असुल गरी पीडितलाई भराउनुपर्नेसमेत हुन्छ। यो मुद्दामा पक्राउ परेका अभियुक्तलाई प्रहरीले फरक-फरक बिगो कायम गरी मुद्दा चलाउने तयारी गरिरहेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्कीले अनुसन्धान जारी रहेकाले पक्राउ परेकाविरुद्ध के-के मुद्दा चल्ने भन्ने अझै टुंगो लागिनसकेको बताए। संगठित अपराधमा ६० दिनसम्ममा मुद्दा दर्ता गर्नुपर्ने हुन्छ। १२ वैशाखदेखि नै तीन अभियुक्त थुनामा रहेकाले शुक्रबारसम्म ४८ दिन हुन्छ। यसअनुसार अनुसन्धान गर्न प्रहरीसँग करिब १० दिन बाँकी छ। म्याद पुनुअधि सरकारी वकिलले पनि फाइल अध्ययन गरी अभियोगपत्र तयार गर्नुपर्ने भएकाले म्याद सकिनु दुई-तीन दिनअघि प्रहरीले रायसहितको प्रतिवेदन बुझाउनुपर्ने हुन्छ।

वरिष्ठ अधिवक्ता तुलसी भट्टले गम्भीर प्रकृतिको मुद्दा भएकाले प्रमाण हेरेर यसमा धेरै मुद्दा आकर्षित हुन सक्ने बताए। 'यो त मानवताविरुद्धको अपराध हो,' उनले भने, 'यसमा मानव बेचबिखनसम्बन्धी कसुर पनि आकर्षित हुन सक्छ।'

शरणार्थीका नाममा भएको करिब एक अर्बको यो ठगीमा अहिलेसम्म पूर्वगृहमन्त्री बालकृष्ण खाण, सचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार इन्द्रजित राई पक्राउ परिसकेका छन्। त्यस्तै, साथै गिरोहलाई सघाएको आरोपमा खाणका सहयोगी नरेन्द्र केसी र एमाले नेता टोपबहादुर रायमाझीका छोरा सन्दीप पक्राउ परेका छन्। बिचौलिया समूहका अन्य सातजना पनि प्रहरी हिरासतमा छन्। एमाले नेता रायमाझीसहित केही फरार छन्। पूर्वगृहमन्त्री नै पक्राउ परेपछि यो प्रकरणले देश तरंगित छ।

भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण कसुरमा पनि छानबिन हुने

यो मुद्दामा जोडिएकामाथि भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर पनि आकर्षित हुनेछ। फौजदारी मुद्दा दायर भइसकेपछि थप अनुसन्धानका लागि अन्य कसुरमा पनि अनुसन्धान गर्न सम्बन्धित निकायलाई लेखिपठाउने प्रहरीको तयारी छ।

सार्वजनिक पद धारण गरेका व्यक्तिको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्यलाई सम्पत्ति शुद्धीकरणमा लेखिपठाउने प्रहरीको तयारी छ। संगठित अपराध मुद्दा लागेकाको सम्पत्ति पनि छानबिन हुने गरेको छ। नीतिगत संलग्नता मात्र देखिएका कतिपयको हकमा पनि अख्तियारलाई लेखिपठाउनेबारे प्रहरी र सरकारी वकिलले छलफल गरिरहेका छन्।

अन्य उच्चपदस्थमाथि प्रमाण जुटाउँदै प्रहरी

शरणार्थीका नाममा भएको ठगी प्रकरणमा अझै केही उच्चपदस्थको संलग्नता रहेकाले उनीहरूमाथि अनुसन्धान जारी रहेको प्रहरी अधिकारीहरू बताउँछन्। पीडितले दिएको जाहेरी र अभियुक्तहरूले बयानमा जोडिएका अन्यमाथि अनुसन्धान जारी छ। बलियो प्रमाण जुटिनसकेकाले उनीहरूसम्बन्धी सूचना प्रहरीले गोप्य राखेको छ। पीडितहरूले काग्रेसका सांसदद्वय आरजु देउवा र मञ्जु खाण तथा हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त रहेका तत्कालीन गृहसचिव प्रेमकुमार राईले पनि आफूहरूलाई सहयोग गरेको बताएका छन्। किर्तेमा संलग्न गृहको स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाका केही कर्मचारी पनि प्रहरी छानबिनमा छन्।

गृह मन्त्रालयमै थपियो ८७५ जनाको नाम

आफ्नो देशका नागरिकलाई शरणार्थी बनाएर बिदेश पठाउने भन्दै ठगी भएको यो मुद्दाको केन्द्रमा गृह मन्त्रालय छ। मन्त्रालयले नै शरणार्थीसम्बन्धी प्रतिवेदनमा आठ सय ७५ जनाको नाम थप गरेको प्रहरी अनुसन्धानमा पुष्टि भएको छ।

गृह मन्त्रालयले जिल्ला प्रहरी परिसर, काठमाडौंलाई पठाएको प्रतिवेदनमा आठ सय ७५ जनाको नाम उल्लेख छ। तर, मन्त्रिपरिषद्ले उपलब्ध गराएको प्रतिवेदनमा सो विवरण उल्लेख छैन। कार्यदलले दिएको चार सय २९ जनाको मात्र नाम समावेश छ। तत्कालीन कार्यदलका संयोजक पूर्वसहसचिव बालकृष्ण पन्थीले पनि गृहको प्रतिवेदनमा किर्ते गरेर नाम र विवरण थप भएको बताएका छन्।

कार्यदलले प्रमाणीकरणमा छुट भएका शरणार्थी भनेर बुझाएका चार सय २९ जनाको विवरण पनि छानबिनमा छ। तर, त्यसमा एक-दुईजनाबाहेक धेरै समस्या नदेखिएको स्रोतको भनाइ छ। त्यसमा छुट्टै थपिएका आठ सय ७५ जनामा भने सबै नेपाली हुन्। उनीहरूलाई प्रतिवेदनमा नाम राखिएको देखाउँदै बिचौलियाले करिब एक अर्ब उठाएका थिए। सुरुमा थोरै व्यक्तिसँग पैसा उठाइएकोमा गृहले नै नाम थपिदिएपछि पीडित विश्वस्त भएर मागअनुसार पैसा बुझाएका थिए।

त्यसरी उठाइएको पैसा गृहका अधिकारीदेखि विभिन्न शक्तिकेन्द्रलाई बुझाई नेपालीलाई शरणार्थी बनाउने धन्दा अघि बढेको थियो। तर, लामो समयसम्म पनि सफल नभएपछि घटना प्रहरीमा पुग्यो। जसमा अहिले तत्कालीन गृहमन्त्री खाणसहित उच्चपदस्थहरू पक्राउ परिरहेका छन्।

स्रोतका अनुसार कार्यदलको प्रतिवेदन कार्यान्वयनमा लैजाने भनेर मन्त्रिपरिषद्बाट पास गराएलगत्तै तत्कालीन गृहमन्त्री खाण र गृहसचिव टेकनारायण पाण्डेको मिलेमतोमा प्रतिवेदन किर्ते गरेर नामहरू थपिएको थियो। १३ मंसिर ०७८ मा शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्ले प्रतिवेदन कार्यान्वयनमा लैजाने भन्दै त्यसका लागि कूटनीतिक पहल गर्ने तथा तेस्रो देश पुनर्स्थापनाका लागि परराष्ट्र मन्त्रालयमार्फत विकास साझेदार राष्ट्रहरू र अन्तर्राष्ट्रिय संस्थालाई अनुरोध गर्नेलगायत निर्णय गरेको थियो।

मन्त्रिपरिषद्को निर्णय भएको पाँच दिनपछि १८ मंसिर ०७८ मा गृहले निर्णय कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय झापा र मोरङलाई पत्राचार गरेको थियो। त्यही महिना गृहमा सक्कली प्रतिवेदन किर्ते गरी नक्कली प्रतिवेदनलाई आधिकारिता दिइएको थियो। त्यसैका लागि बिचौलियाले उनीहरूलाई पटक-पटक बुझाएका थिए।

पक्राउ परेका बिचौलिया केशव दुलाल र तत्कालीन सचिव पाण्डेबीच आर्थिक लेनदेनसहित यी विषयमा पटक-पटक ह्वाट्सएपमा कुराकानी भएको पुष्टि भएको छ। तर, मन्त्रीका लागि पैसाको कुरा गरेको र आफूले नलिएको पाण्डेको बयान छ।

मन्त्रालयमै भएको यो किर्तेका आधारमा उनीहरूमाथि राज्य विप्लव मुद्दा नै चलाउनुपर्ने मागसमेत उठेको छ। सरकारी कागजपत्र किर्ते गरी नागरिकलाई शरणार्थी बनाएर अमेरिका लैजाने भनेर ठगी गर्नुलाई देशविरुद्धकै अपराध भएको पूर्वप्रहरी अधिकारीले समेत बताएका छन्।

गृहका चालकहरूको पनि कागज

आर्थिक लेनदेनको सम्बन्धमा प्रहरीले पूर्वगृहमन्त्री खाण तथा इन्द्रजित राईका चालकरूलाई पनि सोधपुछ गरेको छ। बिचौलियासँग नगद नै पैसा नै लिएको र तथा गाडीमा राखेको कुरा पक्राउ परेका अभियुक्तको बयानका आधारमा चालकहरूलाई पनि त्यस विषयमा सोधपुछ गरिएको छ। एक प्रहरी, एक गृहका र एक सर्वसाधारण चालकसँग प्रहरीले बिहीबार सोधपुछ गरेको छ।

खटाएको...

पृष्ठ १ बाट क्रमशः

अर्को स्थानमा जानुपर्ने भई कुनै निजामती कर्मचारीको सरुवा भएमा तयारीका लागि बाटोको म्यादबाहेक सात दिनको समय पाउने व्यवस्था छ। यसै व्यवस्थाबमोजिम रमाना लिने अवधि गुज्रिएपछि साबिकका निकाय तथा कार्यालयबाट बिदा स्वीकृत नगर्न-नगराउन परि पत्रको दोस्रो बुँदामा उल्लेख छ।

त्यस्तै, रमाना नलिने कर्मचारीलाई विभागीय सजायको प्रक्रिया सुरु गरी त्यसको जानकारी मन्त्रालयलाई गराउने तेस्रो बुँदामा उल्लेख छ। बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजायसमेत गर्न सकिने व्यवस्था नियमावलीको नियम ६८ मा व्यवस्था छ। गयल भएको अवधि सेवा अवधिमा गणना नहुने व्यवस्था छ।

रमाना भई नजाने कर्मचारीलाई उपलब्ध गराएको सेवा, सुविधा र पारिश्रमिक सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखबाट असुलउपर गर्न लेखापरीक्षण गर्ने निकायलाई अनुरोधसहित पत्राचार गर्ने पनि परिपत्रमा उल्लेख छ। खटाएको ठाउँमा जान रमाना नलिने/न दिने र त्यसको कानुनबमोजिमको कारबाही नगर्ने कार्यालय प्रमुख र सम्बन्धित कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० (क) विभागीय सजायको कारबाही अघि बढाउने पनि परिपत्रमा उल्लेख छ। उक्त व्यवस्थाअनुसार यस्तो कार्य गर्ने कर्मचारीलाई नसिहत दिने वा बढीमा दुई वर्ष तलब वृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने व्यवस्था छ।

रेशम...

पृष्ठ १ बाट क्रमशः

तवरले नियन्त्रणमा लिई ज्यान मारेको' कसुर भएकाले चौधरीको मुद्दा हाल नकारात्मक सूचीमा छ। कानुनमन्त्री धनराज गुरुङले विभिन्न पक्षसँग भएका राजनीतिक प्रकृतिका सम्झौता कार्यान्वयनका लागि ऐन संशोधन गर्न लागिएको बताए।

उनका अनुसार यसबाट थरुहट आन्दोलन, विप्लव समूह र सिके राउत समूहलगायत मधेस आन्दोलनकारी समूहसँग भएको सम्झौता कार्यान्वयनमा कानुनी बाटो खुल्नेछ। २५ मंसिरमा देउवा सरकारले अध्यादेशमार्फत रेशम चौधरीको मुद्दा फिर्ता लिन खोजे पनि विवाद भएपछि रोकिएको थियो। अध्यादेशकै प्रावधान राखेर सरकारले विधेयक ल्याएको हो।

काठमाडौं महानगरपालिका वडा नं ३० बस्ने विनोद भण्डारी उपस्थित हुन आउनेबारे १५ (पन्ध्र) दिने सूचना

सूचना प्रकाशन मिति : २०८०/०१/२९

गंगाराम भण्डारीको नाती, सिताराम भण्डारीको छोरा काठमाडौं महानगरपालिका वडा नं ३० निवासी तपाईं विनोद भण्डारी (ना.प्र.नं. ४९६६, जि.प्र.का. काठमाडौं, जारी मिति २०३६/०८/२८) सँग श्री महालेखा परीक्षकको कार्यालयले औंल्याएको बेरुजुका सम्बन्धमा केही बुझ्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ। सो म्याद भित्र उपस्थित हुन नआएमा आयकर ऐन, २०५८ बमोजिम कारवाही अघि बढाइने व्यहोरा समेत सूचित गरिन्छ।

आन्तरिक राजस्व कार्यालय
जनकपुरधाम, धनुषा

प्रहरी हिरासतमा...

पृष्ठ १ बाट क्रमशः

तर, सभापति देउवानिकट नेताहरूले भने आफ्ना नेता अप्ठ्यारोमा परेका वेला पार्टीले सहयोग गर्नुपर्ने धारणा राखेका थिए। उपसभापति पूर्णबहादुर खड्का, सहमहामन्त्री महेन्द्र यादव र पूर्वउपसभापति विजय गच्छदारले यस्तो धारणा राखेको ती पदाधिकारीले बताए।

महामन्त्री थापाले भुटानी शरणार्थी प्रकरणमा पार्टीको साझा धारणा बनाउनसमेत माग गरेका थिए। 'केपी ओलीले यो प्रकरणमा सदनमा बोल्छु भन्नुभएको छ। एमालेले आफ्नो धारणा राख्दै गर्दा हामीले पनि हाम्रो धारणा बनाउनुपर्छ। के बोल्ने, के भन्ने भनेर हामीले साझा धारणा बनाउनुपर्छ,' थापाले भनेका थिए। जवाफमा सभापति देउवाले 'यसमा छलफल गर्दै जाउँ, जे उपयुक्त हुन्छ त्यही गरौं' भनेका थिए।

सहमहामन्त्री जीवन परियारले खाणको विषयमा कुनै औपचारिक निर्णय नभएको बताए। 'उहाँ (खाण)को विषयमा विभिन्न धारणा आए। यही गर्ने भनेर निष्कर्षमा पुगिएको छैन,' उनले भने, 'एमालेले टोपबहादुर रायमाझीलाई निलम्बन गरे काले हाम्रोमा पनि गर्नुपर्छ भनेर उठेको छ। दोषी ठहरिएपछि के गर्ने भन्ने होला। तर, अहिले विचाराधीन विषयमा धारणा बनाएर जाने कुरा छैन,' उनले भने।

परियारका अनुसार खाणले हिरासतमा बसेर अनुसन्धानमा सघाइरहेको र अदालतबाट निर्णय आइसकेपछि मात्र पार्टीले निर्णय गर्ने समझदारी बनेको छ। 'नक्कली शरणार्थी बनाएर अमेरिका लाने गिरोहले जुन प्रपञ्च गरेको छ, यसमा सरकारले निष्पक्ष र तटस्थ छानबिन गर्नुपर्छ। दोषीलाई कुनै हालतमा छोड्नुहुँदैन, निर्दोष कोही पर्नुहुँदैन। यसमा काग्रेसले खुलेर सहयोग गरेको छ,' परियारले भने। खाणले गिरफ्तारीमा परेर अनुसन्धानमा सघाएको भन्दै परियारले थपे, 'काग्रेस दोषी उम्काउने पक्षमा छैन। अनुसन्धान निष्पक्ष होस्, अदालतले जे निर्णय गर्छ सहयोग गर्छौं।'

बैठकमा कोसी प्रदेश सरकारमा केन्द्रकै समीकरण मिलाउन पहल गर्ने निर्णय भएको सहमहामन्त्री पि रयारले बताए। उनका अनुसार बैठकमा बजेट अधिवेशन तथा राष्ट्रपतिकहाँ विचाराधीन नागरिकता विधेयकका विषयमा पनि छलफल भएको थियो। 'राष्ट्रिय सहमति निर्माण गरेर नागरिकता विधेयक प्रमाणीकरण गर्न वातावरण बनाउने, संसद्बाट पत्र पठाउने कि कसरी जाने भनेर कानुनविद्सँग छलफल गरी राय लिने निर्णय भएको छ,' उनले भने।

सन् २०१२ देखि...

पृष्ठ १ बाट क्रमशः

कहाँ, कसले कति पठायो ? को-को संलग्न छन् ती सबैको तथ्य-प्रमाण प्रस्तुत गर्ने कोसिस गर्छु।'

यसअघि पनि करिब साढे तीन सय नेपालीलाई नक्कली शरणार्थीका नाममा अमेरिका पठाइएको दाबी पनि ओलीले गरे। 'लगभग साढे तीन सय मान्छेहरू बाहिर पठाएको बुझिन्छ, तर त्यो कुरा बिल्कुल गोप्य रह्यो,' उनले भने। शरणार्थीका नाममा भएको ठगी प्रकरणमा सबै पार्टी उस्तै हुन् भन्दै बदनाम गरेर लोकतन्त्रविरुद्ध प्रयोग गर्न खोजिएकाले सजग हुनुपर्ने ओलीको भनाइ छ।

फरार रहेका पार्टी सचिव टोपबहादुर रायमाझी दोषी भए कारबाही हुनपर्छ भन्ने पक्षमा आफू रहे पनि आशंका गर्ने प्रशस्त ठाउँ रहेकाले पार्टीले अहिल्यै अपराधीजसरी करार गर्न नहुने ओलीले बताए। 'हिजो हाम्रै सरकारमा रहेका साथीको नाम आएको छ। यसमा म के भन्न चाहन्छु भने जोसुकैको नाम आओस्, यदि दोषी छ भने कारबाही हुनुपर्छ। तर, हामीले जबसम्म मानिस दोषी करार हुँदैन, त्यतिवेलासम्म दोषी रहेछ कि भनेर आशंका गर्न त सकिन्छ, तर अहिल्यै अपराधी हो भनेर वा दोषी नै हो भनेर करार गरिहाल्न सक्दैनौं। किनभने अदालती प्रक्रिया र फैसला बाँकी नै हुन्छ, त्यस्तैमा हामीले ढुक्कै धारणा बनाउन सक्दैनौं,' ओलीको भनाइ थियो।

उनले नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वाग्रह राखेर एमालेलाई बदनाम गर्ने प्रयास भइरहेकोतर्फ पनि केन्द्रीय सदस्यहरूलाई सजग बन्न आग्रह पनि गरे। 'एमालेका विरुद्ध फेरि निराधार वैमनस्यता छ र त्यो लगातार प्रकट भइ रहेको छ, आज मात्र होइन, वर्षौंदेखि लगातार रूपमा,' उनले भने।

अध्यक्ष ओलीले सरकारको प्रत्यक्ष संलग्नतामै नक्कली भुटानी शरणार्थीको भ्रष्टाचार प्रकरण दबाउन खोजिएको आरोप पनि लगाए। गत वर्षको ३० जेठमा पक्राउ परेका मुख्य अभियुक्तहरू तत्कालीन गृहमन्त्री, आइजिपी र एसएसपीको आदेशमा छुटेको र पछिल्लोपटक पक्राउ परेकालाई पनि छुट्टै 'डिल' गरेर सामसुम बनाउने प्रयास गर्दा गर्दै प्रकरण बाहिरिएपछि मात्र सरकार छानबिनका लागि बाध्य भएको ओलीको जिकिर छ।

दोषीलाई उम्क्याइए या निर्दोषीलाई नियोजित रूपमा फसाउन खोजिए आफ्नो पार्टी आन्दोलनमा उत्रिने पनि ओलीले बताए। 'दोषीलाई उम्काउन खोजे आन्दोलनमा उत्रिन्छौं, निर्दोषलाई फसाउन खोजियो भने त्यसमा पनि विरोध हुन्छ, निर्दोषलाई दोषी बनाउन खोज्नु अर्को अपराध हुन्छ,' उनले भने, 'केही-केहीले फलानालाई जोगाऊ, यो-यो उम्किन नपाऊन् भनेपछि त्यसखालका प्रयास सरकारतर्फबाटै भए। त्यसपछि मैले प्रधानमन्त्रीलाई भेटेर यस्तो हुँदै छ, त्यस्तो नहोस्, दोषी नउम्कियोस्, निर्दोष नफसोस् भनेर ध्यानाकर्षण गराएको थिएँ।'

लडाकुको संख्या बढी देखाएर शान्ति प्रक्रियापछि भ्रष्टाचार भएको दाबी गर्दै ओलीले त्यसमाथि खुट्टा नकमाईकन छानबिन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पनि ध्यानाकर्षण गराए। 'राज्यको ढुकुटी रित्याएर अर्बौं पैसा व्यक्ति वा संस्थाले कुम्ल्याउन मिल्छ ? तर यी कुराहरू भएका छन्, आज होइन, उहिल्यैदेखि भएको छ। अख्तियारले त्यतिकै होल्ड गरेर बसेको छ। म अख्तियारलाई भन्न चाहन्छु, राज्यको यत्रो हिनामिना छानबिन गर्नुस्, खुट्टा नकमाउनुस्, किन खुट्टा कमएर लिरलिर गरेर बसेको ?' ओलीले भने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आयुर्वेद चिकित्सालय, नरदेवी

दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०८०।०१।२९ गते)

यस चिकित्सालयबाट तपसिलबमोजिमका कार्यहरू दरभाउपत्रमार्फत गराउनु पर्ने भएका

शुक्रबार २९ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/७७०

शीर्ष स्थानमा जावलाखेल र चर्च ब्वाइजको प्रतिस्पर्धा

नयाँ पत्रिका
काठमाडौं, २८ वैशाख

जावलाखेल युथ र चर्च ब्वाइज युनाइटेड सहिद स्मारक ए डिभिजन लिग ०७९-८० को शीर्ष स्थानका लागि प्रतिस्पर्धामा देखिएका छन् । पछिल्लो १६ र १७औँ चरणमा लगातार शीर्ष स्थानमा रहँदै ललितपुरका दुई क्लबले उपाधि दाबेदारी प्रस्तुत गरेका हुन् । बिहीबार ललितपुरकै फ्रेन्ड्स क्लबलाई ४-१ ले पराजित गर्दा जावलाखेल शीर्ष स्थानमा फर्किएको छ । अघिल्लो दिन साबिक दुईपटकको च्याम्पियन मच्छिन्द्र फुटबल क्लबलाई २-१ ले हराउँदै नवप्रवेशी चर्च ब्वाइज शीर्ष स्थानमा उक्लिएको थियो । समान ३० अंक रहँदा 'हेड टु हेड'मा जावलाखेल शीर्ष स्थानमा छ । जावलाखेलले १७ खेलमा ९ जित, ३ बराबर र ५ हार नतिजा निकालेको छ । यस जितसँगै जावलाखेल रेलिगेसनबाट ढुक्क भएको छ । लिगका बाँकी नौ खेल पूरा हारे पनि जावलाखेल बी डिभिजनमा घटुवा हुनेछैन । एक खेल कम खेलेको चर्च ब्वाइज आठ जित, ६ बराबर र दुई जितसहित दोस्रो स्थानमा रह्यो । १६ खेल खेलेको थ्री स्टार २५ अंकसहित तेस्रो स्थानमा छ । शनिबार विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबलाई पराजित गरे या बराबरी खेले पनि चर्च शीर्ष स्थानमा उक्लने पक्का छ ।

जितपछि जावलाखेलका प्रशिक्षक सुनील श्रेष्ठले रेलिगेसन संकट टारेको र बाँकी खेलमा उत्कृष्ट नतिजाका लागि



खेल्ने बताएका छन् । 'जितपछि रेलिगेसन खतराबाट माथि उठेका छौं,' खुसी हुँदै श्रेष्ठले भने । 'जोखिमबाट माथि उठेपछि शीर्ष स्थानको प्रतिस्पर्धामा जानेछौं,' उनले थपे । घरेलु लिगमा लामो इतिहास रचेको जावलाखेलले शीर्ष डिभिजन लिग उपाधि जितेको छैन । ०६७/६८ मा जावलाखेलले इतिहासमै पहिलोपटक तेस्रो स्थान प्राप्त गरेको थियो । 'टोलीमा यस्तै तालमेल मिल्यो र नतिजा आइरह्यो भने अवश्य पनि राम्रो स्थान आउँछ,' सम्भावित नतिजाको विषयमा प्रशिक्षक श्रेष्ठले भने ।

जावलाखेलको नवौं जित

च्यासल मैदानमा भएको एक मात्रै खेलमा जावलाखेलले फ्रेन्ड्सलाई ४-१ ले हराएको थियो । विदेशी खेलाडीले उत्कृष्ट प्रदर्शन गरेपछि जावलाखेल सुरुबाटै हावी भयो । यससँगै जावलाखेलले पहिलो लेगमा बेहोरेको हारको बदला लिएको छ । पहिलो लेगमा फ्रेन्ड्स २-१ ले विजयी भएको थियो ।

चालू लिगको एक सय १३औँ खेलमा जावलाखेललाई जित दिलाउन लेसोथाका एनकोटो मासोआबीले दुई गोल गरे । भारतीय राहुल राहुल र चाडका फोडे फोफानाले समान एक गोल गरेका थिए । फ्रेन्ड्सका श्यामबाबु क्याप्छाकीले एक गोल फर्काएका हुन् । खेलको २५औँ मिनेटमा भारतीय खेलाडी राहुलको गोलमार्फत जावलाखेलले अग्रता लिएको थियो । राहुलले उज्वेकिस्तानका अब्दुलअजिज निशोनवाइभको कर्नरमा हेड गोल गरेका हुन् । ३१ मिनेटमै मासोआबीले दोस्रो गोल गरे । अब्दुलको फ्रिकिकमा मासोआबीले हेड गोल गरे । ६४औँ मिनेटमा मासोआबीले पेनाल्टीमा गोल गर्दै अग्रता ३-० को बनाए । ८०औँ मिनेटमा श्यामबाबुले गोल गर्दा अग्रता ३-१ मा झरेको थियो । इन्जुरी समयमा मासोआबीको पासमा फोफानाले ४-१ को अग्रता दिलाएका हुन् ।

साउदी अरेबियाद्वारा मेसीलाई लोभलाग्दो प्रस्ताव



पेरिस / साउदी अरेबियाले सातपटकका बालोन डिअर विजेता लियोनल मेसीलाई दुई वर्षका लागि आठ सय ८७ मिलियन पाउन्डको लोभलाग्दो प्रस्ताव राखेको छ । विश्वको प्रिमियर लिगमा साउदी अरेबियाको लिग ५८औँ स्थानमा रहेको छ । साउदी अरेबियाबाट सँगसँगै मेसी विश्वकीर्तिमानी रकममा स्थानान्तरण हुनेछन् । पेरिस सेन्ट जर्मेन (पिएसजी)सँग यसै जुनमा मेसीको सम्झौता समाप्त हुँदै छ ।

सन् २०२१ मा मेसी र पिएसजीबीच दुई वर्षका लागि सम्झौता भएको थियो । मेसीले पिएसजीसँग सम्झौता नगर्ने सम्भावना रहेको बेलायती एजेन्सीहरूले जनाएका छन् । साउदी अरेबियाले मेसीसँग सम्झौता गर्दै विश्व फुटबललाई आफ्नोतिर ध्यानाकर्षण गर्ने तयारी गरेको जनाएको छ । गत वर्ष साउदी अरेबियाको अल नासेरले पोर्चुगलका क्रिस्टियानो रोनाल्डोलाई भित्र्याएको थियो ।

अर्जेन्टिनी कप्तान लियोनल मेसीलाई साउदी अरेबियाले आठ सय ८७ मिलियन पाउन्डको प्रस्ताव राखेको छ

साउदी अरेबियाले मेसी र रोनाल्डोलाई एकै लिगमा प्रतिस्पर्धाको योजना सफल बनाउन कसैले कल्पना नगरेको रकम प्रस्ताव गरेको बेलायती एजेन्सीले दाबी गरेको छ । साउदी क्लब अल हिलालले मेसीका एजेन्ट तथा बुबा जर्जसँग कुराकानी गरेको छ । बुबा जर्जका अनुसार मेसी विश्वकीर्तिमानी सम्झौता रकमप्रति आकर्षित भएका छन् । यद्यपि, मेसीकी श्रीमतीले भने युरोपियन लिगमा खेल्न आफ्ना श्रीमानलाई सल्लाह दिएकी छिन् ।

सन् २०२४ मा कोपा अमेरिका र सन् २०२६ मा विश्वकप फुटबल प्रतियोगिता हुँदै छन् । यी दुवै प्रतियोगिता अर्जेन्टिनाको सहभागिताका लागि मेसीको भूमिमा अहं रहेको देखिन्छ । फिटनेस राम्रो बनाउन पनि मेसी युरोपियन लिगमै आबद्ध हुनुपर्ने उनकी श्रीमतीको धारणा रहेको छ । करिअरको उत्तरार्द्धमा पुगेका मेसीले बाँकी दिनमा राम्रो प्रस्ताव आउने क्लबमै आबद्ध हुने इच्छा देखाएका हुन् । यस्तो अवस्थामा साउदी अरेबियाको प्रस्तावप्रति उनी लोभिएको एजेन्सीको भनाइ छ ।

पूर्वाधार निर्माण गर्न सम्झौता



नयाँ पत्रिका
काठमाडौं, २८ वैशाख

राष्ट्रिय खेलकुद परिषद् (राखेप) र कागेश्वरी मनोहरा नगरपालिकाबीच द्विपक्षीय सम्झौता भएको छ । कागेश्वरी मनोहरा नगरपालिकालाई खेलकुद नगरी बनाउने अभियानलाई मूर्त रूप दिन राखेपका तर्फबाट सदस्यसचिव टंकलाल घिसिङ र कागेश्वरी मनोहरा नगरपालिकाका तर्फबाट मेयर उपेन्द्र कार्कीले बिहीबार सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

पूर्वाधार बनाउने, खेलकुदका विविध गतिविधि आपसी सहयोगमा गर्ने, विभिन्न प्रशासनिक र प्राविधिक विषयमा सहयोग आदानप्रदान गर्ने, कागेश्वरी मनोहरा नगरपालिकाले ग्बी, भलिबल र बक्सिङको पूर्वाधार निर्माणका लागि उक्त खेलका राष्ट्रिय संघलाई जग्गा उपलब्ध गराउन सम्झौतापत्रमा हस्ताक्षर भएको छ । नगरपालिकाका मेयर कार्की, नेपाल ग्बी संघका महासचिव गोविन्द घिमिरे, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्द र नेपाल बक्सिङ संघका वरिष्ठ उपाध्यक्ष अर्जुनबहादुर केसीले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

नगरपालिकाले ग्बीका लागि वडा ७ स्थित सोमतीर्थमा १०८ रोपनी १२ आना ३ पैसा ३ दाम जग्गा उपलब्ध गराउने भएको छ । भलिबललाई वडा ६ स्थित तिवारी टोलमा ६३ रोपनी ८ आना जग्गा प्रदान गर्नेछ । बक्सिङका लागि वडा ६ स्थित अधिकारी टोलमा ८६ रोपनी ५ आना १ दाम जग्गा उपलब्ध गराउने सहमति भएको हो ।

सदस्यसचिव घिसिङले पूर्वाधार निर्माणका लागि सम्बन्धित संघले आफ्नो अन्तर्राष्ट्रिय महासंघसँग पनि समन्वय गरी स्रोत जुटाउन पहल गर्नुपर्नेमा जोड दिँदै पूर्वाधार निर्माण गर्दा बिजुली, पानी, सडक आदिमा पनि ध्यान दिन आवश्यक रहेको बताए । मेयर कार्कीले नगरपालिकाको प्रस्तावलाई सहर्ष स्वीकार गरेकोमा धन्यवाद दिँदै कागेश्वरी मनोहरा नगरपालिकालाई खेलकुद नगरी बनाउने योजनाअनुरूप नगरपालिकामा भएका जग्गालाई अधिकतम खेलकुदका लागि प्रयोग गर्ने प्रतिबद्धता जनाए । उनले सम्झौता ऐतिहासिक भएको बताए ।

खेल संक्षेप

मैत्रीपूर्ण तेक्वान्दो दक्षिण कोरियामा हुने

काठमाडौं / इन्टरनेसनल ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियनसिप (आइओएफटिसी)को १४औँ संस्करण दक्षिण कोरियाको सोलमा अगस्टमा आयोजना हुने भएको छ । कोरियन मार्सल आर्ट्स् तेक्वान्दोको आयोजनामा हुने प्रतियोगिताका लागि जिटु वर्ल्ड च्याकिङ तेक्वान्दो च्याम्पियनसिपका स्वर्ण पदक विजेता राजु क्षेत्रीलाई आइओएफटिसीको झन्डा हस्तान्तरण गरिएको थियो । सिनियर पुरुष र महिलाको समान आठ-आठ तौलसमूहमा प्रतिस्पर्धा हुनेछ । जुनियरतर्फ महिला र पुरुष गरी दश-दश तौलसमूह र क्याडेट वर्गमा दश-दश तौलसमूहमा खेलाइनेछ । प्रतियोगितामा कुल ६५ स्वर्ण, ६५ रजत र १३० कांस्य पदकका लागि प्रतिस्पर्धा हुनेछ ।

उमा कुङफु टोली इंग्ल्यान्ड जाने

काठमाडौं / उमा डब्लुयुएमए युरोपिन च्याम्पियनसिपमा सहभागी हुन दुई सदस्यीय नेपाली टोली शुक्रबार इंग्ल्यान्डको ग्लोस्टर प्रस्थान गर्ने भएको छ । १४ मेमा हुने प्रतियोगितामा नेपालका कमल मगरले विभिन्न ३ स्पर्धामा प्रतिस्पर्धा गर्नेछन् । कमलले १८ वर्षमाथि उमेरसमूहमा चाइनिज क्रिएटिभ, वेपन्स फर्म र बेयर ह्यान्डमा चुनौती पेस गर्नेछन् । टोलीलाई सफलताको शुभकामना दिँदै नेपाल उमा कुङफु संघका अध्यक्ष सिद्धार्थ लामा, वरिष्ठ उपाध्यक्ष सन्जित राई, उपाध्यक्ष मुन्नी सुवेदी, सचिव रमेश महर्जन, सदस्य अशोक केसी, तार्केश्वर उमा कुङफुका अध्यक्ष शिव कुँवर, उमा कुङफुका अन्तर्राष्ट्रिय पदक विजेता सञ्जयराज पुतुवारले बिहीबार एक कार्यक्रमबीच बिदाइ गरे ।

बिएनए क्वार्टरफाइनलमा

काठमाडौं / आयोजक बसुन्धरा नेसनल एकेडेमी (बिएनए) छैटौं बिएनए कप अन्तर्विद्यालय बास्केटबल प्रतियोगिताको महिलातर्फ बिहीबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ । बसुन्धरास्थित आफ्नै कोर्टमा बिएनएले काठमाडौं ग्लोबललाई १९-१४ ले पराजित गर्दै समूह 'ए'को विजेता बन्यो । बिएनएकी स्मृति खत्रीले १३ अंक जोडिन् । लालिगुराँस नेसनल एकेडेमी (एलएनए) ले स्किब्सलाई २०-१२ तथा एचएचसिएले बेल मोन्टलाई २९-१४ ले हराए । एलएनएकी सदीक्षा गुरुङ तथा एचएचसिएकी सरा राईले समान ८-८ स्कोर गरे ।

लुम्बिनी प्रदेशलाई 'वाक ओभर'

काठमाडौं / लुम्बिनी प्रदेशले वाक ओभर पाउँदै राष्ट्रिय पुरुष बिच भलिबल प्रतियोगितामा विजयी सुरुवात गरेको छ । बिहीबार पाल्पाको रानीमहलमा सुदूरपश्चिम प्रदेश समयमै कोर्टमा पुग्न नसकेपछि लुम्बिनीलाई वाक ओभर दिँदै विजयी घोषणा गरिएको थियो । उद्घाटन दिन विभागीय टोली त्रिभुवन आर्मी क्लब र गण्डकी प्रदेशले विजयी सुरुआत गरेका छन् । आर्मीले लुम्बिनी प्रदेशलाई २१-१५ र २१-११ को सेटमा पराजित गऱ्यो । गण्डकीले आयोजकमाथि २१-११ र २१-१५ को सेटमा जित निकालेको हो ।

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

आर्थिक वर्ष २०७९/०८० को तेस्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित
अनुसूची-१४

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०७९/०८० को तेस्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिष्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण :

कम्पनीको हिसाबकिताबको लेखांकनअनुसार आर्थिक वर्ष २०७९/०८० (२०२२/२०२३) को २०७९ माघ १ देखि चैत ३० (जनवरी १५, २०२३ देखि अप्रिल १३, २०२३) सम्मको आर्थिक विवरण निम्नअनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०७९/०८० को तेस्रो त्रैमासिक अवधिको वासलात र नाफा-नोक्सानसम्बन्धी विवरण :
आर्थिक वर्ष २०७९/०८० को कम्पनीको तेस्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तीय विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।
तेस्रो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरूबीच कम्पनीको नियमित व्यावसायिक कारोबारबाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) कम्पनीको तेस्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तीय विवरणका प्रमुख वित्तीय अनुपात :

विवरण	यस आ.व.को तेस्रो त्रैमासिक अवधि (चैत ३०, २०७९ को अन्त्यमा)	यस आ.व.को दोस्रो त्रैमासिक अवधि (पुस ३०, २०७९ को अन्त्यमा)	गत आ.व.को तेस्रो त्रैमासिक अवधि (चैत ३०, २०७८ को अन्त्यमा)
ऋण पुँजीको अनुपात	१.८४	१.९४	२.१७
सेयरधनीको सेयर पुँजी कोषको प्रतिफल	०.०६	०.०४	(०.०१)
प्रतिसेयर आम्दानी (रु.)	५.०७	३.३६	(१.०३)
प्रतिसेयर नेटवर्थ (रु.)	७९.९३	७७.६४	७१.५९
प्रति सेयर कुल सम्पत्तिको मूल्य (रु.)	२३८.१०	२३७.९५	२३४.०९
प्रतिसेयर बजार मूल्य (रु. १००/-प्रतिसेयर) (रु.)	११५१.१०	१३०४	१३४३
प्राइस अर्निङ रेसियो (टाइम्स)	२२७.१७	३८८.५४	(१३००.४७)
चालू अनुपात	३.२८	३.०३	२.६३

२. व्यवस्थापकीय विश्लेषण :

(क) आर्थिक वर्ष २०७९/०८० को चैत मसान्तसम्मको तथ्यांकका आधारमा बाह्य तथा आन्तरीक पर्यटकहरूको भ्रमणमा उल्लेख्य सुधार भएको छ । गत आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रैमासिक समीक्षा अवधिमा कम्पनीको कुल आम्दानी रु. ४४ करोड ४० लाख तथा करपछिको खुद नोक्सानी रु. १ करोड ५८ लाख रहेकोमा यस आ.व. को सोही अवधिमा कम्पनीको कुल आम्दानीमा वृद्धि भई रु. ६० करोड ९० लाख र करपछिको खुद नाफा रु. ७ करोड ७७ लाख पुगेको छ ।

(ख) यस समीक्षा अवधिमा कम्पनी परिसरभित्र विभिन्न साहसिक गतिविधिका नयाँ योजनाहरूअन्तर्गत फ्री फल जम्पको निर्माण कार्य सम्पन्न गरी अन्तिम परीक्षण पश्चात् सञ्चालनको तयारी गरिएको छ । यस किसिमको जम्प नेपालमा नै नयाँ खालको हुने र यसबाट थप पर्यटकले साहसिक मनोरञ्जनको फाइदा उठाउन सक्ने अपेक्षा गरिएको छ । यसका अतिरिक्त अन्य गतिविधिहरू। जस्तै : क्यानोपी वाक, स्काई साइक्लिङ लगायतका परियोजना निर्माण कार्यको सुरुवात गरिएको छ । यसबाट कम्पनीको आयमा समेत थप वृद्धि हुने अपेक्षा गरिएको छ ।

(ग) हालको प्रतिस्पर्धी पर्यटन बजारमा यस चन्द्रागिरि हिल्स लिमिटेडको अद्वितीय प्राकृतिक वातावरण तथा उपलब्ध साधनहरूको समुचित उपयोग गरी ग्राहक केन्द्रित उत्कृष्ट सेवा प्रदान गर्दै कम्पनीको आम्दानीमा उल्लेख्य सुधार गर्न तथा खर्चमा मितव्ययिता अपनाई अनावश्यक खर्च कटौती एवं नियन्त्रण गरी नाफामा उल्लेख्य सुधार गर्ने रणनीतिमा रहेको छ । यसका लागि व्यवस्थापन पक्षबाट सञ्चालकहरूसँगको छलफलपश्चात् कम्पनीका सेयरधनीहरूका लागि विशेष छुटसहितको प्याकेज सञ्चालन, प्रत्येक शुक्रबार सन्ध्याकालीन केवलकार टिकटमा विशेष छुटसहित सेवा दिने नयाँ योजनाहरू सुरुवात भइसकेको र आगामी दिनमा समेत नयाँ नयाँ योजना तथा प्याकेज बनाई उपलब्ध गराउने योजना रहेको छ ।

(घ) सहवित्तीयकरण कर्जा एवं चालू पुँजीको साँवा-ब्याज तोकिएको समयमा भुक्तानी गरिँदै आएको छ ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :

(क) आर्थिक वर्ष २०७९/०८० को तेस्रो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनीउपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७९/०८० को तेस्रो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७९/०८० को तेस्रो त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा सञ्चालकविरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) सेयरको कारोबारमा हुने उतारचढाव खुला बजारले निर्धारण गरेको मूल्य र मान्यताअनुरूप निर्देशित हुने गरेको छ । सेयरको कारोबारसम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७९/०८० को तेस्रो त्रैमासिक अवधिमा प्रतिसेयर रु १००/का दरको सेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या देहायबमोजिम रहेको छ :

तेस्रो त्रैमासिक (२०७९ चैत ३० (तदनुसार अप्रिल १३, २०२३ सम्म)	सेयर कारोबार-मूल्य (रु.)			कुल सेयरको कारोबार-दिन र संख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कुल कारोबार सेयर संख्या
	१४००	११००	११५१.१०	५६	४६०२	१८४,७६१

५. समस्या तथा चुनौती :

(क) समस्या तथा चुनौतीहरू :

(अ) आन्तरिक

१. यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

(आ) वाह्य

१. यस समीक्षा अवधिसम्ममा पनि रुस र युक्रेनबीचको युद्ध केही मत्थर देखिए पनि यसबाट अन्तर्राष्ट्रिय स्तरमा देखा परेको आर्थिक मन्दीको प्रभाव नेपालमा पनि परेको ।

२. पर्यटकीय पूर्वाधारको विकासको सुस्त गतिमा भएका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा विस्तार हुन नसक्नु ।

३. अस्थिर राष्ट्रिय नीति नियमका कारण पर्या-पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव ।

४. विश्वव्यापी रूपमा भएको मूल्य वृद्धि र यसले नेपालमा पारेको प्रभाव, देशको आर्थिक र राजनीतिक अवस्था र विभिन्न यात्र निर्देशनबाट पर्ने प्रभाव ।

५. आकस्मिक रूपमा आइपर्ने असहज परिस्थिति, सरकारको आर्थिक नीतिमा हुने परिवर्तन ।

६. विदेशी विनियम दरमा आउने परिवर्तन ।

(ख) रणनीति :

क. कम्पनीप्रति आम जनमानसबाट प्राप्त सकारात्मक सोच तथा कम्पनीको व्यवस्थापनको कार्यकुशलता अतिरिक्त समयसापेक्ष अपनाइएका विभिन्न रणनीतिको परिणामस्वरूप स्वदेश तथा विदेशबाट भ्रमणमा आउने पर्यटकहरूको अघिल्लो समीक्षा अवधिको तुलनामा यस समीक्षा अवधिमा वृद्धि हुनुका साथै रिसोर्टमा आई बास बस्ने र विभिन्न गोष्ठी सेमिनार सञ्चालन गर्न आउनेको संख्यामा वृद्धि भएको छ ।

ख) कम्पनीमा उपलब्ध सबै संयन्त्र र संरचनाको समुचित उपयोग, सञ्चालन खर्चमा मितव्ययितासहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीको आम्दानीमा वृद्धि हुने गरी बजार व्यवस्थापन गर्नेतर्फ उच्च प्राथमिकता दिइएको छ ।

ग) चन्द्रागिरि हिल्समा आउने पर्यटकहरूको भ्रमणलाई थप आकर्षक तथा उत्प्रेरित गर्नका लागि कम्पनीको तर्फबाट विशेष प्रकारको सदस्यता प्रदान गर्ने कार्यक्रम तथा कम्पनीका सेयर सदस्यहरूका लागि विशेष छुटसहितको नयाँ योजना लागू गरिएको छ ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदमसम्बन्धी विवरण :

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनोट गरी लेखापरीक्षण गराउने तथा लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशनसमेत दिने गरेको छ ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ, आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समितिसमक्ष पेस गर्ने गरी सोमाथि विस्तृत छलफल हुने गरेको ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरूको पूर्ण परिपालनासहित अन्य प्रचलित ऐन तथा कानुनबमोजिम पूरा गर्नुपर्ने मापदण्डहरूको पूर्ण पालना गर्दछ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य, र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

अनुसुची १
Chandragiri Hills Limited
Kathmandu, Nepal

STATEMENT OF UNAUDITED FINANCIAL RESULTS
As on Chaitra 30, 2079 BS (13th Apr 2023)

Particulars	Upto this Quarter ending on Chaitra 30 2079 BS (13th Apr 2023) (Unaudited)	Upto Previous Quarter ending on Poush 30 2079 BS (14th Jan 2023) (Unaudited)	Corresponding Previous Year Quarter ending on Chaitra 30 2078 BS (13th Apr 2022) (Unudited)
ASSET			
Non-Current Asset			
(a) Fixed Asset			
(i) Property, Plant and Equipment	2,989,583,215	2,997,426,835	3,042,117,355
(ii) Intangible Asset	4,239,028	4,362,260	4,563,950
(iii) Capital Work in Progress	-	-	25,830,908
(iv) Right of Use of Asset	46,690,605	46,690,605	
(b) Long term Investment	315,700,000	315,700,000	238,100,000
Deferred tax asset			4,000,054
Total of Non- Current Asset	**3,356,212,848**	**3,364,179,699**	**3,314,612,267**
Current Assets			
(a) Inventories	42,483,231	43,718,359	34,641,712
(b) Account Receivables	31,665,657	23,504,325	30,654,359
(c) Cash & Cash Equivalent	90,667,986	81,564,602	50,012,923
(d) Loans & Advances	109,160,354	120,684,577	91,040,810
(e) Other Current Assets	22,497,268	16,725,958	70,167,783
Total of Current Asset	**296,474,497**	**286,197,821**	**276,517,587**
Total Asset	**3,652,687,344**	**3,650,377,520**	**3,591,129,855**
EQUITY & LIABILITIES			
Equity, Reserve and Surplus			
(a) Share Capital	1,534,091,000	1,534,091,000	1,534,091,000
(b) Reserve and Surplus	(307,898,385)	(342,949,192)	(435,856,370)
Total Equity, Reserve and Surplus	**1,226,192,615**	**1,191,141,808**	**1,098,234,630**
Non- Current Liabilities			
(a) Long-term borrowings	2,279,513,032	2,308,044,282	2,387,797,949
(b) Deferred Tax Liabilites	9,912,329	9,912,329	
(c) Lease Liability	46,690,605	46,690,605	
Total of Non-Current Liabilities	**2,336,115,966**	**2,364,647,216**	**2,387,797,949**
Current Liabilities			
(a) Duties & Taxes	6,420,455	3,227,042	3,746,383
(b) Account payable	31,952,579	26,994,872	29,525,646
(c) Other Current Liabilities	52,005,730	64,366,583	71,825,247
Total of Current Liabilities	**90,378,764**	**94,588,497**	**105,097,276**
Total Equity and Liabilities	**3,652,687,344**	**3,650,377,520**	**3,591,129,855**

STATEMENT OF PROFIT & LOSS FOR THE PERIOD ENDED
on Chaitra 30, 2079 BS (13th April 2023)

Particulars	Upto this Quarter ending on Chaitra 30 2079 BS (13th Apr 2023) (Unaudited)	Upto Previous Quarter ending on Poush 30 2079 BS (14th Jan 2023) (Unaudited)	Corresponding Previous Year Quarter ending on Chaitra 30 2078 BS (13th Apr 2022) (Unudited)
Revenue from Operation	629,022,363	408,258,050	444,026,087
Cost of sales	83,157,227	50,418,987	80,166,169
Gross Income	**545,865,136**	**357,839,063**	**363,859,918**
Other Income	4,409,626	4,280,283	2,919,941
Expenses			
Employee Benefits Expenses	90,978,837	59,237,668	59,621,953
Administrative and Other Expenses	84,815,901	50,924,420	66,472,444
Total Expenses	**175,794,738**	**110,162,088**	**126,094,398**
Profit Before Interest, Depreciation and Tax	**374,480,024**	**251,957,258**	**240,685,461**
Finance costs	206,688,469	134,566,225	153,819,743
Profit Before Depreciation and Tax	**167,791,555**	**117,391,033**	**86,865,718**
Depreciation and Amortization Expenses	90,055,877	65,903,918	102,708,333
Profit before extra ordinary items and taxes	**77,735,678**	**51,487,115**	**(15,842,615)**
Extra ordinary item			
Profit before taxes			
Tax Expenses			
Current Tax			
Deferred Tax			
Profit (Loss) for the period from continuing operations	**77,735,678**	**51,487,115**	**(15,842,615)**
Profit /(Loss) from dis-continuing operations			
Tax expenses of dis-continuing operations			
Profit (Loss) for the period from dis-continuing operations			
Profit/(Loss) for the period	**77,735,678**	**51,487,115**	**(15,842,615)**
Earning per equity share:			
Basic Earning per share	5.07	3.36	(1.03)
Diluted Earning per share	5.07	3.36	(1.03)

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com